# कृष्णपुर नगरपालिकाको वस्तुगत विवरण

# MUNICIPAL PROFILE OF KRISHNAPUR MUNICIPALITY

## कृष्णपुर, कञ्चनपुर - २०७७



प्रकाशक
नगरपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर जिल्ला,
सुदूरपश्चिम प्रदेश,
नेपाल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# कृष्णपुर नगरपालिकाको वस्तुगत विवरण

**MUNICIPAL PROFILE OF KRISHNAPUR MUNICIPALITY**

२०७७

नगरपालिकाको कार्यालय

गुलरिया, कञ्चनपुर जिल्ला,

सुदूरपश्चिम प्रदेश, नेपाल

| | |
|---|---|
| दस्तावेज | कृष्णपुर नगरपालिकाको वस्तुगत विवरण |
| प्रकाशक | नगरपालिकाको कार्यालय, गुलरिया, कञ्चनपुर जिल्ला, सुदुरपशचिम प्रदेश, नेपाल |
| Website | www.krishnapurmun.gov.np |
| Email | info@krishnapurmun.gov.np, |
| | ito.krishnapurmun@gmail.com |
| प्रकाशन वर्ष | २०७८ |
| प्रकाशन परिणाम | |
| सम्पादन मण्डल | प्रमुख प्रशासकीय अधिकृतः श्री शिव सिंह भण्डारी |
| | लेखा अधिकृतः श्री खेम राज ओझा |
| | प्रशासकीय अधिकृतः श्री प्रेम ब. बिष्ट |
| | सूचना अधिकारीः श्री प्रम बोगटी |
| | सुचना प्रविधि अधिकृतः श्री मदन राज पाण्डेय |
| | ईन्जिनियरः ई. श्री दिपेन्द्र कुँवर |
| प्रकाशन सहयोगी | |
| मुद्रक | |
| तयार पार्ने | Nepal Environmental Resources Organization (NERO) Pvt. Ltd., Kathmandu Nepal |

*यस प्रकाशनमा साभार गरिएका तथ्याङ्कहरु तथ्याङ्क कार्यालय, महेन्द्रनगर बाट अनमोदन भएको मानिने छैन ।यस प्रकाशनमा प्रकाशित तालिका तथा तथ्याङ्क हरु साभार गर्दा यस प्रकाशन तथा कार्यालयको श्रोत खुलाएर मात्र साभार गर्न सकिनेछ ।*

© सर्वाधिकारः कृष्णपुर नगरपालिकाको कार्यालय, कञ्चनपुरमा निहित

कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल
फोनः ०९९--४१२०४६

# १. नगर प्रमुखको तर्फबाट व्यक्त शुभकामना

कृष्णपुर नगरपालिका कञ्चनपुरको वस्तुगत विवरण (Municipal Profile) तयार गरेकोमा मलाई अत्यन्त खुशी लागेको छ । कुनैपनि योजना वा कार्यक्रम तर्जुमा गर्नका निमित्त तथ्यपरक र वस्तुगत तथ्याङ्कको महत्वपूर्ण भूमिका रहन्छ । यिनै कुरालाई ध्यानमा राखि तथ्याङ्क संकलन तथा विश्लेषण गरिएको छ भन्ने कुरामा म विश्वस्त छु । स्थानीय सरकार संचालन ऐन, २०७४ द्वारा प्रदत्त अधिकार क्षेत्र भित्र रही स्थानीय निकायले गुणस्तरीय तथा प्रभावकारी सेवा दक्षताका साथ योजनावद्ध ढंगबाट सञ्चालन गर्नुपर्ने मान्यताका आधारमा कृष्णपुर नगरपालिकाले आफ्नो वस्तुगत विवरण तयार गरेको छ । यस वस्तुगत विवरणलाई नगरपालिकाको योजना तर्जुमा, कार्यान्वयन लगायतका प्रक्रियामा आधार बनाईएमा समानुपातिक रुपमा समग्र विकासका लागि सहज हुने कुरामा विश्वास लिइएको छ ।

नेपालको संविधान २०७२, ले तिन तहको सरकारको अवधारणा ल्याए संगै नेपालमा ७५३ स्थानीय तह रहेकोमा उक्त तोकिएका नयाँ संरचनाहरुको जानकारी प्राप्त गर्नका लागि यस बस्तुगत विवरणले धेरै सहयोग पुर्याउने छ । यस महत्वपूर्ण कार्यलाई सफल बनाउन प्रत्यक्ष योगदान पुर्याउने यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, सुचना प्रविधि अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, सबै राजनीतिक दलका प्रतिनिधीज्यूहरु, एकिकृत योजना तर्जुमा समिति, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, वडा कार्यालयका सचिवहरु, नगरस्तरका विभिन्न सञ्जालहरूका साथै परामर्शदाताप्रति हार्दिक आभार प्रकट गर्दै यस कृष्णपुर नगरपालिकाको वस्तुगत विवरण तयार गर्ने कार्यमा प्राविधिक सहयोग गर्ने Nepal Environmental Resources Organization (NERO), काठमाण्डौ लाई विशेष धन्यवाद दिन चाहन्छु र नगरपालिकाको वार्षिक तथा आवधिक योजना तर्जुमा, स्थानीय आवश्यकताको पहिचान, आन्तरिक श्रोत परिचालन लगायतका क्षेत्रमा यो वस्तुगत विवरण महत्वका साथ प्रयोगमा ल्याउनका लागि सबैको सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !

कर्ण बहादुर हमाल

नगर प्रमुख

कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल
फोनः ०९९--४१२०४६

## २. नगरपालिका उप–प्रमुखको तर्फबाट व्यक्त शुभकामना

कञ्चनपुर जिल्ला कृष्णपुर नगरपालिकाको वस्तुगत विवरण तयार गरि प्रस्तुत गर्न पाउदा कार्यालय परिवार हर्षित भएको छ । नगरपालिकामा आफ्नो क्षेत्र भित्रको भौगोलिक, आर्थिक, सामाजिक, शैक्षिक, साँस्कृतिक एवं समग्र पक्षहरूको चित्रण हुने गरी स्थानिय निकायहरूले आफ्नो नगरको बस्तुगत विवरण तयार गर्नु पर्ने स्थानीय सरकार संचालन ऐन २०७४ को व्यवस्था अनुरुप नगरपालिकाको कार्यालय गुलरिया , कञ्चनपुरबाट पनि नगरको सर्वाङ्गिण पक्षहरूको विस्तृत विवरण सहितको परिमार्जित एवम संसोधित तथ्यांकीय विवरण स्वरुप यो वस्तुगत विवरण तयार गरिएको छ । यस अध्ययन कार्यमा नगरपालिकालाई विभिन्न क्षेत्रबाट प्राविधिक, परामर्श तथा रायसुझाव प्राप्त भएको छ जसको परिणामस्वरुप यो कार्यालयले आफ्नो वस्तुगत विवरण तयार गर्न सफल भएको छ । यो वस्तुगत विवरण तयार पार्नका लागि परामर्श तथा प्राविधिक सहयोग गरि यस अध्ययन कार्य सफल पार्न योगदान गर्ने नगरपालिकाका सम्पूर्ण परिवार प्रति हार्दिक आभार प्रकट गर्दछ । यसैगरी यस वस्तुस्थिति विश्लेषण र निर्माण कार्यमा सहजिकरण गर्ने र आवश्यक परामर्श प्रदान गर्ने, विभिन्न तहका छलफल कार्यमा सहजिकरण तथा तथ्यांक संकलन गर्नुहुने यस निकायमा क्रियाशिल राजनैतिक दलका निर्वाचित पदाधिकारीज्यूहरु, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, कार्यालयका सामाजिक परिचालकहरू लगायत सम्पूर्ण सरोकारवालाहरु प्रति नगरपालिका सदैव आभारी छ । अध्ययनको क्रममा प्रारम्भिक प्रतिवेदन पुनरावलोकन, अपुग तथ्याङ्क संकलन तथा विश्लेषण, नगरस्तरीय छलफल गरि अन्तिम प्रतिवेदन तयारीमा सहयोग गर्नु हुने परामर्शदाता र कृष्णपुर नगरपालिकाको वस्तुगत विवरण सम्बन्धी अध्ययन कार्यमा सहभागी भई रचनात्मक सुझाव र सहयोग दिनु हुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद सहित हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ।

रमिता राना बडायक

नगर उप-प्रमुख

कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल
फोनः ०९९--४१२०४६

## ३.प्रमुख प्रशासकीय अधिकृतको तर्फबाट व्यक्त शुभकामना

कञचनपुर जिल्लाको पुर्वी सिमानामा पर्ने कृष्णपुर नगरपालिकाको वस्तुगत विवराण (Municipal Profile) सम्बन्धी अध्ययन कार्य नगरपालिकाले तयार गरि प्रस्तुत गर्न पाउँदा हामी हर्षित भएका छौं । यस अध्ययन कार्यमा नगरपालिकालाई विभिन्न क्षेत्रबाट प्राविधिक सहयोग, परामर्श तथा रायसुझाव प्राप्त भएको छ जसको परिणामस्वरुप यो वस्तुगत विवरण तयार गर्न नगरपालिका सफल भएको छ । वस्तुगत विवरण तयार गर्न प्राविधिक सहयोग गरि यस अध्ययन कार्यलाई सफल पार्न योगदान गर्ने Nepal Environmental Resources Organization, काठमाण्डौ , प्रति सर्वप्रथम नगरपालिका परिवार हार्दिक आभार प्रकट गर्दछ । यसैगरी यस वस्तुगत विवरण (Municipal Profile) निर्माण कार्यमा सहजिकरण गर्ने र आवश्यक परामर्श प्रदान गर्ने, विभिन्न तहका छलफल कार्यमा सहजिकरण तथा तथ्यांक संकलन कार्यमा सहयोग पुर्याउनु हुने क्रियाशिल राजनैतिक दलका निर्वाचित पदाधिकारीज्यूहरु, योजना शाखा, सुचना प्रविधि शाखा, अन्य विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, कार्यालयका सामाजिक परिचालकहरू लगायत सम्पूर्ण सरोकारवालहरु प्रति नगरपालिकाको तर्फबाट आभार व्यक्त गर्दछु । अध्ययनको क्रममा प्रारम्भिक प्रतिवेदन पुनरावलोकन, अपुग तथ्याङ्क संकलन तथा विश्लेषण, नगरस्तरीय छलफल गरी अन्तिम प्रतिवेदन तयारीमा सहयोग गर्नु हुने परामर्शदाता र नारायण नगरपालिकाको वस्तुगत विवरण (Municipal Profile) सम्बन्धी अध्ययन कार्यमा सहभागी भई रचनात्मक सुझाव र सहयोग दिनु हुने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद्सहित हार्दिक आभार प्रकट गर्न चाहन्छौं ।

शिव सिंह भण्डारी

प्रमुख प्रशासकिय अधिकृत

# विषय सुचि


१. नगर प्रमुखको तर्फबाट व्यक्त शुभकामना २

२. नगरपालिका उप–प्रमुखको तर्फबाट व्यक्त शुभकामना ३

३. प्रमुख प्रशासकीय अधिकृतको तर्फबाट व्यक्त शुभकामना ४

१. पृष्ठभुमी १

१.१. अध्ययनका उद्देश्यहरु १

१.२. अध्ययनको महत्व २

१.३. अध्ययनको औचित्य २

१.४. अध्ययन विधि ३

१.५. अध्ययनको क्षेत्र र सिमा ३

२. नगरपालिका परिचय ४

२.१. नामाकरण तथा ऐतिहासिक पृष्ठभूमि ४

२.२. भौगोलीक अवस्थिती ४

२.३. राजनीतिक तथा प्रशासनिक विभाजन ५

२.४. मुख्य वस्ती सम्बन्धी विवरण ७

३. जनसंख्या विवरण ९

३.१. जनसंख्या वितरणको अवस्था ९

३.२. वडागत जनसंख्या विवरण ९

३.३. उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण ११

३.४. आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था १२

३.५. मातृभाषाको आधारमा जनसंख्याको विवरण १३

३.६. नगरपालिकाको जातिगत विवरण १४

३.७. धर्मको आधारमा जनसंख्याको विवरण १४

३.८. अपांगता परिचयपत्र लिएका व्यक्तिहरुको विवरण १५

३.९. परिवारको स्वामित्वमा रहेको जग्गा जमिन सम्वन्धि विवरण १५

३.१०. घर तथा जमिनमा महिलाको स्वामित्व हुने परिवारको विवरण १६

४. सामाजिक पूर्वाधार तथा सेवा १७

४.१. शिक्षा १७

४.१.१. शाक्षरता दर १८
४.१.२. शैक्षिक संस्थाहरूको विवरण १८
बालविकास केन्द्रको विवरण १९
विद्यालयको विवरण २१
विश्वविद्यालय तथा क्याम्पसहरू २८
शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू २८
४.२. स्वास्थ्य २९
४.२.१. नगरपालिकामा देखा परेका १० प्रमुख रोगहरूको विवरण ३०
४.२.२. नियमित खोप ३०
४.२.३. सुरक्षित मातृत्वको अवस्थाको विवरण ३०
४.२.४. खोपको विवरण ३२
४.२.५. पोषण सम्वन्धी विवरण ३३
४.३. महिला तथा बालबालिका ३४
४.३.१. महिला सम्बन्धी विवरण ३४
महिला सहकारी संस्था ३६
४.४. सामाजिक सुरक्षा प्राप्त व्यक्तिको विवरण ३६
४.४.१. सामाजिक सूरक्षा भत्ता ३६
४.४.२. अपांगताका आधारमा जनसंख्या ३९
४.४.३. व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण ४०
५. भौतिक तथा सार्वजनिक पुर्वाधार ४१
५.१. सडक, सवारी तथा यातायात ४१
५.१.१. बिद्यमान सडक सञ्जाल ४१
५.१.२. यातायात सेवा ४२
५.१.३. पुल तथा पुलेसा सम्बन्धी विवरण ४२
५.१.४. टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय ४३
५.१.५. वडा केन्द्रबाट नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय ४३
५.२. भवनको विवरण ४४
५.२.१. छानाको प्रकार को आधारमा घरधुरी विवरण ४४

५.२.२. बाहिरी भित्ताको आधारमा घरधुरी विवरण ४४
५.२.३. घरमा हालेको जगको आधारमा घरधुरी विवरण ४४
५.२.४. नगरपालिकाका हालका भवनहरू ४४
५.२.५. वडा कार्यालयको भवनहरु सम्बन्धी विवरण ४५
५.२.६. सामुदायिक तथा सार्वजनिक भवनहरूको विवरण ४५
५.२.७. सार्वजनिक पाटीपौवा र चौतारा सम्बन्धि विवरण ४५
५.३. सञ्चार ४६
५.३.१. टेलिफोन/मोबाइल ४६
५.३.२. हूलाक सेवा ४६
५.३.३. पत्रपत्रिका ४६
५.४. विद्युत तथा सौर्य उर्जा ४७
५.४.१. इन्धनको प्रयोगको आधारमा घरपरिवारको विवरण ४७
५.४.२. बत्तीको प्रयोगको आधारमा घरपरिवार विवरण ४७
५.४.३. बिजुलीको मिटर जडान भएका परिवारको विवरण ४७
५.५. खानेपानी, सरसफाई तथा ढल निकास ४८
५.५.१. खानेपानी ४८
५.५.२. खानेपानीको स्रोतको आधारमा परिवारहरूको विवरण ४८
५.५.३. परिवारले प्रयोग गरेको शैचालायाको किसिमको अनुसार आधारमा परिवारको विवरण ४८
६. आर्थिक क्षेत्र तथा रोजगार स्थिति ५०
६.१. नगरपालिकाको वित्तिय स्थिति ५०
६.१.१ व्यापारिक केन्द्रहरुको विवरण ५०
६.१.२. औषत मासिक पारिवारिक आम्दानी विवरण ५०
६.१.३. औषत मासिक पारिवारिक बचत विवरण ५१
६.१.४ आर्थिक वर्ष २०७६/७७ एवं २०७७/०७८ को चैत्र महिना सम्म भएको विभिन्न शिर्षकमा करहरुको विवरण ५१
६.१.५. नगरपालिकाको आय/व्ययको विवरण ५२
६.१.६. नगरपालिकाको रोजगारी अवस्था ५३
६.२. कृषि ५४
६.२.१. कृषिजन्य बाली सम्बन्धी विवरण ५४

प्रमुख बाली ५५
कृषि बालीमा लाग्ने रोग ५५
बाली पात्रो ५५
६.२.२. जग्गाको किसिम अनुसारको विवरण (बिघा/रोपनी) ५६
सिचाइ ५७
जग्गाको उर्वराशक्ति ५७
६.२.३. कृषि बजारीकरण ५७
६.२.४. कृषि पकेट क्षेत्रको विवरण ५८
६.२.५. कृषक उद्यमी तथा बचत समूहहरूको विवरण ५८
६.२.६. कृषि उत्पादनमा आबद्ध घरधुरीको विवरण ५९
६.३. पशुपालन ५९
६.३.१. पशु नक्ष ६०
६.३.२. पशुधन तथा सोबाट हुने उत्पादनको विवरण ६०
६.३.३. पशुपंक्षीमा लाग्ने रोगहरू ६१
६.३.४. पशुपंक्षी फार्महरूको विवरण ६२
६.३.५. नगरपालिकामा दुग्ध बजारीकरण ६६
६.३.६. नगरपालिकामा पशुपालन ६७
६.३.७. नगरपालिकामा मत्सय पालन ६९
६.३.८. नगरपालिकामा माछा मासु दैनिक विक्री ७०
६.३.८. नगरपालिकामा पशु स्वास्थ्य सेवा ७१
६.४. उद्योग, बैंक तथा सहकारी ७२
६.४.१. उद्योग सम्बन्धी विवरण ७२
६.४.२. बैंक तथा वित्तीय संस्थाहरूको विवरण ७६
६.४.३. सहकारी संस्थाको विवरण ७६
६.४.४. संचालकको लिङ्ग अनुसार उद्योग तथा व्यवसायिक फर्मको विवरण ७९
६.४.५. व्यापारिक केन्द्रहरूको विवरण ७९
७. वन तथा वातावरण ८३
७.१. भौतिक वातावरण ८३

७.१.१. भौगोलिक अवस्थित ८३

७.१.२. उचाइ ८३

७.१.३. ढलान ८४

७.२. वन तथा जैविक विविधता ८५

७.२.१. प्राकृतिक वन तथा वनस्पती ८५

७.२.२. जैविक विविधता सम्वन्धी विवरण ८७

७.२.३. वन सम्बन्धी विवरण ८८

सामुदायिक वन ८८

धार्मिक वन ९०

कबुलियती वन ९१

सरकारद्वारा व्यवस्थित वन ९१

७.२.४. वन पैदावारको माग र आपूर्ति ९२

७.२.५. वन संरक्षणका लागि चाल्नु पर्ने कदम ९२

७.३. हावापानी सम्बन्धी विवरण ९३

७.४. जलश्रोत ९४

७.५. भू—उपयोग ९५

७.५.१. नगरपालिकाको वर्तमान भू—उपयोग ९५

७.५.२. नगरपालिकाको प्रस्तावित भू—उपयोग ९६

७.६. खानी तथा खनिज ९८

७.७. मुख्य वातावरणीय समस्याका प्रकारको विवरण ९८

७.८. फोहरमैला व्यवस्थापन ९८

७.९. विपद् व्यवस्थापन ९८

७.९.१. विपद्को ऐतिहासिक विवरण ९९

७.९.२. नगरपालिकामा हुनसक्ने प्रकोप र जोखिम सम्बन्धि विवरण १००

७.९.३. नगरपालिकामा हुन सक्ने बिपद्को स्तरीकरण १०१

७.९.४. प्राकृतिक प्रकोप पात्रोको विवरण १०२

७.९.५. संस्थागत विश्लेषण १०२

७.९.६. प्राकृतिक विपद् वा प्रकोपको जोखीम नक्शाकंन १०४

७.९.७. स्रोतको उपलब्धता तथा पहुँच १०५
८. विविध १०६
८.१. नगरपालिकाको संगठनात्मक ढाँचा १०६
८.२. नगरपालिकासँग साझेदारी गरेका संघ संस्थाहरू १०६
८.३. नगरपालिका आफैले बनाएका नियम-विनियमहरूको विवरण १०९
८.४. नगरपालिका क्षेत्रका सरकारी कार्यालयहरूको विवरण ११०
८.५. सार्वजनिक पाटीपौवा र चौतारा सम्बन्धि विवरण १११
८.६. खेलमैदान सम्बन्धि विवरण १११
८.७. कृष्णपुर नगरपालिकाको हालसम्मका प्रमुख तथा उप प्रमुखहरुको विवरण १११
८.८. नगरपालिकाको कार्यालयमा हाल कार्यरत कर्मचारीहरूको विवरण ११२
८.९. निर्वाचित जनप्रतिनिधीको विवरण ११६
८.१०. कृष्णपुर नगरपालिकाका समिति तथा विषयगत समितिहरु ११७
८.११. कार्यपालिकाको विवरण १२०
८.१२. महिला स्वास्थ्य स्वयंसेविकाहरू १२०

# तालिका सूची

तालिका २-१: नगरपालिका पुनर्संरचना २०७३ ..... ६
तालिका २-२: बस्ती विवरण..... ८
तालिका ३-१: संक्षिप्त जनसंख्या विवरण ..... ९
तालिका ३-२: कृष्णपुर नगरपालिकाको वडा अनुसार जनसङ्ख्या वितरण..... १०
तालिका ३-३: वडागत उमेर तथा लिगंका आधारमा विभिन्न उमेर समुहको जनसंख्याको विवरण...... ११
तालिका ३-४: मातृभाषा अनुसार कृष्णपुर नगरपालिकाको जनसङख्या विवरण..... १३
तालिका ३-५: वडा अनुसार जातजातिको विवरण ..... १४
तालिका ३-६: अपांगता किसिमको आधारमा जनसंख्या ..... १५
तालिका ३-७: अपाङ्गता परिचयपत्रको किसिमको आधारमा..... १५
तालिका ३-८: बसोबास गरिरहेकाघरको स्वामित्वको आधारमा परिवार..... १५
तालिका ३-९: घर र जग्गामा महिलाको स्वामित्व भएका परिवार सङ्ख्या..... १६
तालिका ४-१: ५ वर्ष वा सो भन्दा वढी उमेरका जनसङ्ख्याको साक्षरता दर..... १८
तालिका ४-२: नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण..... १८
तालिका ४-३ : नगरपालिका अन्तरगतका विद्यालयहरुमा भएको बाल विकास केन्द्र आधारभूत तह र माध्यमिक तह को विद्यालयगत विध्यार्थी विवरण २०७७ ..... २२
तालिका ४-४ : नगरपालिका अन्तरगतका विद्यालयहरुमा भएको आधारभूत तह (१-८) र माध्यमिक तह (९-१२) को विद्यालयगत रुपमा शिक्षक दरवन्दि विवरण २०७७..... २४
तालिका ४-५ : कृष्णपुर नगरपालिका अन्तरगतका सम्पुर्ण सामुदायिक विद्यालयका प्र.अ. विवरण २०७७ ..... २५
तालिका ४-६ : कृष्णपुर नगरपालिका क्षेत्रभित्र रहेका क्याम्पसहरुको विवरण..... २८
तालिका ४-७: स्वास्थ्य संस्थाहरूको विवरण..... २९
तालिका ४-८ : नगरपालिकामा देखापरेको प्रमुख रोग ..... ३०
तालिका ४-९: सुरक्षित मातृत्वको विवरण..... ३१
तालिका ४-१०: खोप सम्बन्धी विवरण..... ३२
तालिका ४-११: विगत ३ वर्षमा पोषणको अवस्था ..... ३३
तालिका ४-१२: महिला हिंसा सम्बन्धी विवरण..... ३५
तालिका ४-१३: महिला सहकारी संस्था सम्बन्धी विवरण..... ३६
तालिका ४-१४: नगरपालिकामा सामाजिक सूरक्षा भत्ता पाएका व्यक्तिहरूको विवरण..... ३७
तालिका ४-१५: २०७७ बैशाख महिना देखि २०७७ चैत्र मसान्त सम्मको व्यक्तिगत घटना दर्ताको विवरण..... ४०
तालिका ५-१: सडक सञ्जालको वर्तमान अवस्था..... ४१
तालिका ५-२: पुल सम्बनधी विवरण..... ४२
तालिका ५-३: टाढाको वस्ती देखी वडा केन्द्र सम्मको दुरी सम्बन्धी विवरण..... ४३
तालिका ५-४: वडा केन्द्र देखि नगरपालिका केन्द्र सम्म पुग्न लाग्ने समय सम्बन्धी विवरण..... ४३
तालिका ५-५: छानाको प्रकार को आधारमा नगरपालिकामा रहेको घरधुरी विवरण..... ४४

तालिका ५-६: बाहिरी भित्ताको प्रकारको आधारमा नगरपालिकामा रहेको घरधुरी विवरण............... ४४
तालिका ५-७: घरमा हालेको जगको प्रकारको आधारमा नगरपालिकामा रहेको घरधुरी विवरण........ ४४
तालिका ५-८: नगरपालिकाकाको भवनको विवरण............................................................ ४५
तालिका ५-९: नगरपालिकामा वडा कार्यालयको स्वामित्व वा भाडामा लिएका भवनहरु सम्बन्धी विवरण ...................................................................................................................... ४५
तालिका ५-१०: सामुदायिक भवनहरूको विवरण.............................................................. ४५
तालिका ५-११: सार्वजनिक पाटीपौवा र चौताराको विवरण................................................ ४५
तालिका ५-१२: खाना पकाउनको लागि इन्धन प्रयोग गर्ने परिवारको विवरण............................ ४७
तालिका ५-१३: बत्ती बाल्नको लागि इन्धन प्रयोग गर्ने परिवारको विवरण ................................ ४७
तालिका ५-१४: खानेपानीको स्रोतको आधारमा परिवारको विवरण .......................................... ४८
तालिका ५-१५: परिवारले प्रयोग गरेको शैचालायाको किसिमको अनुसार आधारमा परिवारको विवरण ४८
तालिका ६-१: कृष्णपुर नगरपालिकामा रहेका मुख्य व्यापारिक केन्द्रहरु.................................... ५०
तालिका ६-२: कृष्णपुर नगरपालिकाको औषत मासिक पारिवारिक आम्दानी विवरण..................... ५०
तालिका ६-३: वडागतरुपमा रोजगारीको अवस्था २०७६-७७................................................. ५३
तालिका ६-४: कृषिजन्य बाली सम्बन्धी विवरण ............................................................... ५५
तालिका ६-५: बाली पात्रो.......................................................................................... ५६
तालिका ६-६: कृष्णपुर नगरपालिका कृषि भूमी  बर्गीकरण................................................... ५६
तालिका ६-७: कृषक उद्यमी तथा बचत समूहहरूको विवरण................................................. ५८
तालिका ६-८: कृषि उत्पादनमा आबद्ध घरधुरीको विवरण .................................................. ५९
तालिका ६-९: पशुधन तथा सोबाट हुने उत्पादनको अवस्थासम्बन्धी विवरण .............................. ६०
तालिका ६-१०: पशुमा देखिएको रोगहरूको विवरण.......................................................... ६१
तालिका ६-११: पशुपन्छी पालन कृषक समितीहरूको विवरण ................................................ ६२
तालिका ६-१२: दूध विक्रि कर्ताहरुको विवरण ................................................................ ६६
तालिका ६-१३: कृष्णपुर नगरपालिकामा रहेका पशुपालनमा रहेका फारमहरुको विवरण............... ६७
तालिका ६-१४: कृष्णपुर नगरपालिकामा रहेका माछा फर्महरुको विवरण ................................ ६९
तालिका ६-१५: मासु पसलहरुको विवरण ....................................................................... ७०
तालिका ६-१६: नगरपालिकामा रहेका पशु औषधी पसल सम्बन्धि विवरण................................ ७१
तालिका ६-१७: ग्रामिण पशु स्वास्थ्य कार्यालय सम्बन्धि विवरण.......................................... ७२
तालिका ६-१८: उद्योग तथा व्यापारिक संस्था सम्बन्धी विवरण ........................................... ७३
तालिका ६-१९: उद्योगहरू सम्बन्धी विवरण................................................................... ७३
तालिका ६-२०: बैंक तथा वित्तिय संस्थाहरूको विवरण...................................................... ७६
तालिका ६-२१: सहकारी संस्थाको नामावली................................................................... ७६
तालिका ६-२२: व्यापारिक केन्द्रहरूको विवरण................................................................ ७९
तालिका ७-१: कृष्णपुर नगरपालिका क्षेत्र आसपास पाईने वनस्पतीहरु ..................................... ८५
तालिका ७-२: कृष्णपुर नगरपालिका क्षेत्र आसपास पाईने वन्यजन्तुहरु ...................................... ८६
तालिका ७-३: सामुदायिक वन व्यवस्थापनको विवरण.......................................................... ८९

तालिका ७-४: धार्मिक वनको विवरण ........................................................ ९०
तालिका ७-५: कबुलियती वनको विवरण ........................................................ ९१
तालिका ७-६: कृष्णपुर नगरपालिकाको भू-उपयोगको विवरण ........................................ ९५
तालिका ७-७: कृष्णपुर नगरपालिकामा विगत १० वर्षमा भएका प्रमुख बिपद्का घटना र क्षतिको विवरण ........................................................ ९९
तालिका ७-८: कृष्णपुर नगरपालिकामा हुनसक्ने प्रकोप र जोखिम सम्बन्धि विवरण .................. १००
तालिका ७-९: कृष्णपुर नगरपालिकामा हुनसक्ने बिपद्को स्तरीकरण .................................... १०१
तालिका ७-१०: प्राकृतिक प्रकोप पात्रोको विवरण ........................................................ १०२
तालिका ७-११: संस्थागत विश्लेषण ........................................................ १०३
तालिका ८-१: नगरपालिकामा रहेका संघ संस्थाहरूको विवरण ........................................ १०६
तालिका ८-२: कृष्णपुर नगरपालिकामा २०७७ असार मसान्तसम्म निर्माण भई राजपत्रमा प्रकाशित कानुनहरु ........................................................ १०९
तालिका ८-३: कृष्णपुर नगरपालिका क्षेत्रभित्र रहेका सरकारी कार्यालयहरुको विवरण ................ ११०
तालिका ८-४: सार्वजनिक पाटीपौवा र चौतारा सम्बन्धि विवरण ........................................ १११
तालिका ८-५: खेलमैदान सम्बन्धि विवरण ........................................................ १११
तालिका ८-६: कृष्णपुर नगरपालिकाको हालसम्मका प्रमुख तथा उप प्रमुखहरुको विवरण ............ १११
तालिका ८-७: कृष्णपुर नगरपालिका नगर कार्यपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण २०७७ ........................................................ ११२
तालिका ८-८ : कृष्णपुर नगरपालिकाका जनप्रतिनिधिहरुको नामावली तथा सम्पर्क नं. ................ ११६
तालिका ८-९: कृष्णपुर नगरपालिकाका समिति तथा विषयगत समितिहरुको विवरण .................. ११७
तालिका ८-१०: नगर कार्यपालिकाका नगर सभाका सदस्यहरूको विवरण ................................ १२०
तालिका ८-११: महिला स्वास्थ्य स्वयंसेविकाहरुको विवरण ............................................ १२०

# चित्र सुची

चित्र २-१: कृष्णपुर नगरपालिकाको परिचय ग्वासी समैजी मन्दिर ........ ४
चित्र २-२: कृष्णपुर नगरपालिका अवस्थित नक्सा ........ ५
चित्र २-३: कृष्णपुर नगरपालिकाको प्रशासनिक नक्सा ........ ६
चित्र २-४: कृष्णपुर नगरपालिकामा अवस्थित साविक र हालको वडा नक्सा ........ ७
चित्र २-५: कृष्णपुर नगरपालिकाको मुख्य वस्ती हरु ........ ८
चित्र ३-१: कृष्णपुर नगरपालिकाको जनघनत्व नक्सा ........ ११
चित्र ३-२: कृष्णपुर नगरपालिकाको जनसंख्या पिरामिड ........ १२
चित्र ३-३: वडागत रुपमा आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था ........ १३
चित्र ३-४: धर्मको आधारमा जनसंख्याको विवरण ........ १४
चित्र ४-१: कृष्णपुर नगरपालिकाको अपाङ्गताको आधारमा जनसंख्या विवरण ........ ३९
चित्र ५-१: कृष्णपुर नगरपालिकाम अवस्थित सडकहरु ........ ४२
चित्र ६-१: कृष्णपुर नगरपालिकाको औषत मासिक पारिवारिक बचत विवरण ........ ५१
चित्र ६-२: कृष्णपुर नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ एवं २०७७/०७८ को चैत्र महिना सम्म भएको विभिन्न शिर्षकमा करहरुको विवरण ........ ५१
चित्र ६-३: कृष्णपुर नगरपालिकाको कृषि भू-उपयोग वर्गीकरण, २०७४ ........ ५६
चित्र ६-४: कृष्णपुर नगरपालिकामा रहेको कृषि पाकेट क्षेत्र ........ ५८
चित्र ६-५: उद्योग व्यवसाय सञ्चालकको लिंग अनुसार उद्योग-व्यवसायिक फर्मको विवरण ........ ७९
चित्र ७-१: कृष्णपुर नगरपालिकाको भौगोलिक अवस्थिती ........ ८३
चित्र ७-२: कृष्णपुर नगरपालिकाको उचाइ नक्सा ........ ८४
चित्र ७-३: कृष्णपुर नगरपालिकाको ढलानको अवस्था ........ ८५
चित्र ७-४: कृष्णपुर नगरपालिकाको ढलानको अवस्था ........ ९२
चित्र ७-५: कृष्णपुर नगरपालिकाको मौसमको विवरण (तापक्रम, डिग्री से. मा) ........ ९३
चित्र ७-६: कृष्णपुर नगरपालिकाको मौसमको विवरण (बर्षा, मि.मि. मा) ........ ९४
चित्र ७-७: कृष्णपुर नगरपालिकाको जलश्रोतको नक्सा ........ ९४
चित्र ७-८: कृष्णपुर नगरपालिकाको भू-उपयोगको नक्सा ........ ९६
चित्र ७-९: कृष्णपुर नगरपालिकाको बाढी जोखिम नक्सा ........ १०४
चित्र ७-१०: कृष्णपुर नगरपालिकाको आगलागी जोखिम नक्सा ........ १०५
चित्र ७-११: स्रोतको उपलब्धता तथा पहुँच ........ १०५
चित्र ८-१: कृष्णपुर नगरपालिकाको संगठनात्मक ढाँचा ........ १०६

# १. पृष्ठभुमी

नेपालमा विकेन्द्रित शासन व्यवस्था भए सँगै अधिकार सम्पन्न स्थानीय सरकारको परिकल्पना गरेको छ । नेपालको संविधान २०७२ ले स्थानीय शासनको संवैधानिक व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार शासन संचालनमा केन्द्रिय, प्रादेशिक तथा स्थानीय सरकारको संरचना प्रस्ताव गरिएको छ । संविधानले गाउँपालिका र नगरपालिकालाई स्थानीय सरकार र जिल्ला तहमा विकास व्यवस्थापन तथा सेवा प्रवाह कार्यमा समन्वय गर्न जिल्ला परिषदको व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार स्थानीय तहमा समावेशी तथा लोकतान्त्रिक प्रणालीको अभ्यास र विकास प्रतिफलमा अभिवृद्धि गर्न स्थानीय शासनको अनुशरण गर्ने व्यवस्था उल्लेख गरिएको छ ।

स्थानीय सरकारलाई बलियो बनाउनका लागि नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका संसदले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बनाएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को (च) मा स्थानीय तथ्यांक र अभिलेख संकलन सम्बन्धी व्यवस्था गरेको छ । सो व्यवस्था अनुसार स्थानीय तथ्यांक सम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन गर्ने; आधारभूत तथ्यांक संकलन र व्यवस्थापन गर्ने; जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद, बसाइसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पंजीकरण व्यवस्थापन गर्ने; सूचना तथा सञ्चार प्रविधियुक्त आधारभूत तथ्यांकको व्यवस्थापन गर्ने; स्थानीय तथ्यांक र अभिलेख संकलन सम्बन्धी अन्य कार्य गर्ने व्यवस्था गरिएका छन् । सोही ऐनको दफा ११ को उपदफा (२) को (ड) मा जन्साङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार जस्ता तथ्यांक संकलन गरी स्रोत नक्साको अद्यावधिक अभिलेखन तयार गर्नु पर्ने व्यवस्था गरेको छ ।

नगरपालिकाको विकास, निर्माण र सार्वजनिक सेवा प्रवाहमा स्थानीय तहको भूमिका बढिरहेको सन्दर्भमा नगरपालिकामा विकास सम्बन्धी सूचना व्यवस्थापन स्थानीय तहले गर्नुपर्ने एक महत्वपूर्ण कार्यका रुपमा रहेको छ । देश संघियतामा गए सँगै विभिन्न गा.वि.स. हरु मिलेर नयाँ सिमाना सहित नयाँ गाउँपालिका एवं नगरपालिका बनेका छन् । सोहि अनुसार मिति २०७२/०५/३१ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार  साविकको कृष्णपुर गा.वि.स., साविकको रैकवार बिचवा गा.बि.स र साविकको देखतभुली गा.वि.स. को वडा नं ९ मिलेर कृष्णपुर नगरपालिका बनेको छ ।

नगरपालिकाको वस्तुगत विवरण पुस्तिका तयार पार्दा नगरपालिकाको भू—वनावट, सम्भाव्यता, स्थानीय आवश्यकता, स्रोत व्यवस्थापन, कानूनी तथा नीतिगत व्यवस्था र योजनाबद्ध रुपमा नगरपालिकाका  प्रयासहरूलाई अगाडि बढाउन नगर वस्तुस्थिति विवरण तथा श्रोत नक्शा अपरिहार्य रहेको छ । यसका आधारमा आवधिक एवं वार्षिक विकास योजना तर्जुमा गर्न सहज हुने एवं लक्षित वर्गको उचित तवरले पहिचान हुने भएकाले यो नगरवस्तुगत विवरण तयार गरिएको हो ।

## १.१. अध्ययनका उद्देश्यहरु

कृष्णपुर नगरपालिकाको नगर प्रोफाईल निर्माण गर्नका लागि साविकका गा.वि.स.हरुले विभिन्न समयमा संकलन गरेका तथ्यांकहरु, जिल्ला स्थित विभिन्न विषयगत कार्यालहरुबाट संकलित संस्थागत सुचनाहरु, नेपालको पछिल्लो जनगणना राष्ट्रिय जनणना २०६८ अनुसारको जानकारी आदि स्रोतहरु बाट तथ्याङ्क संकलन तथा विश्लेषणका साथै नगरको भौगोलिक, जनसांख्यिक, आर्थिक, सामाजिक, भौतिक तथा वातावरणीय र संस्थागत स्थिति विश्लेषण सहित नगरपालिकाको वस्तुस्थिति चित्रण गर्ने प्रमुख उद्देश्य रहेको छ । यी उद्धेश्यहरुका साथै अन्य विशिष्ट उद्देश्यहरु देहायअनुसार रहेका छन् ।

- नगरको समग्र वस्तुस्थितिको विवरण तयार गर्ने ।

- नगरको भू—जैविक, भौतिक, आर्थिक, सामाजिक, वातावरण र संस्थागत विकाससमेत विषयगत वस्तुस्थिति चित्रणतथा विश्लेषण विवरण तयार गर्ने ।
- द्धितिय श्रोतबाट प्राप्त तथ्याङ्क विश्लेषणगरी विषयगत रुपमा नगरको एकीकृत वस्तुगत विवरण तयारगर्ने ।
- नगरको विषय-क्षेत्रगत विकासका संभावना तथा समस्याहरूको पहिचान तथा विश्लेषण गर्ने ।
- नगरको आवधिक तथा वार्षिक योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनको लागि विषयगत र सामाजिक रुपमाखण्डीकृत र एकीकृत अद्यावधिक सूचना विवरण उपलब्ध गराउने ।
- नगरपालिकाको आवश्यकता, सम्भाव्यता र प्राथमिकताको आधारमा स्पष्ट लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम तयारपारी वार्षिक योजना तर्जुमामा मद्दत गर्ने ।
- नगरपालिकाको वास्तविक र सही सूचना संकलन तथा व्यवस्थापन गर्न मद्धत पुग्ने ।
- स्रोत, साधन र सीपको पहिचान गरी त्यसको सदुपयोग गर्न तथा सम्भावित जोखिमहरुबाट वच्ने उपायहरुको खोजीगर्न सकिने,भौगोलिक, सामाजिक, आर्थिक, धार्मिक, प्राकृतिक र मानवीय जीवनका हरेक पक्षहरुका वारेमा जानकारी प्राप्त हुनेहुनाले संचालित कार्यक्रमको समीक्षा गरी सुधार, समायोजन वा परिवर्तन गर्न र नयाँ योजना तर्जुमाका लागि पृष्ठपोषण प्राप्त हुने,
- सरकारी एवं गैरसरकारी संस्था तथा स्थानीय निकायहरुबीच समन्वय गराई कार्यान्वयनको प्रभावकारिता बढाउदैविकासको दोहोरोपनलाई कम गर्दै लाने ।
- सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरुसंग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरणनिर्माण हुने,
- यस नगरपालिका रहेका सम्पूर्ण स्रोत र साधन का साथै राज्यले प्रदान गर्दै आइरहेका विभिन्न सेवा सुविधाकोबारेमा स्पष्ट नक्सांकन हुने ।

## १.२. अध्ययनको महत्व

विकासका प्रतिफलहरु जनतासमक्ष पुर्याउने एवं सबै वर्गले उपयोग गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागि स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आजको सन्दर्भमा प्रमुख आवश्यकता भएको छ । आजको विश्वव्यापीकरणको युगमा समय सापेक्ष ढंगले समानुपातिक विकासका प्रकृयाहरु अगाडि बढाउन सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन हुनु जरुरी पर्दछ । परिवर्तित संरचना अनुसार तयार भएको यस नगरपालिकाको वास्तविक वस्तुस्थिति पहिचान गरी भावि विकास योजना र रणनीतिहरु तर्जुमा गर्न तथा विभिन्न विकासका क्रियाकलापहरु संचालन गर्न कृष्णपुर नगरपालिकाको वस्तुगत विवरणले विशेष महत्व राख्ने छ । यसका अतिरिक्त प्रस्तुत वस्तुगत विवरण सम्बन्धित क्षेत्रका संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, विकास चिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरुलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको महत्व व्यापक रहेको छ ।

## १.३. अध्ययनको औचित्य

नेपाल भरि रहेका ७५३ वटा स्थानीय सरकारहरुमा कृष्णपुर नगरपालिका एउटा प्राकृतिक रुपमा सुन्दर नगरपालिका हो । २०७२ भाद्र ३१ गतेको मन्त्रिपरिषद्को निर्णय अनुसार साबिकको कृष्णपुर गा.वि.स., रैकवार बिचवा गा.वि.स. र देखतभुली गा.वि.स. को वडा नं ९ मिलाएर कृष्णपुर नगरपालिकाको गठन भएको हो । नेपाल सरकारले जारी गरेको परिपत्र बमोजिम स्थानीय निकायले आफ्नो क्षेत्रको वस्तुगत विवरण तयार गरी सार्वजनिकिकरण गर्नुपर्ने भनि निर्देशन गरेको छ । नगरपालिकाको वस्तुगत विवरणको आधारमा श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवंम् अनुगमन मुल्यांकनका साथै नीति नियम तर्जुमाको सहयोगी हुने हुँदा पनि यसको अध्ययन अपरिहार्य हुन गएको हो ।

## १.४. अध्ययन विधि

नगरपालिकाको वस्तुगत विवरणको ढाँचा तयारीका लागि हाल तयार भएका विभिन्न वस्तुगत विवरणहरुको अध्ययन, सहस्राब्दी विकास लक्ष्य (Millennium Development Goal), दिगो विकास लक्ष्य (Sustainable Development Goal) तथा सूचकहरुको अध्ययन, केन्द्रिय तथ्याङ्क विभागका विभिन्न प्रकाशनहरु, राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य संर्वेक्षण प्रतिवेदनहरु, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन, जिल्लाको पाश्र्वचित्र, साविकका गा.वि.स.हरुको पाश्र्वचित्र र नगरपालिका स्थित वर्तमान निर्वाचित जनप्रतिनीधिहरु, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित शाखाका शाखा प्रमुखहरु, सचिवहरु, जिल्ला स्थित विषयगत कार्यालयहरुको विवरण, यस क्षेत्रमा कार्य गरेका विज्ञहरु सँग गरेको परामर्श आदि प्रमुख हुन् ।उल्लेखित ढाँचा अनुसार यस नगरपालिकाको वस्तुगत विवरण तयारीका लागि विभिन्न अध्ययन विधिहरुको प्रयोग गरिएको छ । यसको मुख्य प्रयोजनका लागि विशेषगरी द्वितीय स्रोतबाट प्राप्त जानकारी, स्थलगत जानकारी तथा लक्षित समुहछलफल, अन्तरक्रिया लगायत सामाजिक अध्ययन विश्लेषणका विवरणात्मक र विश्लेषणात्मक शैलीहरुको उपयोग गरिएको छ । द्वितीय स्रोतबाट संकलन गरिएको डाटालाई चेक जाँच गर्न मोबाइल एप निर्माण गरेर sample target का रुपमा बिभिन्न ठाउँ छनौट गरी प्रथम श्रोतको डाटा संकलन गरी तुलानात्मक अध्ययन गरिएको छ | यसैगरी जिल्ला तहमा उपलब्ध प्रकाशित तथा अप्रकाशित अन्य द्वितीय सूचनाका श्रोतहरु र विभिन्न संघसंस्थाका प्रतिवेदनहरुको समेत अध्ययन, तुलना र विश्लेषण गरी समग्र नगरपालिकाको अवस्था झल्कने गरी सिंगो वस्तुगत विवरण तयार गर्ने प्रयास गरिएको छ ।

## १.५. अध्ययनको क्षेत्र र सिमा

प्रस्तुत नगरपालिकाको वस्तुगत विवरणको अध्ययन क्षेत्र विस्तृत भएको हुँदा अध्ययनको उद्देश्यले दर्शाएका विषयवस्तुलाई नै मुख्य क्षेत्रको रुपमा लिईएको छ । साधन, श्रोत, समय, लागत, सूचना लगायत अन्य विषयवस्तुहरुको सिमितताका कारणले जुनसुकै अध्ययन पनि केही निश्चित सीमा भित्र बाधिएको हुन्छ । यस अध्ययनमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले उपलब्ध गराएको मार्ग दर्शन र ढाँचा अनुसार र नगरकपालिकाले तयार पारेको कार्यक्षेत्रगत शर्त बमोजिम तयार गरिएको विवरण अध्ययन नै मुख्य सिमाक्षेत्र मानिएको छ

# २. नगरपालिका परिचय

## २.१. नामाकरण तथा ऐतिहासिक पृष्ठभूमि

नेपाल सरकारको घना बस्ती भएको क्षेत्रहरुलाई जनसख्ंयाको आधारमा नगरपालिकाको रुप दिई क्रमिक गतिमा भौतिक सुविधा सम्पन्न बनाई स्थानीय आर्थिक गतिविधिको केन्द्रको रुपमा विकास गर्ने नीति अनुरुप वि.सं. **२०७३** सालमा भौतिक पुर्वाधार विना नै स्थापना भएको हो । कञ्चनपुर एक सुन्दर र ऐतिहासिक चुरे तथा तराइको जिल्ला हो भने यो जिल्लामा हालको संघीय संरचना अनुसार ७ वटा नगरपालिका र २ वटा गाँउपालिका रहे अनुसार कृष्णपुर नगरपालिकामा जिल्लाको पूर्वी प्रवेशद्धारको रूपमा रहेको छ । तत्कालिन गा.वि.स. पाश्र्वचित्र २०६८ ले उल्लेख गरे अनुसार राना थारूहरूको बसोबास रहेको किचाईगाँउको नामबाट यस नगरको नाम कृष्णपुर रहन गएको हो । सो ठाउँमा वढि किचहिलो हुने भएकाले किचाहाको अपभ्रंश भएर कृष्णपुर नाम रहन गएको देखिन्छ ।



**चित्र २-१:कृष्णपुर नगरपालिकाको परिचय ग्वासी समैजी मन्दिर**

## २.२. भौगोलीक अवस्थिती

सुदुरपश्चिम प्रदेशको प्रसतावित राजधानी गोदावरी भन्दा ५ किलोमिटर पश्चिमतर्फ रहेको यस नगरपालिका समुन्द्र सतह देखि कम्तिमा न्यूनतम ११८ र अधिकतम १४३७ मी उचाई र न्यूनतम तापक्रम ५ डिग्री र अधिकतम तापक्रम ४५ डिग्री सेल्सियस तथा औषत १५७५ मि. मि. वर्षा रहने यस नगरपालिका को क्षेत्रफल २५२.७५ वर्ग किलोमिटरमा अवस्थित छ । क्षेत्रफलको हिसावले वडा न. १ सबैभन्दा ठूलो र वडा न. ३ सबैभन्दा सानो वडा रहेको छ ।त्यसैगरी वडा नं. २ जनसंख्याको हिसाबले सवै भन्दा ठूलो र सबैभन्दा सानो वडा नं ३ रहेको छ भने औषतमा जनघनत्व ३२१ व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ । उपोष्ण हावापानी वा उष्ण मनसुनी हावापानी तथा न्यायो समशितोष्ण हावापानी वा उष्ण प्रदेशिय हावापानी पाइने ९ वटा वडा रहेको यस नपामा २०६८ को जनगणना अनुसार

५६,६४३ रहेको छ ।यस नगरपालिका को भौगोलोगिक अवस्थिती २८ डिग्रि ३२ मिनेट उत्तर अक्षांश देखी २९ डिग्री २८ मिनेट अक्षांश सम्म तथा ८० डिग्रि ०३ मिनेट देखि ८० डिग्री ३३ मिनेट पूर्व देशान्तर **सम्म रहेको छ ।**




**चित्र २-२ः कृष्णपुर नगरपालिका अवस्थित नक्सा**

यसको पूर्वमा कैलालीको गोदावरी नगरपालिका, पश्चिममा शुक्लाफाँटा नगरपालिका, उत्तरमा कैलालीको गोदावरी नगरपालिका डडेल्धराको पर्शुराम नगरपालिका तथा दक्षिणमा लालझाडी गाउँपालिका र पुनर्वास नगरपालिकाले घेरेको यस नपाका बहुसंख्यक मानिसहरु कृषि क्षेत्रमा नै निर्भररहेका छन । यस नगरपालिकामा वनदेवी मन्दिर, ग्वाँसी समैजी मन्दिर, गडबिजुला ताल, मोहना नदी, लालझाडी मोहना संरक्षित बन जस्ता पर्यटकीय स्थलहरुसमेत रहेका छन भने केरा तथा उखुको लागी प्रसिद्ध ठाँउको रुपमा यो नगरपालिका चिनिने गर्दछ । ब्राम्हण, क्षेत्री, ठकुरी, थारु, दमाई, सार्की, आदि जस्ता जातजातीहरुको बसाई रहेको यस नगरपालिकामा बहुसंख्यक मानिसहरु डोटेली तथा थारु भाषा प्रयोग गर्दछन भने कामकाजी भाषाको रुपमा नेपाली भाषा रहेको छ ।

## २.३. राजनीतिक तथा प्रशासनिक विभाजन

कृष्णपुर नगरपालिका कञ्चनपुर जिल्लाको पूर्वी प्रवेशद्धारको रूपमा रहेको नगरपालिका हो । जिल्ला सदरमुकाम महेन्द्रनगरबाट ३२ कि.मि.को दूरीमा रहेको यो नगरपालिकाको क्षेत्रफल २५२.७५ वर्ग कि.मी.छ । साविक कृष्णपुर नगरपालिका, रैकवार विचवा का सबै वडा तथा देखतभूली गा.वि.स. को वडा नं. ९ समावेश गरेर वि.स. २०७३ मा यसको पुनर्गठन गरिएको हो । हाल यस नगरपालिकामा ९ वटा वडाहरू रहेका छन्। चित्र न. २-३ मा यस नगरपालिकाको राजनीतिक तथा प्रशासनिक विभाजन लाइ देखिएको छ ।




**चित्र २-३: कृष्णपुर नगरपालिकाको प्रशासनिक नक्सा**

**तालिका २-१: नगरपालिका पुनर्संरचना २०७३**

| हालको वडा न. | साविक गा. वि. स. / न.पा. | साविक वडा न. | जनसंख्या | मतदाता संख्या (२०७३) |
|---|---|---|---|---|
| १ | कृष्णपुर नगरपालिका | १ | ५,५७३ | ३४६१ |
| २ | कृष्णपुर नगरपालिका | २ | ९,७१९ | ४५७१ |
| ३ | देखतभुली गा. वि. स. | ९ | ३,११६ | १७३८ |
| ४ | कृष्णपुर नगरपालिका | ३, ४ | ८,८१२ | ४७४३ |
| ५ | कृष्णपुर नगरपालिका | ५ ,६ | ७,२३१ | ३४४८ |
| ६ | कृष्णपुर नगरपालिका | ७,८,९ | ५,३७१ | २८३९ |
| ७ | रैकवार गा.वि.स. | ३ ,४,५ | ७,०५३ | ३३८६ |
| ८ | रैकवार गा.वि.स. | १,२,६ | ३,७९४ | २०२१ |
| ९ | रैकवार गा.वि.स. | ७,८,९ | ५,९७४ | १७२० |
| | जम्मा | | ५६,६४३ | २७९२७ |

श्रोत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय




**चित्र २-४: कृष्णपुर नगरपालिकामा अवस्थित साविक र हालको वडा नक्सा**

## २.४. मुख्य वस्ती सम्बन्धी विवरण

कृष्णपुर नगरपालिकामा क्रमश वस्तीहरूको विकास भैरहेको छ । नगरपालिकाको केन्द्रतिर बाटो, बजार तथा स-साना घरेलु उद्योग देखिएता पनि समग्रमा नगरपालिकाको सबै वडाहरूमा खानेपानि, विद्युत र यातायात जस्ता सेवा तथा सुविधाहरु पुगिसकेको छैन । नगरपालिकामा विकासका धेरै आयामहरूमा अभ्यास गर्न बाँकी देखिन्छ । कृष्णपुर नगरपालिकाको सबै वडाहरूमा सडक सञ्जालको राम्रो विकास भएको देखिँदैन ।




**चित्र २-५: कृष्णपुर नगरपालिकाको मुख्य वस्ती हरु**

**तालिका २-२: बस्ती विवरण**

| वडा | प्रमुख बस्तिहरु |
|---|---|
| १ | निगाली, पहारिया, सुन्दरीफाँटा, चन्द्रपुर, सिस्ने, धारापानी, खानीखोलागाँउ, पलगडी, जडेखोलागाँउ |
| २ | बाणी, खल्लागोठ, लिउडेफाँटा, नकटिया, ओखलफाँटा, गुयाँलफाँटा, बंक |
| ३ | सिरेपट्टी, बैभाहापट्टी, देखतभुली कटान |
| ४ | छोटी किछान, धाया, अत्तरियापट्टी, किचै, खल्ला धाया, कोइराल बोजिया, स्वार कटान, सिस्नेगाँउ, मालबेला |
| ५ | खल्ला मौरीफाँटा, गुलरिया, मौरीफाँटा, खसल्ला, मौवाफाटा, सुदर्शनपुर, पातलेपट्टी, मौवाफट्टी |
| ६ | कार्की कटान, बालुवाफाँटा, मौरीफाँटा, बञ्झरिया, बसन्तपुर, मिलडाडा, सिंहपुर |
| ७ | मटैया, कलुवापुर, सिमलकोट, शान्तिपुर |
| ८ | बिछुवागौडी, रैकवार बिछुवा, मजगाउ, राजघाट, पाँचधाकी |
| ९ | घलघले टोल, पिपरिया, घोडाघाट, छपरतला, जोराल कटान |

श्रोत : स्थलगत सर्वेक्षण, २०७७

# ३.जनसंख्या विवरण

## ३.१. जनसंख्या वितरणको अवस्था

२०६८ सालको जनगणना अनुसार यस कृष्णपुर नगरपालिकाको कूल जनसंख्या ५६६४३ (महिला २९५८४, पुरुष २७०५९) रहेको थियो । यस कृष्णपुर नगरपालिकाको घरधुरी सर्वेक्षण २०७७ अनुसार कुल १४९४५ घरधुरी रहेको छ | उक्त सर्वेक्षण अनुसार कुल जनसंख्या ८१२४४ मध्ये महिला ४२४२१ र पुरुष ३८८२३ रहेको छ । जस अनुसार ० देखी १४ वर्ष सम्मको उमेर समुहको जनसंख्या ३१४५८ जना (३८.७२ प्रतिशत), १५ देखि ५९ वर्ष उमेरका ४४२३४ जना (५४.५४ प्रतिशत) र ६० देखि माथिका ५५५१ जना (६.८३ प्रतिशत) रहेको छ । जातीय रुपमा दलित, क्षेत्री, ठकुरी, जनजाती, ब्राम्हण लगायतका जातजातीको बसोबास रहेको छ । तालिका ३-१ मा २०६८ को जनगणना अनुसार नगरपालिकाको संक्षिप्त जनसंख्याको विवरण दिएको छ ।

**तालिका ३-१: संक्षिप्त जनसंख्या विवरण**

| सूचक | मान | |
|---|---|---|
| | वि.स. २०६८ | वि.स. २०७७ |
| क्षेत्रफल (वर्ग कि.मि.) | २५२.७५ | २५२.७५ |
| कुल जनसंख्या | ५६६४३ | ८१२४४ |
| पुरुष | २७०५९ (४७.७७%) | ३८८२३ (४७.७९) |
| महिला | २९५८४ (५२.२३%) | ४२४२१ (५२.२१) |
| लैङ्गिक अनुपात | ९१.४६ | ९६.३१ |
| वार्षिक जनसंख्या वृद्धिदर | २.७४ | २.१ |
| जिल्लाको जनसंख्यामा नगरपालिकाको अंश | १२.६३ | - |
| जनसंख्या दोब्बर हुन लाग्ने अवधि (वर्ष) | २६ | ३५ |
| परिवार संख्या | १००१६ | १४९४५ |
| परिवारका औषत सदस्य संख्या | ५.०६ | ५.४४ |
| जनघनत्व (व्यक्ति प्रति वर्ग कि.मि.) | २२४ | ३२१ |

स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग तथा स्थलगत सर्वेक्षण २०७७

## ३.२. वडागत जनसंख्या विवरण

२०७७ सालमा कृष्णपुर नगरपालिकामा सम्पन्न गरिएको घरधुरी तथ्याङ्क संकलन बाट प्राप्त तथ्याङ्क अनुसार नौ वटा वडाको कूल २५२.७५ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा १४,९४५ घरधुरीमा कुल ८१,२४४ जनसंख्या रहेको छ । तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरुषको जनसंख्या भने कम अर्थात् ९६.३१ देखिन्छ । यद्यपि यो अन्तर त्यति ठुलो भने होइन । अर्कोतर्फ प्रति वर्ग किलोमिटर क्षेत्रफलमा ३२१ जनाको दरमा जनघनत्व रहेको देखिन्छ । अर्थात् नगरपालिकाको कूल क्षेत्रफलले कुल जनसंख्यालाई भाग गर्दा प्रति वर्ग किलोमिटर क्षेत्रफलमा ३२१ जनसंख्या पर्न आउँछ । घरधुरी संख्याको हिसाबले वडा न. ४, जनसंख्याको हिसाबले वडा न. २, जनघनत्व हिसाबले वडा नं. ५ सबै भन्दा ठुलो वडा भएतापनि क्षेत्रफलको हिसाबमा सबै भन्दा ठूलो वडाको रुपमा वडा नं. १ रहेको छ । यसैगरी जनसंख्या र घरधुरीका हिसाबले वडा नं. ३ मा सबै भन्दा कम जनसंख्या र घरधुरी देखिन्छ भने क्षेत्रफलको हिसाबले वडा नं. ३ सबै भन्दा सानो वडा रहेको छ जनघनत्वको

हिसाबले वडा नं. ५ सबैभन्दा बढी जनघनत्व भएको वडा हुनुका पछाडि अन्य वडाहरूको तुलनामा वडा न. ५ मा रहेका विभिन्न मानवीय सुविधाहरू जस्तैः यातायातको सुगमता, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सुरक्षा, व्यापार आदीको सघनता हो । तसर्थ योजना निर्माणमा जनघनत्व र त्यसलाई प्रत्यक्ष प्रभाव पार्ने तत्वहरूको अध्ययन गर्नु अर्थात् जनसंख्या वितरणलाई सन्तुलनमा राख्न मानवीय सुविधाहरूलाई सन्तुलितरुपमा वितरण गर्ने विषयमा केन्द्रित हुनुपर्दछ । अर्कोतर्फ पुरुषको तुलनामा महिलाको जनसंख्या बढी हुनु समेत जनसांख्यिक विश्लेषणको महत्वपुर्ण पाटो हो । सामान्यतया नेपाली सामाजिक संरचना र परम्परालाई हेर्दा पितृसत्तात्मक स्वरुपको समाजमा छोराको चाहना पुरा गर्ने मनोविज्ञानका कारण छोरीहरूको संख्या अप्रत्यक्ष ढङ्गले बढेको देखिन्छ । अर्को तर्फ महिलाहरूको संख्या बढ्दा उनीहरूका विशिष्ट आवस्यकताहरूलाई सम्बोधन गर्ने योजनाहरू राज्यद्वारा निर्माण हुनु आवस्यक देखिन्छ । साथै लैङ्गिक अनुपातमा रहेको अन्तर वृद्धि हुँदै जाँदा त्यसले सामाजिक स्वरुपमा नै लैङ्गिक हिसाबले परिवर्तित गरिदिन्छ । यसतर्फ समग्र समाजको ध्यान जानु आवस्यक छ । थप वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३-२: कृष्णपुर नगरपालिकाको वडा अनुसार जनसङ्ख्या वितरण**

| वडा न. | क्षेत्रफल (वर्ग कि.मि.) | जम्मा घरधुरी | जनसंख्या | | | जनघनत्व (प्रति वर्ग कि.मि.) | लैङ्गिक अनुपात | औषत परिवार सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | महिला | पुरुष | | | |
| १ | ७२.१२ | १५१७ | ८१०८ | ४०७२ | ४०३६ | ११२ | ९९.१ | ५.३४ |
| २ | १७.७५ | २६६४ | १३३९६ | ६९६६ | ६४३० | ७५५ | ९२.३ | ५.०३ |
| ३ | ५.८ | ८५४ | ४९७४ | २५४९ | २४२५ | ८५८ | ९५.१ | ५.८२ |
| ४ | ५७.४२ | २४१० | १२२३९ | ६४३९ | ५८०० | २१३ | ९०.१ | ५.०८ |
| ५ | ९.३८ | १८८९ | १०२२३ | ५३३१ | ४८९१ | १०९० | ९१.८ | ५.४१ |
| ६ | ९.४१ | १५२२ | ७८५० | ४२३० | ३६२० | ८३४ | ८५.६ | ५.१६ |
| ७ | २१.९ | १६३७ | ९९९६ | ५३५६ | ४६४० | ४५६ | ८६.६ | ६.११ |
| ८ | २८.०८ | ८९५ | ५८३९ | २९८० | २८५९ | २०८ | ९६.० | ६.५२ |
| ९ | ३०.८८ | १५५७ | ८६१९ | ४४९९ | ४१२१ | २७९ | ९१.६ | ५.५४ |
| जम्मा | २५२.७५ | १४९४५ | ८१२४४ | ४२४२१ | ३८८२३ | ३२१ | ९६.३१ | ५.४४ |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

नगरपालिकामा रहेका कुल १४९४५ घरधुरीहरूमा ३८८२३ पुरुष र ४२४२१ महिलाहरू गरी कुल ८१२४४ जनसंख्या रहेको छ । वडागत विवरण अनुसार सबैभन्दा धेरै घरधुरीहरू वडा न. ४ जहाँ २४१० घरधुरीहरू र सबैभन्दा कम वडा नं. ३ जहाँ ८५४ घरधुरीहरू रहेका छन् । वडागत जनसंख्याको महिला/पुरुषको अनुपात विवरण असमान किसिमको देखिन्छ । पुरुषको जनसंख्या भन्दा महिलाको जनसंख्या धेरै रहेको छ । लैङ्गिक अनुपातलाई हेर्दा प्रति १०० जना महिलामा ९६.३१ पुरुषको संख्या देखिन्छ ।




चित्र ३-१: कृष्णपुर नगरपालिकाको जनघनत्व नक्सा

## ३.३. उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण

कृष्णपुर नगरपालिकामा १४ — ५९ वर्षका जनसंख्यालाई हेर्दा कुल जनसंख्याको ५४.४५ प्रतिशत देखिन्छ । यस समूहको जनसंख्या तुलनात्मकरुपमा बढी भएकाले किशोर-किशोरी र युवा लक्षित कार्यक्रमहरू लाई प्राथमिकतासाथ जोड दिनु जरुरी हुन्छ । यूवा उमेरको जनसंख्या बढी हुनु राम्रो भएतापनि उनीहरूको शिक्षा, स्वास्थ्य तथा मानव संसाधन विकासमा व्यापक लगानी गर्नुपर्ने हुन्छ । अर्कोतर्फ यूवाहरूलाई सहि दिशातर्फ उन्मूख बनाउन र रोजगारीका अवसरहरू श्रृजनागरी राष्ट्र निर्माणमा सरिक बनाउनु समाज र राज्यको दायित्व हुन आउँछ । बालबालिका तथा शिशुहरूको संख्या कमहुनुले क्रमश प्रजनन दर घट्दै गएको संकेत गर्दछ भने बृद्धहरूको तथा प्रौढहरूको संख्या कम हुनुले औषत आयू अन्य देशहरूको तुलनामा कम हुनु र प्रौढाअवस्थामा लाग्ने रोगका कारण पाका उमेरको जनसंख्याको मृत्यूदर बढी हुनु भन्ने जनाउँछ । यद्यपी बढ्दो उमेरको संख्या कमहुनु स्वाभाविक हो । उमेर अनुसारको जनसंख्याको विश्लेषण गर्दा प्रत्येक उमेर समूहका आवश्यकताहरू सम्बोधन गरी उनीहरूको उचित व्यवस्थापन गर्नु नै चुनौतीपूर्ण हुन्छ । बालबालिकाको पोषण र स्याहार तथा शिक्षा, युवालाई उचित रोजगारी र बृद्धहरूलाई आवश्यक सामाजिक सूरक्षा तथा स्वास्थ्य सेवा र स्याहार राज्यले निर्वाह गर्नुपर्ने दायित्वहरू भित्र आउँछन् । नगरपालिकाले यसतर्फ ध्यान पुर्याउन आवश्यक छ । वडागत उमेर समूह अनुसारको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३-३: वडागत उमेर तथा लिगंका आधारमा विभिन्न उमेर समुहको जनसंख्याको विवरण

| वडा न. | उमेर समुह | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ० - १४ | | | १५ - ५९ | | | ६०+ | | | जम्मा | | |
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | १५९२ | १५१६ | ३१०८ | २२०० | २२९१ | ४४९१ | २४४ | २६५ | ५०९ | ४०३६ | ४०७२ | ८१०८ |
| २ | २८६० | २६५७ | ५५१७ | ३१२३ | ३८२८ | ६९५१ | ४४७ | ४८१ | ९२८ | ६४३० | ६९६६ | १३३९६ |
| ३ | ९३५ | ८७१ | १८०६ | १३३८ | १५३१ | २८६९ | १५२ | १४७ | २९९ | २४२५ | २५४९ | ४९७४ |
| ४ | २४४० | २४०४ | ४८४४ | २९३५ | ३५४३ | ६४७८ | ४२५ | ४९२ | ९१७ | ५८०० | ६४३९ | १२२३९ |
| ५ | १९८५ | १८६१ | ३८४६ | २६०७ | ३११३ | ५७२० | ३०० | ३५८ | ६५८ | ४८९२ | ५३३२ | १०२२४ |
| ६ | १६०६ | १४६४ | ३०७० | १७६० | २४९८ | ४२५८ | २५४ | २६७ | ५२१ | ३६२० | ४२२९ | ७८४९ |
| ७ | १९२२ | १९४४ | ३८६६ | २४०२ | ३०९५ | ५४९७ | ३१६ | ३१६ | ६३२ | ४६४० | ५३५५ | ९९९५ |
| ८ | १०९३ | १०३७ | २१३० | १५४२ | १७२७ | ३२६९ | २२५ | २१५ | ४४० | २८६० | २९७९ | ५८३९ |
| ९ | १६४२ | १६२७ | ३२६९ | २१६६ | २५३६ | ४७०२ | ३१३ | ३३५ | ६४८ | ४१२१ | ४४९९ | ८६२० |
| जम्मा | १६०७५ | १५३८१ | ३१४५६ | २००७३ | २४१६२ | ४४२३५ | २६७६ | २८७६ | ५५५२ | ३८८२४ | ४२४२० | ८१२४४ |

स्रोतः स्थलगत सर्वेक्षण २०७७




**चित्र ३-२: कृष्णपुर नगरपालिकाको जनसंख्या पिरामिड**

## ३.४. आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था

नगरपालिकामा रहेका कुल ८१,२४४ जनसंख्या मध्ये ४४२३५ जनसंख्या आर्थिक रुपले सक्रिय रहेको छ । जस मध्ये सबैभन्दा धेरै ६९५१ जनसंख्या वडा न. २ मा रहेको छ भने सबैभन्दा कम २८६९ जनसंख्या वडा न. ३ मा रहेको छ ।वडा अनुसार विस्तृत विवरण प्रस्तुत चित्रमा उल्लेख गरिएको छ ।




स्रोतः स्थलगत सर्वेक्षण २०७७

**चित्र ३-३: वडागत रुपमा आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था**

## ३.५. मातृभाषाको आधारमा जनसंख्याको विवरण

नगरपालिकामा रहेका कुल ८१,२४४ जनसंख्या मध्ये सबैभन्दा बढी ४१११३ जना अर्थात् ५०.६ प्रतिशतले डोटेली भाषा (डोटी लवज), सबैभन्दा कम १९१६ जना अर्थात् २.४ प्रतिशतले डोटेली भाषा (वझांगी लवज) बोल्ने गरेको पाइयो । त्यसैगरी क्रमश थारु, नेपाली भाषा प्रयोग गर्ने नगन्य संख्यामा छन् भने त्यसबाहेक अन्य भाषा बोल्नेहरूको संख्या २६७८ अर्थात् ३.३ प्रतिशत रहेको पाइयो । यस नगरपालिका पहाडी खस समुदायको बाहुल्यता भएको नगरपालिका भएकोले उनीहरूको कला, संस्कृति तथा भाषालाई जर्गेना गर्ने खालका विशेष कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । नेपालको संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रुपमा स्थापित गरेकोले हरेक जातजातिका भाषा र संस्कृति उनीहरूका मौलिक पहिचानहरू भएकाले त्यसको संरक्षण गर्ने योजना स्थानीय सरकारसँग हुनुपर्दछ । वडा अनुसार विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ३-४: मातृभाषा अनुसार कृष्णपुर नगरपालिकाको जनसङख्या विवरण**

| वडा नं | मातृभाषा | डोटेली | थारू | अछामी | नेपाली | वझांगी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | सङ्ख्या | ४९३० | ११९८ | ११८१ | ५९९ | १०५ | ९५ | ८१०८ |
| २ | सङ्ख्या | ६२४७ | ३३०७ | १०६८ | ८८८ | ६६७ | १२१९ | १३३९६ |
| ३ | सङ्ख्या | ३०८७ | १११७ | ४०२ | ३०३ | २९ | ३५ | ४९७४ |
| ४ | सङ्ख्या | ४४३२ | ४०९१ | १२८४ | ११७४ | ४६३ | ७९६ | १२२३९ |
| ५ | सङ्ख्या | ६३९९ | २८६६ | ५३६ | १६७ | ६७ | १८९ | १०२२३ |
| ६ | सङ्ख्या | ३६४८ | ३०४२ | ४६८ | ३८२ | १७४ | १३७ | ७८५० |
| ७ | सङ्ख्या | ५११६ | ४६५४ | १०१ | ७९ | १३ | ३३ | ९९९६ |
| ८ | सङ्ख्या | ३४२५ | १७१० | २७१ | २३४ | १३५ | ६४ | ५८३९ |
| ९ | सङ्ख्या | ३८२९ | ३५४१ | ५८६ | २९० | २६३ | ११० | ८६१९ |
| जम्मा | सङ्ख्या | ४१११३ | २५५२६ | ५८९७ | ४११५ | १९१६ | २६७८ | ८१२४४ |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

## ३.६. नगरपालिकाको जातिगत विवरण

नगरपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा सबैभन्दा धेरै ३४,६७९ अर्थात् ४२.६९ प्रतिशत क्षेत्री, दोस्रोमा १९,३९० अर्थात् २३.८७ प्रतिशत थारु, तेस्रोमा १०१९५ अर्थात् १२.५५ प्रतिशत ब्राह्मण रहेका छन् । त्यसैगरी क्रमश कामी, दमाई-ढोली, ठकुरी, लोहार, सार्कि, तथा अन्य जातजाति रहेका छन् । यस नगरपालिका चुरे पहाडी तथा तराइ क्षेत्रमा भएकाले यस क्षेत्रको मूल जातिका रुपमा रहेका क्षेत्री र ब्राह्मण सबैभन्दा धेरै रहेका छन् । यसरी जातिय हिसाबले विविधतायुक्त समाजमा स्थानीयहरू सामाजिक सहिष्णुताका साथ बसेको पाइन्छ । विस्तृत विवरण वडागत रुपमा तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३-५: वडा अनुसार जातजातिको विवरण**

| वडा नं | जातजाति | क्षेत्री | थारू | व्राम्हण | कामी | दमाइ | ठकुरी | लोहार | सार्की | सन्यासी | अन्य दलित | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सङ्ख्या | ४९२३ | १२०७ | १०७३ | २४४ | २१६ | १६७ | १३८ | ५४ | ३१ | ३३ | २२ | ८१०८ |
| २ | सङ्ख्या | ४६३४ | ३३५६ | १२३६ | ११११३ | ७४९ | ६७२ | ५५६ | २२० | १४५ | ३३४ | ३८२ | १३३९६ |
| ३ | सङ्ख्या | ३०९५ | ९७८ | ४९६ | १४७ | ८६ | ६१ | ३३ | १९ | १४ | ४३ | ० | ४९७४ |
| ४ | सङ्ख्या | ४२४४ | ३८३० | १५९६ | ६४३ | ५४० | ४८८ | २२५ | १७७ | ९१ | २२० | १८५ | १२२३९ |
| ५ | सङ्ख्या | २९७३ | २५४३ | १७६३ | ८१३ | ५५० | २०२ | १५९ | १३९ | ४९ | ७८६ | २४४ | १०२२३ |
| ६ | सङ्ख्या | ३०५९ | २१२७ | १२५४ | ६८७ | १०२ | ३८ | ७ | ३ | ३ | ५६४ | ६ | ७८५० |
| ७ | सङ्ख्या | ४७०२ | २२१४ | १३२५ | ८०८ | १५९ | ९८ | ४१ | १६ | ११ | ६०७ | १५ | ९९९६ |
| ८ | सङ्ख्या | ३४८३ | ११२६ | ६२० | २७१ | १२३ | १०९ | ७४ | ८ | ५ | ८ | १२ | ५८३९ |
| ९ | सङ्ख्या | ३५६५ | २००८ | ८३० | ८०९ | ५९९ | १६६ | १२२ | ९४ | ८२ | ९५ | २४९ | ८६१९ |
| जम्मा | सङ्ख्या | ३४६७९ | १९३९० | १०१९५ | ५५३४ | ३१२४ | २००२ | १३५६ | ७३० | ४३० | २६९० | १११५ | ८१२४४ |

स्रोत: स्थलगत सर्वेक्षण २०७७

## ३.७. धर्मको आधारमा जनसंख्याको विवरण

नगरपालिकामा रहेका कुल ८१,२४४ जनसंख्या मध्ये ६२,९६४ अर्थात् ७८ प्रतिशत जनसंख्याले हिन्दु धर्म मान्दछन् । दोस्रोमा क्रिस्चियन धर्म मान्नेको संख्या ११,३७४ अर्थात् १४ प्रतिशत रहेको छ भने बौद्ध धर्म मान्नेको संख्या ६,०९३ अर्थात् ७ प्रतिशत रहेको छ तथा अन्य धर्म मान्नेको संख्या नगण्य रहेको छ । केहि मात्रामा धार्मिक विविधता रहेपनि नगरपालिकामा हिन्दु धर्मावलम्बीहरूको प्रधानता रहेको तथ्याङ्कले देखाउँछ । परम्परागत रुपमा नेपाली समाजमा रहेको धार्मिक सहिष्णुता भने यस नगरपालिकामा कायम नै रहेको छ ।




स्रोत: स्थलगत सर्वेक्षण २०७७

चित्र ३-४: धर्मको आधारमा जनसंख्याको विवरण

## ३.८. अपांगता परिचयपत्र लिएका व्यक्तिहरुको विवरण

नगरपालिकामा रहेका कुल अपागंता भएका जनसंख्या मध्ये कुल २०६ जना ले आर्थिक बर्ष २०७६/२०७७ मा अपांगता परिचयपत्र लिएका छन । जस मध्ये ८७ जना महिला छन भने ११९ जन पुरुष रहेका छन । तालिका ३-६ र ३-७ मा अपांगता परिचयपत्र लिएको आधारमा जनसंख्या विवरण प्रस्तुत गरिएको छ ।

**तालिका ३-६: अपांगता किसिमको आधारमा जनसंख्या**

| सि.नं. | अपांगताको किसिम | अपांगता भएका व्यक्तिको संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १. | शारीरिक अपाङ्गता | ३६ | ६४ | १०० |
| २. | न्यून दृष्टियुक्त अपाङ्गता | २ | १ | ३ |
| ३. | पूर्ण दृष्टि बिहिन | १४ | १३ | २७ |
| ४. | बहिरा | ९ | १३ | २२ |
| ५ | सुस्त श्रवण | ० | १ | १ |
| ६. | सवार र बोलाइ सम्बन्धी अपाङ्गता | २ | ० | २ |
| ७. | मानसिक वा मनोसामाजिक अपाङ्गता | ३ | २ | ५ |
| ८. | बैद्धिक अपाङ्गता | ९ | ६ | १५ |
| ९. | अटिज्म सम्बन्धी अपाङ्गता | ० | १ | १ |
| १०. | बहु अपाङ्गता | १२ | १८ | ३० |
| कुल जम्मा | | ८७ | ११९ | २०६ |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

**तालिका ३-७: अपाङ्गता परिचयपत्रको किसिमको आधारमा**

| अपाङ्गता परिचय पत्रको किसिम | परिचयपत्र लिएका व्यक्तिहरुको सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| पूर्ण अशक्त अपांगता (रातो रंगको) | ११ | २२ | ३३ |
| अति अशक्त अपांगता परिचय पत्र (नीलो रंगको) | ६० | ६४ | १२४ |
| मध्यम अपांगता (पहेंलो रंगको) | १४ | २३ | ३७ |
| सामान्य अपांगता (सेतो रंगको) | २ | १० | १२ |
| कुल जम्मा | ८७ | ११९ | २०६ |

श्रोतः न.पा.(महिला विकास शाखा), २०७७

## ३.९. परिवारको स्वामित्वमा रहेको जग्गा जमिन सम्वन्धि विवरण

यस नगरपालिकामा रहेका कुल १४,९४५ घरपरिवार मध्ये १४,६७६ अर्थात् ९८.२ प्रतिशत परिवारमा आफ्नै स्वामित्वमा घर तथा जमिन रहेको छ भने १६४ अर्थात् १.१ प्रतिशत घरधुरी भाडामा बसेको देखिन्छ । परिवारको स्वामित्वमा रहेको जग्गा जमिन सम्वन्धि तथ्याङ्कको वडागत विवरण तालिका ३-८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३-८: बसोबास गरिरहेकाघरको स्वामित्वको आधारमा परिवार**

| वडा न. | बसोबास गरिरहेको घरको स्वामित्वको आधारमा परिवार | | | | |
|---|---|---|---|---|---|
| | आफ्नै(%) | भाडामा (%) | संस्थागत(%) | अन्य (%) | जम्मा परिवार |
| १ | ९९.८ | ०.१ | ०.० | ०.० | १५१७ |
| २ | ९८.७ | १.३ | ०.० | ०.० | २६६४ |
| ३ | ९९.६ | ०.४ | ०.० | ०.० | ८५४ |
| ४ | ९९.५ | ०.१ | ०.१ | ०.० | २४१० |
| ५ | ९४.६ | ४.४ | ०.२ | ०.० | १८८९ |
| ६ | ९८.६ | ०.९ | ०.१ | ०.० | १५२२ |
| ७ | ९९.३ | ०.३ | ०.० | ०.० | १६३७ |
| ८ | ९८.२ | १.० | ०.० | ०.० | ८९५ |
| ९ | ९५.८ | ०.४ | ०.१ | ०.० | १५५७ |
| जम्मा | ९८.२ | १.१ | ०.० | ०.० | १४९४५ |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

## ३.१०. घर तथा जमिनमा महिलाको स्वामित्व हुने परिवारको विवरण

यस नगरपालिकामा रहेका कुल १४,९४५ घरपरिवार मध्ये १०५९ अर्थात् ७.०८ प्रतिशत परिवारमा महिलाको स्वामित्वमा घर रहेको छ भने १३८८६ अर्थात् ९२.९२ प्रतिशत घरधुरीमा पुरुषको नै स्वामित्व रहेको देखिन्छ भने १०.४२ प्रतिशत परिवारमा महिलाको स्वामित्वमा जग्गा रहेको छ । हालका वर्षहरूमा शिक्षाको सकारात्मक प्रभाव, सञ्चार माध्यमको विकास र त्यसको प्रचारात्मक प्रभाव, प्रमुख राजनैतिक तथा सामाजिक परिवर्तन जस्ता कारणले लैङ्गिक भेदभाव क्रमशः कम हुँदै गएतापनि नगरपालिकाको तथ्याङ्कलाई हेर्दा जम्मा १-८ भाग भन्दा कम महिलाहरूमा नाममात्रको जग्गा जमिनको स्वामित्व रहेको छ । यस तथ्यले लैङ्गिक भेदभाव हटाउन राज्यले प्रभावकारी कदमहरू कडाइका साथ चाल्नु अनिवार्य छ । तथ्याङ्कको वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३-९: घर र जग्गामा महिलाको स्वामित्व भएका परिवार सङ्ख्या**

| वडा न. | घरको स्वामित्व( प्रतिशत) | | जग्गामा स्वामित्व( प्रतिशत) | |
|---|---|---|---|---|
| | भएको | नभएको | भएको | नभएको |
| १ | ०.७६ | ९९.२४ | ४.३६ | ९५.६४ |
| २ | २.४० | ९७.६० | ६.८२ | ९३.१८ |
| ३ | ५.७० | ९४.३० | ६.४८ | ९३.५२ |
| ४ | ७.३७ | ९२.६३ | ८.८४ | ९१.१६ |
| ५ | १२.८० | ८७.२० | १६.७१ | ८३.२९ |
| ६ | ७.९८ | ९२.०२ | १२.७७ | ८७.२३ |
| ७ | १०.९७ | ८९.०३ | १५.७५ | ८४.२५ |
| ८ | १२.७५ | ८७.२५ | १५.१० | ८४.९० |
| ९ | ३.०२ | ९६.९८ | ६.९४ | ९३.०६ |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

# ४. सामाजिक पूर्वाधार तथा सेवा

## ४.१. शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको प्रमुख सूचकको रूपमा लिइन्छ । समग्रमा हेर्दा शिक्षा प्रति जनचासो, राज्य र गैरराज्य पक्षको लगानीको समष्टिगत परिणामस्वरुप समग्र देशको साक्षरता दरमा वृद्धि आवधिक भइरहेको छ । कृष्णपुर नगरपालिकाको तथ्याङ्कबाट पनि यसको आभास पाउन सकिन्छ । यसका साथै देशबाट निरक्षरता उन्मुलन गर्न विद्यालय भर्ना अभियान जस्ता राज्य निर्देशित अभियान पनि प्रभावकारी हुने अपेक्षा गरिएको छ । यसै सिलसिलामा कृष्णपुर नगरपालिकाको शैक्षिक स्थिति देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा हो । शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको सर्वोपरि भूमिका रहन्छ। गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई एक अनिवार्य आवश्यकता हो। नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हक मा देहायबमोजिमको व्यवस्था गरिएको छ ।

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

संविधान तथा योजनाको ठूलठूला वहस भएता पनि शैक्षिक गुणस्तरको हकमा अन्य मुलुकको तुलनामा उल्लेखनीय विकास भने भएको देखिँदैन । शिक्षाले ज्ञान र सिपमा प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध बालबालिका एवं आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ । देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, अथकरूपमा सिक्ने र सिकाउने प्रवृति, सामाजिक र मानवीय मूल्यमान्यता र आत्मविश्वासजस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो । यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोचको पर्याप्तता हुनुपर्छ । निर्दिष्ट सिकाइमात्र स्तरीयता होइन । आज व्यावहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता, देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ ।

परम्परागत कृषि पेशामा आधुनिकिकरण र व्यवसायिकरण गर्न, उद्यमशिलताको विकास र पूँजी लगानी मार्फत औद्योगिकिकरण गर्न मयार्दित रोजगारीको अवसर सृजना गर्न र समग्रमा मानव विकास मार्फत सम्वृद्ध र समुन्नत देश विकास गर्न जीवनोपयोगी र व्यवहारिक शिक्षाको अहम् भूमिका रहन्छ ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस कृष्णपुर नगरपालिकाको शैक्षिक स्थिति देखाउन यहाँको साक्षरता स्थिति, शिक्षण संस्थाको विवरण, शिक्षक दरबन्दी विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन खोजिएको छ जसबाट कृष्णपुर नगरपालिकाको शैक्षिक अवस्थालाई बुझी आगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ ।

### ४.१.१. शाक्षरता दर

नगरपालिकामा रहेको ८१२४४ जनसंख्या मध्ये ५ वर्ष माथिका ५३,९७९ जना साक्षर रहेको देखिन्छ । यस मध्ये २९,९७५ जना पुरुष र २४,००४ जना महिलाहरू साक्षर रहेका छन् । त्यसैगरी नगरपालिकामा रहेको जनसंख्या मध्ये १५ वर्ष माथिका र ६० बर्ष मुनिका ४४२३५ मध्ये ४२०२३ जना साक्षर र २२१२ जना निरक्षर रहेको देखिन्छ । कूल जनसंख्याको ६८.८७ प्रतिशत कक्षा १ देखि ८ सम्मको शैक्षिक स्तर, १९.१२ प्रतिशत कक्षा ९ देखि १२ सम्म, १.४४ प्रतिशत उच्च शिक्षा सम्म अध्ययन, ५.९ प्रतिशत पूर्व प्राथमिक शिक्षामा अध्ययन गरिरहेका छन् । त्यसैगरी प्रौढ शिक्षा अन्तर्गत ३.८३ प्रतिशत रहेका छन् । नगरपालिकामा स्नातक वा सो भन्दा माथिको अध्ययन गरेकाहरूको संख्या न्यून रहेको छ । उच्च अध्ययन गर्ने अवसर नमिलेर वा आर्थिक अवस्था नभएर सो संख्या न्यून रहेको हुनसक्छ । नगरपालिकाको विकासकालागि नगरपालिकाकै दक्ष तथा शिक्षित जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । सामान्यतया उच्च अध्ययन गरेकाहरू नगरपालिकामै रोजगारी तथा उचित अवसरको कमीले पलायन हुने गर्दछन् । दिगो विकासको लागि शिक्षित र दक्ष जनशक्ति नगरपालिकामा रहि ज्ञान र सीपको पूर्ण सदुपयोग गर्न पाउने वातावरणको सुनिस्चितता हुनुपर्दछ । तुलनात्मक रुपमा केहिमात्रामा भएपनि पुरुषको भन्दा महिलाहरूको संख्या प्राय सबै शैक्षिक तहहरूमा कम रहेको देखिन्छ । किशोरी र महिलाको जनसंख्या धेरै भएको यो नगरपालिकामा शिक्षामा भने उनीहरूको संख्या कम हुनु उचित नभएकोले यसतर्फ सम्बन्धित सबैको ध्यान जानु जरुरी छ । वडागत लैङ्गिक शाक्षरता विवरण तालिका ४-१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४-१: ५ वर्ष वा सो भन्दा वढी उमेरका जनसङ्ख्याको साक्षरता दर**

| वडा न. | ५ वर्ष वा सो भन्दा वढी उमेरका जनसङ्ख्याको साक्षरता दर (प्रतिशत) | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| १ | ८४.५३ | ६१.०३ | ७२.३० |
| २ | ७४.०४ | ६१.६१ | ६४.१३ |
| ३ | ७६.६१ | ५९.२४ | ६६.०६ |
| ४ | ७३.७४ | ६५.४८ | ६५.२२ |
| ५ | ८०.१२ | ६२.२० | ६७.९१ |
| ६ | ८५.८७ | ७६.७६ | ७३.९३ |
| ७ | ७१.५४ | ६१.१७ | ६१.१७ |
| ८ | ७६.३८ | ६०.२५ | ६६.१२ |
| ९ | ७६.६६ | ५९.०४ | ६४.७१ |
| जम्मा | ७७.२१ | ६३.०४ | ६६.४४ |

स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग तथा स्थलगत सर्वेक्षण २०७७

### ४.१.२. शैक्षिक संस्थाहरूको विवरण

नगरपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्रास गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ। शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस नगरपालिकामा आ.व. २०७७/७८ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण तलको तालिकामा देखाईएको छ ।

**तालिका ४-२: नगरपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण**

| विवरण | सामुदायिक | निजी | कुल |
|---|---|---|---|
| बाल विकास केन्द्र | ६८ | २८ | ९६ |
| प्रा. वि. | ११ | १० | २१ |
| नि. मा. वि. | ९ | ८ | १७ |
| मा. वि. | ६ | ५ | ११ |
| उ. मा. वि. | ७ | ५ | १२ |
| क्याम्पस | २ | ० | २ |

स्रोतः कृष्णपुर न.पा., शिक्षा शाखा २०७७

(नोट : नयाँ शिक्षा ऐन अनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा घोषणा गरिएको छ । त्यस्तै कक्षा १ भन्दा मुनिको तहलाई बाल विकास भनेर नामाकरण गरिएको छ ।)

## बालविकास केन्द्रको विवरण

कृष्णपुर नगरपालिकामा जम्मा ६८ वटा बाल विकास केन्द्र संचालनमा रहेका छन । वडागत बालविकास केन्द्रको विवरण तालिका ४-३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४-३ : कृष्णपुर नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयका बाल विकास केन्द्रको विवरण**

| क्र.सं. | बालविकास कक्षा/विद्यालयको नाम | मातृ विद्यालयको नाम | ठेगाना | शिक्षकको नाम |
|---|---|---|---|---|
| १ | राष्टिय बालविकास केन्द्र | राष्ट्रिय मा.वि. पहरिया | कृष्णपुर १ पहरिया | तारा देवि भण्डारी |
| २ | महाकाली बालविकास केन्द्र | महाकाली मा.बि बसन्तपुर | कृष्णपुर ७ बशन्तपुर | कविता भट्ट |
| ३ | कृष्णपुर मा.वि. बा.वि. केन्द्र | कृष्ण मा.वि. कृष्णपूर | कृष्णपुर गाविस ४ | पुस्पा भट्ट |
| ४ | नवदुर्गा बालविकास केन्द्र | कृष्ण मा.वि. कृष्णपूर | कृष्णपुर ४ ढाया | जानकी शाह |
| ५ | राष्टिय बालविकास केन्द्र | राष्टिय मा.वि. कलूवापूर | रै.वि. ३ कलुवापुर | ज्ञानु चटौत |
| ६ | दिपज्योति बालविकास केन्द्र | राष्टिय मा.वि. कलूवापूर | रै.वि. ३ कलुवापुर | विन्दु खड्का |
| ७ | सिद्धनाथ बालविकास केन्द्र | राष्टिय मा.वि. कलूवापूर | रै.वि. ३ कलुवापुर | राजु नेगि ऐर |
| ८ | कृष्णपुर उदय बालविकास केन्द्र | उदय मा.वि, बंक | कृष्णपुर २ बंक | विमला बोहरा |
| ९ | उदय बालविकास केन्द्र | उदय मा.वि, बंक | कृष्णपुर २ बंक | लक्ष्मी सिंह |
| १० | ग्वाँसी बालविकास केन्द्र | ग्वासी आ.वि. मालूवेला | कृष्णपुर ३ मालुबेला | पार्वती भण्डारी |
| ११ | नवकिरण बालविकास केन्द्र | सरस्वती मा.बि.कल्याणपुर | कृष्णपुर ८ | टिका देवि विष्ट |
| १२ | एकता बालविकास केन्द्र | सरस्वती मा.बि.कल्याणपुर | कृष्णपुर ८ कल्याणपुर | पद्मा जोशी |
| १३ | बैजनाथ बालविकास केन्द्र क | बैजनाथ आ.वि. दोमील्ला | कृष्णपुर १ द्योमिल्ला | विष्णुदत्त जोशी |
| १४ | बैजनाथ बालविकास केन्द्र ख | बैजनाथ आ.वि. दोमील्ला | कृष्णपुर १ द्योमिल्ला | सरस्वती जोशी |
| १५ | ऐश्वर्य बालविकास केन्द्र | बैजनाथ आ.वि. दोमील्ला | कृष्णपुर १ द्योमिल्ला | इन्द्रा भण्डारी |

| | | | | |
|---|---|---|---|---|
| १६ | बैजनाथ बालविकास केन्द्र | बैजनाथ आ.वि. दोमील्ला | कृष्णपुर १ द्योमिल्ला | शोभा ऐडी |
| १७ | सिद्धनाथ बालविकास केन्द्र | समैजी मा.वि.किचाई | कृष्णपुर ४ किचाई | दुर्गा कुँवर |
| १८ | समैजी मावि बा.वि. केन्द्र | समैजी मा.वि.किचाई | कृष्णपुर ४ किचाई | डम्मरा ओझा |
| १९ | हिमचुली बालविकास केन्द्र | समैजी मा.वि.किचाई | कृष्णपुर ४ किचाई | चन्द्र ब. चौधरी |
| २० | प्रगती बालविकास केन्द्र | समैजी मा.वि.किचाई | कृष्णपुर ४ किचाई | शारदा विक |
| २१ | कञ्चन बालविकास केन्द्र | कंचन मा.वि. शान्तिपूर | रै.वि. ५ शान्तिपुर | हिरा राना |
| २२ | कालिका बालविकास केन्द्र | कालिका मा.वि. वण्ड | कृष्णपुर १ बण्ड | धर्मा भट्ट |
| २३ | सरस्वती बालविकास केन्द्र | सरस्वती मा.वि., वाणी | कृष्णपुर २ वाणी | माधवि नाथ |
| २४ | मालिका बालविकास केन्द्र | सरस्वती मा.वि., वाणी | कृष्णपुर २ वाणी | बशन्ति शाह |
| २५ | सयपत्रि बालविकास केन्द्र | सयपत्री आ.वि.कृष्णपुर | कृष्णपुर ६ | महेश्वरी पण्डित |
| २६ | बालमुक्ति बालविकास केन्द्र | बालमुक्ति आ.बि.बालुवाफाटा | कृष्णपुर ९ बलुवाफाटा | द्रोपति चौधरी |
| २७ | नवप्रतिभा बा.वि. केन्द्र | गौरीशंकर आ.बि.कलुवापुर | कृष्णपुर– कलुवापुर | शारदा सेठी |
| २८ | गौरीशंकर बालविकास केन्द्र | गौरीशंकर आ.बि.कलुवापुर | कृष्णपुर– कलुवापुर | लक्ष्मी कार्की |
| २९ | विणा बालविकास केन्द्र | बीणा मा.बि.रैकवारबिचवा | कृष्णपुर ८ | राजमति चौधरी |
| ३० | उन्नत बालविकास केन्द्र | बीणा मा.बि.रैकवारबिचवा | कृष्णपुर ८ | ईश्वरी भाट |
| ३१ | प्रगति बालविकास केन्द्र | बीणा मा.बि.रैकवारबिचवा | कृष्णपुर राजघाट | इशवरी भाट |
| ३२ | ज्योति बालविकास केन्द्र | पंचाधिन मा.बि. राजघाट | कृष्णपुर घोडाघाट | तारा चन्द |
| ३३ | नवज्योति बालविकास केन्द्र | नवज्योती आा.वि. राजघाट | रै.बि. १ राजघाट | ज्ञानु भण्डारी |
| ३४ | नमूना बालविकास केन्द्र | नवज्योती आ.वि. राजघाठ | रै.बि. ७ राजघाठ | रुपा सुनार |
| ३५ | सरस्वती बालविकास केन्द्र | वालकल्याण आ.वि.खल्लागोठ | कृष्णपुर–२ बाणीशिविर | पार्वती बोहरा |
| ३६ | बनदेवि बा.वि. केन्द्र क | वनदेवी आ.वि. सुदर्शनपूर | कृष्णपुर ५ सुदर्शनपुर | बशन्ति चौधरी |
| ३७ | बनदेवि बा.वि. केन्द्र ख | वनदेवी आ.वि. सुदर्शनपूर | कृष्णपुर ५ सुदर्शनपुर | टीका चौधरी |
| ३८ | जनजागृति बा.वि.केन्द्र | जनजागृती आ.वि. दयापूर | कृष्णपुर ४ ढाया | रमा देवि खड्का |
| ३९ | उज्जवल बालविकास केन्द्र | सरस्वती आ.बि.पिपरिया | रै.वि. ९ पिपरैया | पार्वती राना |
| ४० | सरस्वती बालविकास केन्द्र | सरस्वती आ.बि.पिपरिया | रै.वि. ९ पिपरैया | मुना राना |
| ४१ | जागृति बालविकास केन्द्र | पवित्र आ.वि.पवित्रवस्ति | कृष्णपुर ६ पवित्रबस्ति | भागरथि दमाई |
| ४२ | सिद्धनाथ बालविकास केन्द्र | सिद्धनाथवालज्योती आ.वि.वाणी | कृष्णपुर २ गडविजला | रत्ना रावल |
| ४३ | बालज्योथी बालविकास केन्द्र | सिद्धनाथवालज्योती अ्रा.वि.वाणी | कृष्णपुर २ गडविजला | अनिता सिंह |

| | | | | |
|---|---|---|---|---|
| ४४ | चन्द्रसूर्या बालविकास केन्द्र क | चन्द्रसूर्य आ.वि. दोमील्ला | कृष्णपुर १ श्रीपुर | कमला देवि जोशी |
| ४५ | प्रगतिशील बालविकास केन्द्र | चन्द्रसूर्य आ.वि. दोमील्ला | कृष्णपुर १ श्रीपुर | विमला रावत |
| ४६ | समैजी बालविकास केन्द्र | चन्द्रसूर्य आ.वि. दोमील्ला | कृष्णपुर १ श्रीपुर | नन्दा कु. सार्कि |
| ४७ | सिद्धनाथ बा.वि.केन्द्र | सिद्घनाथ आ.वि. किचाई | कृष्णपुर ३ किचाइ | काली चौधरी |
| ४८ | सिद्धनाथ बा.वि.केन्द्र | सिद्घनाथ आ.वि. किचाई | कृष्णपुर ३ किचाइ | जयलक्ष्मी बम |
| ४९ | शिबपार्वती बालविकास केन्द्र | बैजनाथ शान्ति आ.बि.भेटघाठ | कृष्णपुर १ भेटघाट | गिता सावद |
| ५० | बैजनाथ बालविकास केन्द्र | बैजनाथ शान्ति आ.बि. भेटघाठ | कृष्णपुर १ भेटघाट | पुषोमति चौधरी |
| ५१ | बालदिपज्योति बा.वि. केन्द्र | वालदीपज्योती आ.वि. | कृष्णपु १ कुञ्जकली | नारन्दि चन्द बम |
| ५२ | मैगर बालविकास केन्द्र | जनज्योती आ.वि सुन्दरीफाटा | कृष्णपुर १ सुन्दरीफाटा | जानकी चौधरी |
| ५३ | जनज्योति बालविकास केन्द्र | जनज्योती आ.वि सुन्दरीफाटा | कृष्णपुर १ सुन्दरीफाटा | शान्ति चौधरी |
| ५४ | लक्ष्मी बालविकास केन्द्र | जनज्योती आ.वि सुन्दरीफाटा | कृष्णपुर १ सुन्दरीफाटा | गिता चौधरी |
| ५५ | जुनतारा बालविकास केन्द्र | सृजना आ.वि.वेलकुण्डि | कृष्णपुर ४ वेलकुण्डी | मन्त देवि चौधरी |
| ५६ | जनउत्थान बा.वि. केन्द्र | जनउत्थान आ.वि. | कृष्णपुर २ गुन्यालफाटा | मिना रोकाया |
| ५७ | नमुना बालविकास केन्द्र | जनउत्थान आ.वि. | कृष्णपुर २ गुन्यालफाटा | लक्ष्मी थापा |
| ५८ | सरस्वती बालविकास केन्द्र | जनउत्थान आ.वि. | कृष्णपुर २ वादीसिविर। | रामकुमारी सिंह |
| ५९ | जनशक्ती बालविकास केन्द्र | जनशक्ति आ.वि. मटैया | रै.वि. ४ मटैया | कमला ओझा |
| ६० | फुला बालविकास केन्द्र | नन्द मा.वि. देखतभूली | कृष्णपुर ३ बैबाहापट्टी | पशुपति चौधरी |
| ६१ | जुनतारा बालविकास केनद्र | नन्द मा.वि. देखतभूली | कृष्णपुर ३ कटान | जुगुन देवि चौधरी |
| ६२ | सूर्यमुखि बालविकास केन्द्र | नन्द मा.वि. देखतभूली | कृष्णपुर ३ वाणी | निर्मला चौधरी |
| ६३ | जनचेतना बा.वि. केन्द्र | सत्यवादी आ.वि. वंक | कृष्णपुर २, वंक | निर्मला भण्डारी |
| ६४ | कोपिला बालविकास केन्द्र | सत्यवादी आ.वि. वंक | कृष्णपुर २, वंक | कमला भण्डारी |
| ६५ | समैजी बालविकास केन्द्र | समैजी मा.वि.किचाई | र्कष्णपुर ४ | मंजु भट्ट |
| ६६ | सयपत्रि बालविकास केन्द्र | समैजी मा.वि.किचाई | कृष्णपुर ४ | खगेश्वरी कु विष्ट |
| ६७ | कालिका बालविकास केन्द्र | ग्वासी आ.वि. मालूवेला | कृष्णपुर ४ | मंजु जोशी |
| ६८ | सिद्देश्वरी बालविकास केन्द्र | वालदीपज्योती आ.वि. | कृष्णपुर १ कुञ्जकली | तुलसी भट्ट भण्डारी |

स्रोतः कृष्णपुर न.पा., शिक्षा शाखा २०७७

## विद्यालयको विवरण

कृष्णपुर नगरपालिकामा जम्मा ६३ वटा विध्यालय सामुदयिक तथा संस्थागत रुपमा संचालनमा रहेका छन । जसमध्ये ३४ वटा सामुदायिक विध्यालय रहेका छन भने २९ वटा संस्थागत विध्यालय रहेका छन । यि विध्यालयहरुमा जम्मा

३०,८३६ बिध्यार्थी रहेका छन जसमध्ये १२,१७४ बिध्यार्थी सामुदायिक तर्फ एवमं १८,६६२ बिध्यार्थी संस्थागत तर्फ रहेका छन । कृष्णपुर नगरपालिमा संचालित सामुदायिक एवं संस्थागत विध्यालय हरुको विभिन्न तहमा अध्ययनरत विध्यार्थीहरुको विवरण तालिका ४-३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४-३ : नगरपालिका अन्तरगतका विद्यालयहरुमा भएको बाल विकास केन्द्र आधारभूत तह र माध्यमिक तह को विद्यालयगत विध्यार्थी विवरण २०७७**

| विद्यालयको नाम, ठेगाना | बाल विकास केन्द्र | | | आधारभूत विद्यालय | | | माध्यमिक विद्यालय | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| सामुदायिक विघालय | | | | | | | | | |
| नन्द मा.वि.देखतभुली | ४८ | ४५ | ९३ | २२३ | १७८ | ४०१ | २१५ | १२४ | ३३९ |
| कृष्ण मा.वि.कृष्णपुर | १८ | २४ | ४२ | १८९ | १५१ | ३४० | २२६ | १५९ | ३८५ |
| राष्ट्रिय मा.वि.पहरिया | ७ | १३ | २० | १९६ | १४४ | ३४० | १९८ | ११९ | ३१७ |
| उदय मा.वि.बंक | २५ | १४ | ३९ | १६६ | ९७ | २६३ | २४१ | १२६ | ३६७ |
| महाकाली मा.वि.वसन्तपुर | ३० | ३२ | ६२ | २०८ | १५८ | ३६६ | १३९ | ९८ | २३७ |
| सरस्वती मा.वि.कल्याणपुर | १८ | २५ | ४३ | १४४ | ७१ | २१५ | ७४ | ४१ | ११५ |
| सरस्वती मा.वि.वाणी | २७ | ७ | ३४ | १९४ | १३४ | ३२८ | २३१ | ११६ | ३४७ |
| समैजी मा.वि.किचाइ | ३२ | २३ | ५५ | ३६४ | २९५ | ६५९ | १४७ | १०२ | २४९ |
| ग्वाँसी आ.वि.मालुबेला | १५ | ३५ | ५० | ९९ | १०० | १९९ | ० | ० | ० |
| बैजनाथ आ.वि.दोमिल्ला | ३३ | ३३ | ६६ | १४१ | १०० | २४१ | ० | ० | ० |
| कालिका मा.वि.बण्ड | ११ | १० | २१ | १७५ | १३२ | ३०७ | ७४ | ३१ | १०५ |
| सयपत्री आ.वि.कृष्णपुर | १३ | ७ | २० | १६६ | १०९ | २७५ | ० | ० | ० |
| बनदेवी आ.वि.सुदर्शनपुर | १३ | ६ | १९ | ६४ | ३४ | ९८ | ० | ० | ० |
| जनजागृति आ.वि.दयापुर | १६ | १५ | ३१ | १३३ | ४९ | १८२ | ० | ० | ० |
| बालकल्याण आ.वि.खल्लागोठ | ८ | १३ | २१ | १५८ | १५८ | ३१६ | ० | ० | ० |
| पवित्र आ.व. कृष्णपुर | २६ | २६ | ५२ | ९९ | ८३ | १८२ | ० | ० | ० |
| सत्यवादी आ.वि.बंक | ३० | २४ | ५४ | ३३ | २२ | ५५ | ० | ० | ० |
| सिद्धनाथ वा.ज्योती आ.वि.वाणी | १७ | २८ | ४५ | ७१ | ७१ | १४२ | ० | ० | ० |
| सिद्दनाथ आ.वि.किचाइ | २० | १५ | ३५ | ४५ | ४० | ८५ | ० | ० | ० |
| जनउत्थान आ.वि.बंक | २३ | १९ | ४२ | १७२ | ११७ | २८९ | ० | ० | ० |
| बैजनाथ आ.वि.भेटघाट | १९ | १४ | ३३ | ४२ | २९ | ७१ | ० | ० | ० |
| चन्द्रसूर्य आ.वि.श्रीपुर | २७ | २३ | ५० | ८० | ५७ | १३७ | ० | ० | ० |
| जनज्योती आ.वि.सुन्दरीफाटा | १४ | २१ | ३५ | ३० | ४३ | ७३ | ० | ० | ० |
| वालदीपज्योती आ.वि.कुन्जकली | १३ | २३ | ३६ | ४५ | ४२ | ८७ | ० | ० | ० |
| श्रीजना आ.वि.बेलकुण्डी | १५ | १८ | ३३ | ३७ | २१ | ५८ | ० | ० | ० |
| वीणा मा.वि. रैकवार बिचवा | ३३ | ४८ | ८१ | १७९ | १३० | ३०९ | १५७ | १२३ | २८० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| श्री पंचाधीन मा.वि.राजघाट | १७ | १४ | ३१ | १५८ | १३० | २८८ | ६८ | ४४ | ११२ |
| कन्चन मा.वि.शान्तिपुर | १० | १२ | २२ | १६० | ११२ | २७२ | ५० | ४१ | ९१ |
| राष्टि्य मा.वि. कलुवापुर | ११ | २१ | ३२ | २५५ | १२९ | ३८४ | १४८ | ७६ | २२४ |
| सरस्वति आ.वि.पिपरिया | २७ | ३३ | ६० | १४७ | १०७ | २५४ | ० | ० | ० |
| गौरीशंकर आ.वि.कलुवापुर | १९ | ३० | ४९ | ८६ | ५२ | १३८ | ० | ० | ० |
| नवज्योति आ.वि.राजधाट | २२ | २३ | ४५ | ९८ | ८० | १७८ | ० | ० | ० |
| जनशक्ति आ.वि. कलुवापुर | १४ | २१ | ३५ | ३८ | ५० | ८८ | ० | ० | ० |
| वालमुक्ति आ.वि.बालुवाफाटा | - | - | - | - | - | - | - | - | - |
| संस्थागत विद्यालय | | | | | | | | | |
| माउण्ट अपि ई.बो., कृष्णपुर ३ | ३७ | ६६ | १०३ | १५६ | २७८ | ४३४ | ८ | ४८ | ५६ |
| गुडलक ई.बो.स्कुल, कृष्णपुर ३ | ४३ | ५१ | ९४ | १२४ | २०२ | ३२६ | ० | ० | ० |
| श्री कञ्चनजंगा मा.वि., कृष्णपुर ५ | ३० | ५६ | ८६ | ७१६ | १३१६ | २०३२ | २०८ | २६८ | ४७६ |
| रोजी इक्सक्लोसिव ई.बो.स्कुल, कृष्णपुर २ | ६१ | ९२ | १५३ | ३४० | ५३० | ८७० | ४८ | १२२ | १७० |
| श्री सनलाइट पब्लिक स्कुल, कृष्णपुर २ | ७१ | ११८ | १८९ | ४६८ | ८४२ | १३१० | १५६ | २२० | ३७६ |
| सरस्वती विद्या निकेतन, कृष्णपुर ६ | ४३ | ६५ | १०८ | ४०० | ६५८ | १०५८ | ४८ | ९२ | १४० |
| ज्योती ई.बो.स्कुल, कृष्णपुर ५ | ६६ | ९० | १५६ | ३४० | ५३४ | ८७४ | ३८ | ७० | १०८ |
| श्री नवयुग बाल विद्यालय, कृष्णपुर ४ | ३५ | ४९ | ८४ | १६२ | ३५६ | ५१८ | २०० | १६८ | ३६८ |
| श्री केदार पब्लिक स्कुल, कृष्णपुर १ | १९ | ३१ | ५० | २४२ | ३२४ | ५६६ | ० | ० | ० |
| राधाकृष्ण ई.बो.स्कुल, कृष्णपुर २ | २५ | ३२ | ५७ | २२ | २८ | ५० | ० | ० | ० |
| श्री जे.बी.एकेडेमी, कृष्णपुर २ | ९८ | १४९ | २४७ | ३७६ | ६८० | १०५६ | ९६ | १३८ | २३४ |
| श्री ऐबी. ई.बो.स्कुल, कृष्णपुर १ | २८ | ६२ | ९० | १६० | ३२२ | ४८२ | ० | ० | ० |
| रिज एकेडेमी स्कुल, कृष्णपुर ६ | ३ | १४ | १७ | ३०२ | ४७४ | ७७६ | ६० | ७६ | १३६ |
| श्री पशुपति विद्या निकेतन, कृष्णपुर ४ | ० | ० | ० | १३० | २७२ | ४०२ | २२ | २६ | ४८ |
| श्री ब्लुम फिल्ड एकेडेमी, कृष्णपुर ५ | ४२ | ६७ | १०९ | १७० | २५६ | ४२६ | २० | ३४ | ५४ |
| पञ्चदेब ई.बो.स्कुल, कृष्णपुर १ | ३२ | ३८ | ७० | ६६ | १६४ | २३० | ० | ० | ० |
| नया सृष्टी स्कुल, कृष्णपुर ४ | २० | २८ | ४८ | ७६ | ६६ | १४२ | ० | ० | ० |
| डाइमण्ड ई.बो.स्कुल, कृष्णपुर २ | ३९ | २३ | ६२ | १८४ | २४० | ४२४ | ० | ० | ० |
| रौलेश्वर एजुकेशन एकेडेमी, कृष्णपुर १ | २४ | ५५ | ७९ | ७२ | १७४ | २४६ | ० | ० | ० |
| श्री साइनि्मून चिल्ड्रेन, कृष्णपुर ६ | ३४ | ४० | ७४ | १६८ | ३०४ | ४७२ | १६ | ३२ | ४८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| श्री न्यू जिनियस एकेडेमी, कृष्णपुर ७ | ४७ | ६६ | ११३ | १९८ | ३२२ | ५२० | ० | ० | ० |
| महाकाली नोबेल एकेडेमी,कृष्णपुर ९ | ४५ | ४९ | ९४ | ९२ | १३४ | २२६ | ० | ० | ० |
| माहाकाली मोडेल एकेडेमी, कृष्णपुर ९ | २० | १९ | ३९ | २ | ० | २ | ० | ० | ० |
| बाल विकास एकेडेमी, कृष्णपुर ७ | २० | ३७ | ५७ | ९८ | १६२ | २६० | ० | ० | ० |
| कञ्चन एकेडेमी, कृष्णपुर ८ | ५२ | ६९ | १२१ | ९२ | १४४ | २३६ | ० | ० | ० |
| आस्था एकेडेमी, कृष्णपुर ७ | ० | ० | ० | ८४ | १२६ | २१० | ० | ० | ० |
| जय हुनैनाथ ई.बो., कृष्णपुर ४ | - | - | - | - | - | - | - | - | - |
| भिक्टोर भिजन, कृष्णपुर २ | - | - | - | - | - | - | - | - | - |

स्रोतः कृष्णपुर न.पा., शिक्षा शाखा २०७७

कृष्णपुर नगरपालिकामा जम्मा ६३ वटा सामुदयिक विध्यालयहरुमा जम्मा २२९ जना शिक्षक/शिक्षिका अध्यापन गराइरहेका छन । जसमध्ये १३ जना अनुदानमा, ९८ जना राहातमा र ११८ जना स्थायी दरबन्दीमा रहेका छन। कृष्णपुर नगरपालिमा संचालित सामुदायिक विध्यालय हरुको विभिन्न तहमा अध्यापनरत शिक्षक/शिक्षिकाहरुको विवरण तालिका ४-४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४-४ : नगरपालिका अन्तरगतका विद्यालयहरुमा भएको आधारभूत तह (१-८) र माध्यमिक तह (९-१२) को विद्यालयगत रुपमा शिक्षक दरवन्दि विवरण २०७७**

| विद्यालयको नाम | माध्यमिक (११-१२) | | | माध्यमिक (९-१०) | | | आधारभूत (६-८) | | | आधारभूत (१-५) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दि | अनुदान | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा | स्वीकृत | राहत | जम्मा |
| नन्द मा वि देखतभूली | ० | २ | २ | ० | ३ | ३ | २ | २ | ४ | ३ | १ | ४ |
| कृष्ण मा वि | ० | ३ | ३ | ६ | ० | ६ | ५ | ० | ५ | ५ | ० | ५ |
| राष्ट्रिय मा वि पहरिया | ० | २ | २ | ३ | १ | ४ | ४ | ० | ४ | ४ | १ | ५ |
| उदय मा वि बंक | ० | २ | २ | १ | २ | ३ | १ | २ | ३ | ५ | १ | ६ |
| महाकाली मा वि बसन्तपुर | ० | २ | २ | ० | ३ | ३ | २ | १ | ३ | ५ | ० | ५ |
| सरस्वति मा वि कल्याणपुर | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ | ३ | १ | ४ |
| सरस्वति मा वि बाणी | ० | ० | ० | ० | १ | १ | ० | ३ | ३ | ५ | १ | ६ |
| समैजी मा वि किचाई | ० | ० | ० | १ | ० | १ | ० | ३ | ३ | ३ | २ | ५ |
| ग्वासी आ वि मालुबेला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | १ | ४ |
| बैजनाथ आ वि दोमिल्ला | ० | ० | ० | ० | ० | ० | ० | २ | २ | ३ | १ | ४ |
| कालिका मा वि | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ | २ | ३ | ५ |
| सयपत्री आ वि | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ | १ | ४ | ५ |
| बालमुक्ति आ वि बालुवाफाटा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ३ |
| बनदेवी आ वि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ | ४ |
| जनजागृति आ वि दयापुर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ |
| बालकल्याण आ वि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ३ | ५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पवित्र आ वि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | २ | ३ |
| सत्यवादी आ वि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ |
| सिद्दनाथ बालज्योति आ वि बाणी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| सिद्दनाथ आ वि किचाई | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | १ | ४ |
| जनउत्थान आ वि वंक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | १ | ५ |
| बैजनाथ आ वि भेटघाट | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ |
| चन्द्र सूर्य आ वि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | २ |
| जनज्योति आ वि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | २ |
| बालदिपज्योति आ वि कुन्जकली | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| सृजना आ वि बेलकुन्डी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| बिणा मा वि | ० | २ | २ | ५ | ० | ५ | ४ | ० | ४ | ६ | ० | ६ |
| पन्चाधिन मा वि राजघाट | ० | ० | ० | ० | ३ | ३ | ० | ३ | ३ | ६ | १ | ७ |
| कन्चन मा वि | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ | ४ | ० | ४ |
| राष्ट्रिय मा वि कलुवापुर | ० | ० | ० | १ | ० | १ | ० | ३ | ३ | ६ | ० | ६ |
| सरस्वति आ वि पिपरिया | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | ४ |
| गौरीशंकर आ वि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ३ |
| नजज्योति आ वि राजघाट | ० | ० | ० | ० | ० | ० | ० | २ | २ | २ | २ | ४ |
| जनशक्ति आ वि कलुवापुर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | २ |
| जम्मा | ० | १३ | १३ | १७ | १३ | ३० | १८ | ३३ | ५१ | ८३ | ५२ | १३५ |

स्रोत: कृष्णपुर न.पा., शिक्षा शाखा २०७७

तालिका ४-५ : कृष्णपुर नगरपालिका अन्तरगतका सम्पुर्ण सामुदायिक विद्यालयका प्र.अ. विवरण २०७७

| विद्यालयको नाम | ठेगाना | हाल संचालित कक्षा | प्र.अ. को नाम |
|---|---|---|---|
| नन्द मा.वि., देखतभुली | कृष्णपुर ३ | | श्याम सिह धामी |
| कृष्ण मा.वि., कृष्णपुर | कृष्णपुर ४ | | गोपाल दत्त बडू |
| राष्ट्रिय मा.वि., पहरिया | कृष्णपुर १ | | गणेश ब.चन्द |
| उदय मा.वि., बंक | कृष्णपुर २ | | भवराज निरौला |
| महाकाली मा.वि., वसन्तपुर | कृष्णपुर ६ | | गणेश ब. कुँवर |
| सरस्वती मा.वि., कल्याणपुर | कृष्णपुर ६ | | मिन ब.कठायत |
| सरस्वती मा.वि., वाणी | कृष्णपुर २ | | प्रजापति नेगी |
| समैजी मा.वि., किचाइ | कृष्णपुर ४ | | लोक ब. खड्का |
| ग्वाँसी आ.वि., मालुबेला | कृष्णपुर ४ | | तारा सिंह भण्डारी |

| | | | |
|---|---|---|---|
| बैजनाथ आ.वि., दोमिल्ला | कृष्णपुर १ | | नन्दराज जोशी |
| कालिका मा.वि., बण्ड | कृष्णपुर १ | | जितेन्द्र चौधरी |
| सयपत्री आ.वि., कृष्णपुर | कृष्णपुर ५ | | भान ब. चन्द |
| वालमुक्ति आ.वि., बालुवाफाटा | कृष्णपुर ६ | | गंगाराम धामी |
| बनदेवी आ.वि., सुदर्शनपुर | कृष्णपुर ५ | | तोयराज जोशी |
| जनजागृति आ.वि., दयापुर | कृष्णपुर ४ | | दीपकराज भट्ट |
| बालकल्याण आ.वि., खल्लागोठ | कृष्णपुर २ | | मिन ब.धानुक |
| पवित्र आ.व., कृष्णपुर | कृष्णपुर ५ | | बिर ब.साउद |
| सत्यवादी आ.वि., बंक | कृष्णपुर २ | | बिर ब. बोहरा |
| सिद्धनाथ वा.ज्योती आ.वि., वाणी | कृष्णपुर २ | | नारु पाण्डेय |
| सिद्दनाथ आ.वि.,किचाइ | कृष्णपुर ४ | | भक्त सिंह धामी |
| जनउत्थान आ.वि., बंक | कृष्णपुर २ | | दिपक सिंह भण्डारी |
| बैजनाथ आ.वि., भेटघाट | कृष्णपुर १ | | कृष्णा चन्द |
| चन्द्रसूर्य आ.वि., श्रीपुर | कृष्णपुर १ | | गजीराम सार्की |
| जनज्योती आ.वि., सुन्दरीफाटा | कृष्णपुर १ | | गोविन्द प्रसाद चौधरी |
| वालदीपज्योती आ.वि., कुन्जकली | कृष्णपुर १ | | ममता जोशी |
| श्रीजना आ.वि., बेलकुण्डी | कृष्णपुर ४ | | धर्म राज भट्ट |
| वीणा मा.वि., रैकवार बिचवा | कृष्णपुर ८ | | अम्भादत्त बडू |
| श्री पंचाधीन मा.वि., राजघाट | कृष्णपुर ९ | | सम्झना बस्नेत |
| कन्चन मा.वि., शान्तिपुर | कृष्णपुर ७ | | सुरेश चन्द |
| राष्ट्रिय मा.वि., कलुवापुर | कृष्णपुर ७ | | टेकराज जोशी |
| सरस्वति आ.वि., पिपरिया | कृष्णपुर ९ | | विष्णु राना |
| गौरीशंकर आ.वि., कलुवापुर | कृष्णपुर ७ | | दीर्घराज अवस्थी |
| नवज्योति आ.वि., राजधाट | कृष्णपुर ९ | | दिपेन्द्रकुमार खड्का |
| जनशक्ति आ.वि., कलुवापुर | कृष्णपुर ७ | | विस्ना उप्रेती |
| श्री कञ्चनजंगा मा.वि. | कृष्णपुर५ | १ देखि १२ | पदम ब. ऐर |

| | | | |
|---|---|---|---|
| श्री जे. बी. एकेडेमी | कृष्णपुर२ | १ देखि ११ | जगदीश शेठी |
| श्री साइनिमून चिल्ड्रेन | कृष्णपुर६ | १ देखि ९ | चन्द्रकान्त भण्डारी |
| श्री केदार पब्लिक स्कुल | कृष्णपुर१ | १ देखि ८ | अमर धामी |
| श्री न्यू जिनियस एकेडेमी | कृष्णपुर७ | १ देखि ८ | जंग ब. निदाल |
| कञ्चन एकेडेमी | कृष्णपुर८ | १ देखि ५ | शंकर बिक्रम शाही |
| महाकाली नोबेल एकेडेमी | कृष्णपुर९ | १देखि ५ | देबराज भट्ट |
| श्री नवयुग बाल विद्यालय | कृष्णपुर४ | १देखि १२ | खेमराज भट्ट |
| जय हुनैनाथ ई. बो. | कृष्णपुर४ | १ देखि ५ | हरिश भट्ट |
| श्री पशुपति विद्या निकेतन | कृष्णपुर४ | १ देखि १० | भरत खड्का, पुरन खड्का |
| रोजी इक्सक्लोसिव ई. बो. स्कुल | कृष्णपुर२ | १ देखि १२ | मदन सिंह भण्डारी |
| डाइमण्ड ई. बो. स्कुल | कृष्णपुर२ | १ देखि ८ | बिर ब.महरा |
| रिज एकेडेमी स्कुल | कृष्णपुर६ | १ देखि ८ | टेकराज भट्ट |
| ज्योती ई. बो. स्कुल | कृष्णपुर५ | १ देखि १० | कुवेर खड्का |
| माउण्ट अपि ई. बो. | कृष्णपुर३ | १ देखि १० | मिन ब.सिंह |
| श्री ब्लुम फिल्ड एकेडेमी | कृष्णपुर५ | १ देखि १० | अन्तराम बिष्ट |
| श्री ऐबी. ई. बो. स्कुल | कृष्णपुर१ | १ देखि ८ | कृष्ण खत्री |
| बाल विकास एकेडेमी | कृष्णपुर७ | १ देखि ८ | राज ब.खड्का |
| भिक्टोर भिजन | कृष्णपुर२ | १ देखि ५ | गोबिन्द सिंह बि.सी. |
| आस्था एकेडेमी | कृष्णपुर७ | १ देखि ५ | टेकराज अवस्थी |
| पञ्चदेब ई. बो. स्कुल | कृष्णपुर१ | १ देखि ५ | गणेश दत्त जोशी |
| गुडलक ई. बो. स्कुल | कृष्णपुर३ | १ देखि ८ | दिल ब. ऐर |
| रौलेश्वर एजुकेशन एकेडेमी | कृष्णपुर१ | १ देखि ५ | भिम ब.खड्का |
| नयाँ सृष्टी स्कुल | कृष्णपुर२ | १देखि ५ | प्रेम बिमली |
| श्री सनलाइट पब्लिक स्कुल | कृष्णपुर४ | १देखि १२ | अक्कल रोकाया |
| माहाकाली मोडेल एकेडेमी | कृष्णपुर९ | १देखि ५ | पदम ब. जोरा |
| सरस्वती विद्या निकेतन | कृष्णपुर६ | १देखि १० | सरोज जोशी |
| राधाकृष्ण ई. बो. स्कुल | कृष्णपुर२ | १देखि ५ | महेश भट्ट |

स्रोतः कृष्णपुर न.पा., शिक्षा शाखा २०७७

## विश्वविद्यालय तथा क्याम्पसहरू

**तालिका ४-६ : कृष्णपुर नगरपालिका क्षेत्रभित्र रहेका क्याम्पसहरुको विवरण**

| क्याम्पसको नाम | संचालित संकाय | क्याम्पस प्रमुखको नाम | संचालक समिति |
|---|---|---|---|
| कन्चन बहुमुखी क्याम्पस, कृष्णपुर ५, गुलरिया | वि. वि. एस. र बि. ए. र वि. एड. | श्री जगदिश भट्ट | श्री रामचन्द्र ऐर |
| उदय सरस्वति बहुमुखी क्याम्पस, कृष्णपुर २, बंक | वि. वि. एस. | श्री गणेश ब. चन्द | श्री लोकेन्द्र प्र. पन्त |

स्रोतः कृष्णपुर न.पा., शिक्षा शाखा २०७७

## शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनुः विद्यार्थीहरू प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रूपमा देखिएको छ ।
- कक्षा दोहोर्याउने प्रवृत्ति बढी हुनुः प्राथमिक तहको विद्यार्थीहरूको तथ्याङ्कलाई आधार मानेर हेर्दा कक्षा दोहोर्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- दलित, आदिवासी जनजाति भर्नादर न्यून हुनुः विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरपालिकाको शैक्षिक विकासको चुनौतीको रूपमा रहेको छ ।
- दलित, आदिवासी जनजातिको विद्यालय छाड्ने दरः नगरपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरूको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- विद्यालयहरू आर्थिक रूपले कमजोर हुनुः नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिहरूले समेत आवश्यक श्रोत जुटाउन नसक्दा बहुसंख्यक विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामाग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- अभिभावकहरू चनाखो नहुनुः बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरूको स्थितिबारे अभिभावकलाई जानकारी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- शिक्षक दरबन्दी कम हुनुः दरबन्दीअनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरू खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालिन शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- राजनीतिकरण हुनुः विभिन्न राजनीतिक पार्टीहरूले शिक्षकहरूको संगठनहरू मार्फत शिक्षकहरूलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरूको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरूमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रूपमा प्रयोग गर्दै आएको देखिएको छ ।
- शिक्षकहरूमा प्रतिबद्धताको कमीः शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रूपमा देखा परेको छ । प्रायः पठन—पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रूपमा देखिएको छ ।
- आधुनिक प्रविधिको प्रयोग नहुनुः सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनुले पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्रायः धेरै विद्यार्थी र शिक्षकहरू कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेका छन् ।

## ४.२. स्वास्थ्य

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निशूल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेको छ । राजनितिक रूपमा ९ वडाहरूमा विभाजित यस नगरपालिकाका धेरैजसो जनताले आवश्यकताअनुसार स्वास्थ्य सुविधा लिन सकेका छैनन् । नगरका केन्द्र क्षेत्रका जनताहरूको पहुँच सहज देखिएता पनि बाँकी जनताको पहुँच केवल स्वास्थ्य चौकीसम्म रहेको छ जहाँ सबै स्वास्थ्य समस्याको समाधान संभव छैन । हेल्थपोष्टहरूमा पर्याप्त स्वास्थ्यकर्मी, स्वास्थ्य उपकरण, सामाग्री र औषधीको उपलब्धता नहुदा समस्या झेल्नुपर्ने बाध्यता छ ।

नगरपालिकामा विभिन्न वडाहरूमा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दीअनुसार स्वास्थ्यकर्मीहरू छैनन् । ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ । यस नगरपालिकामा रहेको स्वास्थ्य संस्थाहरूको विवरण निम्नअनुसार छ ।

**तालिका ४-७: स्वास्थ्य संस्थाहरूको विवरण**

| क्र.सं. | स्वास्थ्य सेवा | संख्या | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी | २ | |
| २ | सामुदायिक स्वास्थ्य ईकाई (CHU) | २ | |
| ३ | सहरी स्वास्थ्य केन्द्र (UHC) | २ | |
| ४ | निजी अस्पताल | ३ | |
| ५ | चिकित्सक संख्या | ३ | निजि अस्पतालमा |
| ६ | क्लिनिक | १८ | |
| ७ | बर्थिंङ सेन्टर | ५ | नगरपालिकामा - २<br>निजिमा - ३ |
| ८ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत | ८० | |
| ९ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने प्रतिशत | १०० | |
| १० | महिला स्वयम सेविका संख्या | १०३ | |
| ११ | टि.बी. उपचार केन्द्र | ४ | |
| १२ | परिवार नियोजन का ५ विधि र ३ विधिको सेवा उपलब्ध स्वास्थ्य संस्था संख्या | ६ | |
| १३ | गर्भवती जाँच पहिलो पटकको प्रतिशत | ५० | |
| १४ | गर्भवती जाँच चौथो पटक सम्मको प्रतिशत | ५० | |
| १५ | सुत्केरी पश्चात जाँच गराउन आउने प्रतिशत | ३० | |

स्रोतः कृष्णपुर न.पा., स्वास्थय शाखा २०७७

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षणअनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ । आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ । यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ । समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ । नगरपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ । दरबन्दीअनुसार डाक्टर लगायत

स्वास्थ्यकर्मीहरू उपलब्ध हुन सकेको छैन । नगरपालिकाको विभिन्न वडाहरूमा स्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रूपमा रहेको देखिन्छ । दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ४.२.१. नगरपालिकामा देखा परेका १० प्रमुख रोगहरूको विवरण

यस नगरपालिकामा पछिल्लो समय देखा परेका १० प्रमुख रोगहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ । रोगहरूको विवरण यस प्रकार रहेको छ ।

**तालिका ४-८ : नगरपालिकामा देखापरेको प्रमुख रोग**

| क्र.सं. | प्रमुख रोगहरू | रोगीको संख्या | प्रतिशत कुल जनसंख्याको आधारमा | ओ.पि.डि.मा आउने विरामी संख्या |
|---|---|---|---|---|
| १ | माथिल्लो स्वास नलीको संक्रमण | १४९०० | १८.३ | ११९२० |
| २ | तल्लो स्वास नलीको संक्रमण | १४९४५ | १८.४ | ११९५६ |
| ३ | ग्यास्टिक | २९८९० | ३६.८ | २३९१२ |
| ४ | टाउको दुखाई | ७००० | ८.६ | ५६०० |
| ५ | टाईफाईट | ६००० | ७.४ | ३०० |
| ६ | चोटपटक | ६००० | ७.४ | ५७०० |
| ७ | स्वास प्रणालीको दिर्घ रोग | ५००० | ६.२ | ४७५० |
| ८ | छाला सम्बन्धी समस्या | ३००० | ३.७ | २८५० |
| ९ | नाक,कान र धाटी | ३००० | ३.७ | २८५० |
| १० | मुत्र मार्गको संक्रमण | २५०० | ३.१ | २३७५ |

स्रोतः कृष्णपुर न.पा., स्वास्थय शाखा २०७७

### ४.२.२. नियमित खोप

नगरपालिकामा नियमित खोप कार्यक्रम नियमित रूपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जम्नेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ४.२.३. सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदादेखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रूपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर नेपालमा १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण—२०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुर्‍याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

ग्रामीण भेगहरूमा समयमा नै गर्भवती महिला स्वास्थ्य चौकी नपुग्दा र स्वास्थ्यकर्मी पर्याप्त नहुँदा कति शिशुहरू को मृत्यु हुने गरेको कुरा हामी सामु सर्वविदित् नै छ । यसको अवस्था बुझ्नको लागि तल यस नगरपालिकामा रहेका घ्प्चतजष्लन ऋभलतभच हरूको विवरण तल दिईएको छ । जसले सुरक्षित मातृ शिशुको लागि ठुलो भूमिका खेल्छ ।

**तालिका ४-९: सुरक्षित मातृत्वको विवरण**

| विवरण | आ.व. २०७५/०७६ | | | आ.व. २०७६/०७७ | | | आ.व. २०७७/०७८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चेक / जाँच सम्बन्धी विवरण | | | | | | | | |
| | २० वर्ष भन्दा कम | २० वर्ष भन्दा बढी | जम्मा | २० वर्ष भन्दा कम | २० वर्ष भन्दा बढी | जम्मा | २० वर्ष भन्दा कम | २० वर्ष भन्दा बढी | जम्मा |
| पहिलो पटक गर्भवति जाँच सेवा लिनेको संख्या | १९४ | ९७९ | ११७३ | ११३ | १०६९ | ११८२ | १०१ | ८८९ | ९९० |
| चौथो महिनामा गर्भवति जाँच सेवा लिनेको संख्या | १५९ | ८४४ | १००३ | १११ | ९२४ | १०३५ | ९६ | ७९६ | ८९२ |
| प्रोटोकल अनुसार ३ पटक सुत्केरी जाँच गरेको संख्या | ३३५ | - | ३३५ | ३६१ | - | ३६१ | ३३७ | - | ३३७ |
| प्रोटोकल अनुसार ४ पटक गर्भवति जाँच सेवा लिनेको संख्या | १२१ | ६८४ | ८०५ | १०२ | ७६४ | ८६६ | ५२ | ६६४ | ७१६ |
| सुरक्षित गर्भपतन पाएका जम्मा महिला | ८ | ७७ | ८५ | ६ | १०९ | ११५ | १ | १३१ | १३२ |
| | प्रसुती सेवा सम्बन्धी विवरण | | | | | | | | |
| | स्वास्थ्य संस्थामा | घरमा | जम्मा | स्वास्थ्य संस्थामा | घरमा | जम्मा | स्वास्थ्य संस्थामा | घरमा | जम्मा |
| दक्ष प्रसुतिकर्मीबाट (डाक्टर, नर्स, तालिम प्राप्त अ.न.मी.) प्रसुति गराएको जम्मा संख्या | ४९३ | ३ | | ४६५ | ० | | ४०४ | ० | |
| | प्रसुतिको किसिम | | | | | | | | |
| | Cephalic | Breech | | Cephalic | Breech | | Cephalic | Breech | |
| | ४९१ | २ | | ४६२ | ४ | | ४०७ | ४ | |
| | प्रसुतिको परिणाम | | | | | | | | |
| | | एकल बच्चा | जुम्ल्याहा | एकल बच्चा | जुम्ल्याहा | एकल बच्चा | जुम्ल्याहा | | |
| आमाहरुको संख्या | | ४९१ | १ | ४६४ | १ | ४३८ | २ | | |
| जम्मा जीवित जन्म | महिला | २४७ | १ | २२० | १ | १९६ | ३ | | |
| | पुरुष | २५० | ३ | २४० | १ | २४० | ० | | |
| जन्म तौल | जिवित जन्म | | | जिवित जन्म | | | जिवित जन्म | | |
| | जम्मा संख्या | निसासिए | | जम्मा | निसासिए | | जम्मा | निसासिए | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | को | | संख्या | को | | संख्या | को |
| सामान्य (>=२.५ के.जी.) | ४६७ | १३ | | ४४० | ५ | | ४२५ | ६ |
| कम (१.५ < २.५ के.जी.) | २३ | २ | | १९ | २ | | १४ | १ |
| धेरै कम (< १.५ के. जी) | २ | ० | | ३ | १ | | २ | १ |
| मृत जन्म संख्या | | Fresh | Macerated | Fresh | Macerated | Fresh | Macerated | |
| | | २ | १ | २ | २ | २ | ३ | |

स्रोतः कृष्णपुर न.पा., स्वास्थय शाखा २०७७

## ४.२.४. खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । तसर्थ यसको लागि यिनीहरू स्वस्थ र निरोगी हुनु आवश्यक छ । शिशु र बाल्य अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रूपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रूपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.—४) प्राप्त गर्न सहयोग पुगेको छ।

बालबालिकाले बाल्य अवस्थामा लगाएको खोपले बालबालिकाको स्वास्थ्य निर्धारण गर्दछ । बालक स्वस्थ रहन बाल्य अवस्थामा लगाउनुपर्ने खोपहरू सबै पुरा गर्नु पर्छ । खोप कार्यक्रम प्रभावकारी भएको खण्डमा बाल अवस्थामा जोखिम हुने रोगहरू बाट बच्नुको साथै बाल मृत्युदर पनि कम हुन्छ । यस कृष्णपुर नगरपालिकामा बालबालिकामा लगाईएको खोपको विवरण निम्न अनुसार रहेको छ ।

**तालिका ४-१०: खोप सम्बन्धी विवरण**

| क.सं. | खोपको नाम | | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ |
|---|---|---|---|---|---|
| | | | खोप पाएका बच्चाहरुको संख्या | खोप पाएका बच्चाहरुको संख्या | खोप पाएका बच्चाहरुको संख्या |
| १. | वि.सि.जि. | | ११२९ | ११३२ | १०६६ |
| २. | डि.पि.टि.-हेप वि.-हिब. | पहिलो | ११६८ | ११४२ | ११०३ |
| | | दोस्रो | ११४९ | ११०१ | १०९८ |
| | | तेस्रो | ११५६ | १०२५ | १०६४ |
| ३. | पोलियो (OPV) | पहिलो | ११६८ | ११४२ | १०९७ |
| | | दोस्रो | ११४९ | ११०१ | १०८० |
| | | तेस्रो | ११६८ | १०२५ | १०४५ |
| ४. | पी.सी.भी. | पहिलो | ११६८ | ११४३ | ११०३ |
| | | दोस्रो | ११४९ | १०९८ | १०९६ |
| | | तेस्रो | ११७४ | १०४८ | १०२४ |
| ५. | रोटा | पहिलो | ० | ० | ११०१ |
| | | दोस्रो | ० | ० | ९८८ |
| ६. | एफ.आई.पि.भी. | पहिलो | ११०३ | ११३५ | ११०३ |
| | | दोस्रो | ९०२ | १०२८ | १०६४ |
| ७. | दादुरारुबेला | पहिलो | ११७७ | १०४८ | १०२२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | दोस्रो | १०२७ | ९२१ | १०२५ |
| ८. | जे.ई. | | १११७ | १०५० | ९८३ |
| ९. | एक बर्ष उमेरपछि डी.पी.टि.- हेप वि-हिब र पोलियोको तेस्रो मात्रा पुरा गरेको | | ४० | ० | २ |
| १०. | टि.डी. (गर्भवती महिला) | पहिलो | ५६५ | ५०७ | ५२० |
| | | दोस्रो | ४६३ | ४७३ | ४६३ |
| | | तेस्रो | ५०४ | ४८७ | ५१७ |

स्रोतः कृष्णपुर न.पा., स्वास्थय शाखा २०७७

## ४.२.५. पोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रूपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रूपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रूपमा राखेको छ। स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ । कृष्णपुर नगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन् । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन् । कार्यक्रम सञ्चालनको सहयोगका लागि नगरमा स्वास्थ्य संञ्जाल विस्तार भएको छ । बालबालिकाको पोषणलाई ध्यानमा राख्दै सरकारले विभिन्न पोषण कार्यक्रहरू संञ्चालन गर्दै आएको छ । जसले बालबालिकामा देखिने कुपोषण जस्ता समस्या लाई कम गर्दै गएको पाईन्छ । वर्तमान समयमा कृष्णपुर नगरपालिकाको पोषणको अवस्था निम्नअनुसार रहेको छ ।

**तालिका ४-११: विगत ३ वर्षमा पोषणको अवस्था**

| आर्थिक बर्ष | वृद्धि अनुगमनका लागि दर्ता भएका नयाँ बालबालिकाहरुको पोषण स्थिति | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ०-११ महिना | | | १२-२३ महिना | | |
| | | सामान्य | जोखिम | अति जोखिम | सामान्य | जोखिम | अति जोखिम |
| २०७५/७६ | पहिलो पटक भेट | ८०३ | ६१ | ४७ | ५०० | ७६ | २६ |
| | दोहोर्याई आएको | ९० | २ | १७ | १०६ | ३ | ० |
| २०७६/७७ | पहिलो पटक भेट | ९५२ | ३६ | ११ | ४११ | ४० | १५ |
| | दोहोर्याई आएको | ३१६ | १२ | २ | १६४ | ६ | ११ |
| २०७७/७८ | पहिलो पटक भेट | ३७७ | ४ | ३ | २३३ | १८ | ० |
| | दोहोर्याई आएको | २६५ | ० | ० | २२४ | २ | ० |

| | आइरन/जुकाको औषधी पाएका गर्भवती महिला | | | आइरन/भिटामिन ए पाएका सुत्केरी महिला | |
|---|---|---|---|---|---|
| | पहिलो पटक आइरन चक्की | १८० आइरन चक्की | जुकाको औषधी | ४५ आइरन चक्की | भिटामिन ए |
| २०७५/७६ | ११६५ | ७२५ | ११२३ | ५०२ | ४९५ |
| २०७६/७७ | ११६८ | ८५७ | ११२७ | ४५९ | ४५८ |
| २०७७/७८ | ९४४ | ६७१ | ५६१८ | ४२८ | ४०५ |
| | भिटामिन ए/जुकाको औषधी पाएका ५ बर्ष भन्दा कम उमेरका बालबालिका (अर्ध-बार्षिक) | | | जुकाको औषधी पाएका छात्रा/छात्रहरु (अर्ध-बार्षिक) | |
| | भिटामिन ए | | जुकाको औषधी | छात्रा | छात्र |
| | ६-११ महिना | १२-५९ महिना | | | |
| २०७५/७६ | १०३१ | ७०९७ | ७०९७ | ० | ० |
| २०७६/७७ | १३१६ | ९६८५ | ९६८५ | ० | ० |
| २०७७/७८ | ८६५ | ७३१० | ७६१५ | ० | ० |

स्रोतः कृष्णपुर न.पा., स्वास्थय शाखा २०७७

## ४.३. महिला तथा बालबालिका

### ४.३.१. महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरू अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन् । महिला सहभागिता,सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरू पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरू आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक र शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ ।

विकासमा महिलाहरूको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चित गर्न उनीहरूको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७७ जिल्लामा विस्तार भएको छ । महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरूलाई समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरुपमा सशक्त बनाउन, सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकायहरूबाट कामहरू शसक्त रूपमा भईरहेको छ । अझ नेपालको संविधान २०७२ मा महिला सम्बन्धि हक समेत सुनिश्चित गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ ले देहाय बमोजिमको महिलाको हक सुनिश्चित गरेको छ ।

- प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

विशेषगरी गर्भवती महिलाहरूको निःशुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरूमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा महिलाहरूको समान सहभागिता गराउन अझैपनि उनीहरूलाई थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरूमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवद्र्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरू सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ । नगरपालिकामा महिला हिंसा सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४-१२: महिला हिंसा सम्बन्धी विवरण**

| क.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | घरेलु हिंसाबाट पिडित | ६८ | |
| २ | श्रीमानबाट पिडित/पिटिएका | ४५ | |
| ३ | अलपत्र अवस्थामा भेटिएका बालक/ बालिका/ महिला | १२ | ८ बालक + १ बालिका + ३ महिला |
| ४ | जवरजस्ती करणी | ५ | जिल्लामा पठाईएको |
| | जम्मा | १३० | |

स्रोतः कृष्णपुर न.पा., महिला तथा बालबालिका शाखा, २०७७

## महिला सहकारी संस्था

तालिका ४-१३ः महिला सहकारी संस्था सम्बन्धी विवरण

| नाम ठेगाना | किसिम | सदस्य संख्या | पछिल्लो आ.व. को वित्तीय विवरण (रु हजारमा) | | | | | प्रत्यक्ष रोजगारी |
|---|---|---|---|---|---|---|---|---|
| | | | शेयर पुँजी | बचत संकलन | ऋण लगानी | स्थिर सम्पत्ति | जम्मा सम्पत्ति दायित्व | |
| ग्वाँसी समैजी म.वि. बहुउद्देश्य स.स.लि. कृष्णपुर-०८ | बहुउद्देश्यीय | ७१७ | ११३५ | ३९१७ | ६१६१ | | ६४७७ | १ |
| कृष्ण एकता म.वि. बहुउद्देश्यीय स.स.लि. कृष्णपुर-०५ | बहुउद्देश्यीय | १८५५ | २४९० | ७३०६ | ८५३९ | ३४०३ | १०८५२ | २ |
| नव प्रगति महिला कृषि स.स.लि. कृष्णपुर-०६ | कृषि सहकारी | ३०७ | ३९५ | ३१३८ | ३८२५ | १६८ | ६२०० | २ |
| कृष्णपुर महिला कृषक स.स.लि. कृष्णपुर-०१ | कृषि सहकारी | २९२ | १८८ | ५४४ | ८१३ | १६० | १०७५ | १ |

स्रोतः कृष्णपुर न.पा., महिला तथा बालबालिका शाखा, २०७७

## ४.४. सामाजिक सुरक्षा प्राप्त व्यक्तिको विवरण

### ४.४.१. सामाजिक सूरक्षा भत्ता

नगरपालिकामा आ.व.२०७६/७७ सम्म सामाजिक सुरक्षा भक्ता पाउने लाभग्राहिहरूको संख्या प्रतुत तालिकामा दर्शाइएको छ । भत्ता पाउनेहरूमा जेष्ठ नागरिक (७० वर्ष भन्दा माथिका) २६२५, जेष्ठ नागरिक (दलित) ३३१ जना गरी जम्मा २९५६ रहेका छन् । एकल/विधवा महिला १८११ जना र अपाङ्ग (पूर्ण) १२८ जना र अपाङ्ग (अति अश्क्त) २५२ रहेका छन् । त्यस्तै दलित बालबालिकाहरूको संख्या १०३५ जना रहेको छ भने लोपोन्मुख जाति १३० जना रहेको छ ।

**तालिका ४-१४: नगरपालिकामा सामाजिक सूरक्षा भत्ता पाएका व्यक्तिहरूको विवरण**

| आर्थिक वर्ष: २०७६/७७ | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लक्षित समुह | गत आ.व. बाट नविकरण भएको संङ्ख्या (१) | पहिलो चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | | बार्षिक कायम संङ्ख्या | | | जम्मा संङ्ख्या |
| | | नयाँ थप संङ्ख्या (२) | लगत कट्टा (३) | जम्मा कायम संङ्ख्या (क=१+२-३) | नयाँ थप संङ्ख्या (४) | लगत कट्टा (५) | जम्मा कायम संङ्ख्या (ख=क+४-५) | नयाँ थप संङ्ख्या (६) | लगत कट्टा (७) | जम्मा कायम संङ्ख्या (ग=ख+६-७) | पुरुष | महिला | अन्य | |
| जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | २४५५ | १६५ | १ | २६१९ | ९ | २ | २६२६ | ६ | १४ | २६२५ | १०२९ | १५९६ | ० | २६२५ |
| जेष्ठ नागरिक भत्ता (दलित) | २६८ | ६० | ० | ३२८ | १ | ० | ३२९ | २ | ० | ३३१ | १८१ | १५० | ० | ३३१ |
| जेष्ठ नागरिक एकल महिला | ६५४ | १८ | ० | ६७२ | १२ | ० | ६८४ | ९ | ० | ६९३ | ० | ६९३ | ० | ६९३ |
| विधवा | १०२४ | ३५ | ० | १०५९ | ४७ | ० | ११०६ | १४ | ३ | १११८ | ० | १११८ | ० | १११८ |
| पूर्ण अपाङ्गता भत्ता | ११९ | ३ | ० | १२२ | ७ | ० | १२९ | ० | २ | १२८ | ८९ | ३९ | ० | १२८ |
| अति अशक्त अपाङ्गता भत्ता | २१५ | ८ | ० | २२३ | २४ | ० | २४७ | ८ | ६ | २५२ | १३८ | ११४ | ० | २५२ |
| दलित बालबालिका | १०६३ | ८९ | ९८ | १०५४ | ७५ | ७५ | १०५४ | ४० | ११७ | १०३५ | ५६८ | ४६७ | ० | १०३५ |
| लोपन्मुख जाति | १०८ | १ | ० | १०९ | ३ | ० | ११२ | १ | ० | ११३ | ५५ | ५८ | ० | ११३ |
| जम्मा | ५९०६ | ३७९ | ९९ | ६१८६ | १७८ | ७७ | ६२८७ | ८० | १४२ | ६२९५ | २०६० | ४२३५ | ० | ६२९५ |

स्रोतः कृष्णपुर न.पा. सामाजिक सुरक्षा शाखा, २०७७

त्यसैगरी नगरपालिकामा आ.व.२०७७/७८ सम्म सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहिहरूको संख्या प्रतुत तालिकामा दर्शाइएको छ । भत्ता पाउनेहरूमा जेष्ठ नागरिक (७० वर्ष भन्दा माथिका) २७८७, जेष्ठ नागरिक (दलित) ४२८ जना गरी जम्मा ३२१५ रहेका छन् । एकल/विधवा महिला १९८४ जना र अपाङ्ग (पूर्ण) १४२ जना र अपाङ्ग (अति अशक्त) २८९ रहेका छन् । त्यस्तै दलित बालबालिकाहरूको संख्या १०२६ जना रहेको छ भने लोपोन्मुख जाति ११५ जना रहेको छ ।

| आर्थिक वर्ष: २०७७/७८ | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लक्षित समुह | गत आ.व. बाट नविकरण भएको संङ्ख्या (१) | पहिलो चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | | बार्षिक कायम संङ्ख्या | | | जम्मा संङ्ख्या |
| | | नयाँ थप संङ्ख्या (२) | लगत कट्टा (३) | जम्मा कायम संङ्ख्या (क=१+२-३) | नयाँ थप संङ्ख्या (४) | लगत कट्टा (५) | जम्मा कायम संङ्ख्या (ख=क+४-५) | नयाँ थप संङ्ख्या (६) | लगत कट्टा (७) | जम्मा कायम संङ्ख्या (ग=ख+६-७) | पुरुष | महिला | अन्य | |
| जेष्ठ नागरिक भत्ता(७० बर्ष माथि) | २६२५ | १७५ | ६२ | २७३८ | ४८ | ८ | २७७८ | ९ | ० | २७८७ | ११४३ | १६४४ | ० | २७८७ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ३३१ | ६७ | १ | ३९७ | २० | १ | ४१६ | १२ | ० | ४२८ | २३४ | १९४ | ० | ४२८ |
| जेष्ठ नागरिक एकल महिला | ६९३ | ३१ | २ | ७२२ | १२ | १ | ७३३ | १ | ० | ७३४ | ० | ७३४ | ० | ७३४ |
| विधवा | ११९७ | ७१ | २ | ११८६ | ४७ | ० | १२३३ | १७ | ० | १२५० | ० | १२५० | ० | १२५० |
| पूर्ण अपाङ्गता भत्ता | १२८ | ८ | ० | १३६ | ५ | ० | १४१ | १ | ० | १४२ | ९७ | ४५ | ० | १४२ |
| अति अशक्त अपाङ्गता भत्ता | २५२ | २१ | १ | २७२ | १६ | ० | २८८ | १ | ० | २८९ | १६४ | १२५ | ० | २८९ |
| दलित बालबालिका | १०३५ | १११ | १०५ | १०४१ | ९६ | ७७ | १०६० | ३८ | १४४ | १०२६ | ५५७ | ४६९ | ० | १०२६ |
| लोपन्मुख जाति | ११३ | २ | ० | ११५ | ० | ० | ११५ | ० | ० | ११५ | ५५ | ६० | ० | ११५ |
| जम्मा | ६२९४ | ४८६ | १७३ | ६६०७ | २४४ | ८७ | ६७६४ | ७९ | १४४ | ६७७१ | २२५० | ४५२१ | ० | ६७७१ |

स्रोतः कृष्णपुर न.पा. सामाजिक सुरक्षा शाखा, २०७७

## ४.४.२. अपांगताका आधारमा जनसंख्या

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन् । जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ । नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बद्र्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ । त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ ।

अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाई सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता, बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीयताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग (पहेलो रङको परिचयपत्र) र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ । हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुर्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ ।

घरधुरी तथ्याङ्क संकलनको विवरण अनुसार कृष्णपुर नगरपालिकामा रहेको कूल जनसंख्या ८१२४४ मध्ये १.७४ प्रतिशत अर्थात् १४१४ जनामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ । जस मध्ये शारिरीक अपाङ्गता भएका ३३.३१, दृष्टिविहिन अपाङ्गता भएका २२.५२, श्रवण दृष्टिविहिन सम्बन्धी अपाङ्गता भएका २.६६, स्वर बोलाई सम्बन्धी अपाङ्गता भएका १२.१८, सुनाई सम्बन्धी अपाङ्गता भएका १४.१२ प्रतिशत रहेका छन् । प्रस्तुत चित्रमा अपाङ्गताको आधारमा जनसंख्या विवरण देखाइएको छ ।




**चित्र ४-१: कृष्णपुर नगरपालिकाको अपाङ्गताको आधारमा जनसंख्या विवरण**

## ४.४.३. व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानूनी प्रक्रिया पुरा गर्नु पर्ने हुन्छ । नागरिकता, राहदानी वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पुरा गर्नु पर्ने हुन्छ । जस पश्चात सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ । जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता गर्नु पर्ने हुन्छ । संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो । कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ । यसको आधारमा सरकारले नीति बनाउने हुँदा व्यक्तिगत घटना दर्ताको लागी जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

**तालिका ४-१५: २०७७ बैशाख महिना देखि २०७७ चैत्र मसान्त सम्मको व्यक्तिगत घटना दर्ताको विवरण**

| वडा नं | जन्म | | | मृत्यु | | | बिबाह | सम्बन्ध विच्छेद | बसाईसराई | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | आएको दर्ता संख्या | आएको सदस्य संख्या | गएको दर्ता संख्या | गएको सदस्य संख्या | |
| १ | २६० | २५४ | ५१४ | २५ | ३० | ५५ | २०७ | ० | ३७२ | ९१७ | १२८ | २१८ | १२७६ |
| २ | ४७० | ५३५ | १००५ | ३१ | ६९ | १०० | २८१ | ४१ | ८८९ | १५०३ | ३५६ | ५४३ | २६७२ |
| ३ | ८४ | १०३ | १८७ | ९ | ९ | १८ | ५९ | ० | ११७ | १८२ | ५९ | १३२ | ४४० |
| ४ | २८९ | ३५१ | ६४० | ५४ | ४२ | ९६ | २०० | ० | ४९१ | १२४७ | ९५ | १४५ | १५२२ |
| ५ | २८३ | ३६४ | ६४७ | २३ | ३१ | ५४ | १४८ | १ | १२५ | ३९२ | ६ | १७ | २०९१ |
| ६ | १५३ | १७३ | ३२६ | ४० | ४० | ८० | १०८ | ० | ८८ | १९६ | ३३ | ५० | ६३५ |
| ७ | १९६ | २३४ | ४३० | ५१ | ४९ | १०० | १५५ | १ | १६२ | २९३ | ५० | ६० | ८९८ |
| ८ | १२५ | १४२ | २६७ | ३३ | १३ | ४६ | ८७ | ९ | ७५ | ११८ | ४१ | २४ | ५२५ |
| ९ | १८१ | १७९ | ३६० | १९ | २१ | ४० | १४५ | २४ | ४६ | १४२ | २३ | ३७ | ६३८ |
| जम्मा | २०४१ | २३३५ | ४३७६ | २८५ | ३०४ | ५८९ | १३९० | ७६ | २३६५ | ४९९० | ७९१ | १२२६ | १०६९७ |

स्रोतः कृष्णपुर न.पा. सामाजिक सुरक्षा शाखा, २०७७

माथिको तालिकामा नगरपालिकाको व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। नगरमा २०७७ सालमा ४३७६ जनाले जन्म दर्ता गराएका छन् भने ५८९ जनाको मृत्यु दर्ता भएको देखिन्छ । त्यसैगरी विवाह दर्ताको स्थिति हेर्दा नगरपालिकामा १३९० जनाको विवाह दर्ता भएको देखिन्छ । सो अवधिमा नगरपालिकामा ७६ सम्बन्ध विच्छेदको घटना दर्ता भएको छ । त्यसैगरी ३१५६ परिवारको बसाई सराई दर्ता भएको देखिन्छ।

# ५. भौतिक तथा सार्वजनिक पुर्वाधार

## ५.१. सडक, सवारी तथा यातायात

### ५.१.१. बिद्यमान सडक सञ्जाल

नगरपालिकाको सबै वडाहरूमा पक्की सडकको विस्तार नभए पनि कच्ची सडकको विस्तार भईरहेको छ । नगरपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। नगरपालिकामा बस, ट्रक, टेक्टर, गाडा, साइकल, जीप र मोटरसाइकलहरूको उपयोग गरिएको देखिन्छ। यस नगरपालिकामा सडक सञ्जालको पहुँच राम्रो रहेको छ । यहाँ राजमार्ग, सहायक राजमार्ग, पक्की तथा कालोपत्रे, ग्राभेल र कच्चि सबै प्रकारका सडकहरू रहेका छन् । यस नगरपालिकामा रहेका सडकको वर्तमान अवस्था र सडक मार्गको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ५-१: सडक सञ्जालको वर्तमान अवस्था**

| क्र.सं. | सडकको नाम | सडकको वर्गीकरण | | | | | पुगेका वडाहरू |
|---|---|---|---|---|---|---|---|
| | | लम्बाई (कि.मी.) | औषत चौडाई (मि) | कालोपत्रे (कि.मी.) | ग्राभेल (कि.मी.) | कच्ची (कि.मी.) | |
| राजमार्ग | | | | | | | |
| १ | महेन्द्र राजमार्ग (H01-67) | १३.६९ | १४ | १३.६९ | - | - | |
| जिल्ला सडक | | | | | | | |
| १ | बंक - निगाली - पहारिया - दुमिला - निले - बुडर सडक (072DR022) | ९.९ | | - | ९.९ | - | |
| २ | बाणी देखतभुली सडक (072DR023) | ३५ | | | १६ | १९ | |
| ३ | मालुबेला - राजघाट सडक (072DR028) | २२ | | | २२ | | |
| ग्रामिण तथा अन्य सडक | | | | | | | |
| १ | ग्रामिण सडक | ७६.२५ | | ५ | ६०.१२ | ११.१३ | |
| २ | अन्य सडक | ३००.०० | | | १०० | २०० | |

स्रोतः सडक डिभिजन कार्यालय, महेन्द्रनगर, २०७७




चित्र ५-१: कृष्णपुर नगरपालिकाम अवस्थित सडकहरु

## ५.१.२. यातायात सेवा

नगरपालिकाको मध्य भाग बाट महेन्द्र राजमार्ग जाने भएकाले यस नगरपालिकामा सडक तथा यातायातको सुविधा राम्रो रहेको छ । राजमार्गको उत्तर दक्षिण तर्फ जिल्ला सडक सञ्जाल भएतापनि उक्त सडकहरुमा नियमित रुपमा सार्वजनिक यातायात चल्ने गरेको पाइदैन। यस नगरपालिका भित्र छोटो दुरीको यात्राको लागि इ-रिक्सा तथा डिजेल रिक्सा (टुकटुक) प्रयोगमा रहेको देखिन्छ ।

## ५.१.३. पुल तथा पुलेसा सम्बन्धी विवरण

यस नगरपालिकामा विभिन्न साना तथा ठूला नदि तथा खोलाहरू रहेका छन् । ति नदि तथा खोलाहरूमा विभिन्न पक्की तथा झोलुङ्ग पुलहरू रहेका छन् । जसको विवरण तलको तालिमा उल्लेख गरिएको छ ।

तालिका ५-२: पुल सम्बनधी विवरण

| वडा नं. | पुलको नाम | पुल भएको खोला वा खोल्सीको नाम | पुलको प्रकार | लम्बाई (मि.) |
|---|---|---|---|---|
| १ | खारखोला पुल | खार खोला | पक्कि | |
| २ | मछेली पुल | मछेली खोला | पक्कि | |
| ५ | तुलतुले नाला पुल | तुलतुले खोला | पक्कि | |
| ७ | खर्साहा खोला पुल | खर्साहा खोला | पक्कि | |
| ८ | घलघले खोला पुल | घलघले खोला | पक्कि | |
| ९ | मोहना पुल | मोहना नदी | पक्कि | |

स्रोतः सडक डिभिजन कार्यालय, महेन्द्रनगर, २०७७

## ५.१.४. टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय

नगरपालिकाका मुख्य बजार क्षेत्रभन्दा बाहिर रहेका अन्य इलाका तथा बस्तीबाट स्थानियवासीहरूले सेवा लिन जाँदा वडा केन्द्र सम्म पुग्न लाग्ने समय सबै भन्दा बढि वडा नं १ पुग्न २ घण्टा लाग्ने देखिन्छ । त्यस्तै प्रायः आधा घण्टा भन्दा बढी देखिन्छ । ग्रामीण परिवेशका यी क्षेत्रहरूमा सडक मार्ग तथा सवारी साधनको उपलब्धता नभएका क्षेत्रहरू समेत रहेका हुन् तसर्थ यातायात योजना निर्माण गरी राज्यद्वारा प्रदान गरीने सेवालाई सुगम बनाउन स्थानिय सरकारले काम गर्नुपर्ने देखिन्छ ।

**तालिका ५-३ः टाढाको वस्ती देखी वडा केन्द्र सम्मको दुरी सम्बन्धी विवरण**

| वडा नं. | टाढाको वस्तीको नाम | पुग्न लाग्ने समय मिनेटमा | |
|---|---|---|---|
| | | पैदल मार्गबाट | सवारी साधनबाट |
| १ | गोजे | १२० | नजाने |
| २ | खल्ला सिबिर, बनरा | २५ | ६ |
| ३ | नयाँ बस्ती, हिरापुर टोल | ३० | ८ |
| ४ | दया अम्बरपुर | ३० | ८ |
| ५ | पवित्रा बस्ति | ४५ | १० |
| ६ | बलुवाफाँटा | ३० | ८ |
| ७ | मटैया | ४५ | १० |
| ८ | गौडी रतासी | ६० | १५ |
| ९ | छापर्त्ला | ६० | १५ |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

## ५.१.५. वडा केन्द्रबाट नगरपालिका केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय

**तालिका ५-४ः वडा केन्द्र देखि नगरपालिका केन्द्र सम्म पुग्न लाग्ने समय सम्बन्धी विवरण**

| वडा नं. | वडा केन्द्र रहेको स्थान | पुग्न लाग्ने समय मिनेटमा | |
|---|---|---|---|
| | | पैदल मार्गबाट | सवारी साधनबाट |
| १ | पहरिया | १२० | ३० |
| २ | बाणी | ६० | १५ |
| ३ | देखतभुली, वार्ड कार्यालय टोल | ९० | २० |
| ४ | सहरानगर | ९० | २० |
| ५ | गुलरिया | १० | २ |
| ६ | मिलडाडा | ३० | ८ |
| ७ | कलुवापुर | ४५ | १० |
| ८ | बिचवा | १२० | ३० |
| ९ | राजघाट | १५० | ४० |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

## ५.२. भवनको विवरण

### ५.२.१. छानाको प्रकार को आधारमा घरधुरी विवरण

**तालिका ५-५: छानाको प्रकार को आधारमा नगरपालिकामा रहेको घरधुरी विवरण**

| सि.नं. | घरको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | फुस तथा खरले छाएको | ८६७ | ५.८ |
| २ | जस्ता/च्यादरले छाएको | ३६०२ | २४.१ |
| ३ | काठको खम्बा तथा टायल तथा ढुङ्गाले छाएको | ६४७१ | ४३.३ |
| ४ | आर सी.सी. | २०४७ | १३.७ |
| ५ | सिमेन्टको जोडाइ भएको ईँटा/ ढुँगा | १५०९ | १०.१ |
| ६ | माटोको जोडाइ भएको ईँटा/ढुंगा | ४४८ | ३.० |
| जम्मा | | १४९४५ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७७

### ५.२.२. बाहिरी भित्ताको आधारमा घरधुरी विवरण

**तालिका ५-६: बाहिरी भित्ताको प्रकारको आधारमा नगरपालिकामा रहेको घरधुरी विवरण**

| सि.नं. | घरको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | माटोको चिनाइ भयको ढुङ्गा तथाईट्टा | ५४४ | ३.६४ |
| २ | सिमेन्टको चिनाइ भयको ढुङ्गा तथाईट्टा | २०७७ | १३.९० |
| ३ | RCC | ३०६१ | २०.४८ |
| ४ | काठको खम्बा | ९११५ | ६०.९९ |
| ५ | अन्य | १४८ | ०.९९ |
| जम्मा | | १४९४५ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७७

### ५.२.३. घरमा हालेको जगको आधारमा घरधुरी विवरण

**तालिका ५-७: घरमा हालेको जगको प्रकारको आधारमा नगरपालिकामा रहेको घरधुरी विवरण**

| सि.नं. | घरको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | माटोको चिनाइ भयको ढुङ्गा तथाईट्टा | ६५८ | ४.४० |
| २ | सिमेन्टको चिनाइ भयको ढुङ्गा तथाईट्टा | ५८५८ | ३९.२० |
| ३ | काठ | ७०३९ | ४७.१० |
| ४ | बाँस | ८६७ | ५.८० |
| ५ | काँचो इट्टा | ३० | ०.२० |
| ६ | अन्य | ४९३ | ३.३० |
| जम्मा | | १४९४५ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७७

### ५.२.४. नगरपालिकाका हालका भवनहरू

यस नगरपालिकामा नगरपालिको स्वामित्वमा रहेका भवनका विवरणहरु  तालिकामा उल्लेख गरिएको छ ।

तालिका ५-८: नगरपालिकाकाको भवनको विवरण

| क्र.सं. | भवनको नाम | भवनको प्रकृति | वडा नं. | कैफियत |
|---|---|---|---|---|
| १ | कृष्णपुर नगर कार्यपालिका | प्रशासनिक | ५ | आफ्नै स्वामित्वमा भयको पक्कि |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

## ५.२.५. वडा कार्यालयको भवनहरु सम्बन्धी विवरण

तालिका ५-९: नगरपालिकामा वडा कार्यालयको स्वामित्व वा भाडामा लिएका भवनहरु सम्बन्धी विवरण

| वडा नं | वडा कार्यालय रहेको स्थान | अवस्था |
|---|---|---|
| १ | पहरिया | पक्कि, आफ्नै भवन |
| २ | बाणी | पक्कि, आफ्नै भवन |
| ३ | देखतभुली, वार्ड कार्यालय टोल | पक्कि, आफ्नै भवन, पुरानो |
| ४ | सहरानगर | पक्कि, आफ्नै भवन |
| ५ | गुलरिया | पक्कि, आफ्नै भवन |
| ६ | मिलडाडा | पक्कि, भाडामा |
| ७ | कलुवापुर | पक्कि, आफ्नै भवन |
| ८ | बिचवा | पक्कि, आफ्नै भवन, पुरानो |
| ९ | राजघाट | पक्कि, भाडामा |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

## ५.२.६. सामुदायिक तथा सार्वजनिक भवनहरूको विवरण

यस नगरपालिकामा रहेका ११ वटा सामुदायिक तथा सार्वजनिक भवनहरू रहेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ५-१०: सामुदायिक भवनहरूको विवरण

| क्र.स. | भवनको नाम | वडा नं. | हालको उपयोग |
|---|---|---|---|
| १ | सु.प.प्र. दङ्गा प्रहरी नियन्त्रण कार्यालय | २ | |
| २ | अस्थायी प्रहरी पोष्ट | २ | |
| ३ | सब डिभिजन वन कार्यालय | २ | |
| ४ | कृष्णपुर स्वाथ्य चौकी | ५ | स्वास्थ्य सेवा |
| ५ | ईलाका प्रहरी कार्यालय,गुलरिया | ५ | |
| ६ | इलाका हुलाक कार्यालय | ५ | |
| ७ | रैकवार विचवा स्वाथ्य चौकी | ७ | स्वास्थ्य सेवा |
| ८ | ईलाका प्रहरी कार्यालय, रैकवार विचवा | ८ | |
| ९ | अतिरिक्त हुलाक कार्यालय | ८ | |
| १० | सब डिभिजन वन कार्यालय | ९ | |
| ११ | नेपाल विद्युत प्राधिकरण फ्युज सेवा/ नो लाइट सेवा | ९ | |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

## ५.२.७. सार्वजनिक पाटीपौवा र चौतारा सम्बन्धि विवरण

तालिका ५-११: सार्वजनिक पाटीपौवा र चौताराको विवरण

| क्र.सं. | सार्वजनिक वस्तु विवरण | स्थान | उपयोग |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सार्वजनिक प्रतिक्षालय | मोहना चोक गजरौला | प्रयोगमा रहेको |
| २ | पिपल चौतारा | गुलरियाको पूर्व पट्टि | प्रयोगमा रहेको |
| ३ | सार्वजनिक प्रतिक्षालय | गुलरिया बजारको मुख्य चोकमा | प्रयोगमा रहेको |
| ४ | पिपल चौतारो | कृष्णपुर ४ मा रहेको | प्रयोगमा रहेको |
| ५ | सार्वजनिक चौताराहरु | बाणी, बंक, विचुवा | प्रयोगमा रहेको |
| ६ | सार्वजनिक धाराहरु | मालुबेला र किचौंई | प्रयोगमा रहेको |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

## ५.३. सञ्चार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासले गाउँ, समुदाय, देश, अन्तरदेशलाई एउटा सीमाहिन विश्व समुदायको रुपमा रुपान्तरित गरिदिएको छ । दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ । सन् १९९० सालको दशकमा सिमित जनसंख्याले प्रयोग गर्ने संचारका माध्यामहरू हाल आधारभूत आवश्यकतामा परिणत भएका छ । हाल सवत्र पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग बढ्दै गएको छ । कृष्णपुर नगरपालिकामा कान्तिपुर एफ.एम., रेडियो नेपाल, शुक्लाफाँटा एफ.एम लगायत विभिन्न स्टेसनहरू जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ । नगरपालिकामा नेपाल टेलिकम र एनसेलको Internet सेवा उपलब्ध छ । नगरपालिकामा Subisu, Nepal Telecom Lease Line/ADSL, आदि कम्पनीहरूले इन्टरनेट सेवा पुर्याउँदै आइरहेका छन् भने डिस होमजस्ता माध्यमबाट नगरपालिकाबासीले मनोरन्जनात्मक टि.भी कार्यक्रमहरू हेर्ने गरेका छन् ।

### ५.३.१. टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरपालिकाको धेरै वडाहरूमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेलजस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। नगरपालिकाको २ न. वडा तथा ५ न. वडामा NTC को 4G सेवा उपलब्ध रहेको छ । ग्रामिण क्षेत्रहरूमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुर्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुर्याउनु पर्ने देखिन्छ। यस नगरपालिकाको दूरसञ्चार सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

### ५.३.२. हूलाक सेवा

नगरपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुर्याइरहेको हूलाक सेवा हाल नगरपालिकाको विभिन्न वडाहरूमा कार्यरत छन्। हूलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् भने गुलरिया देखि काठमाण्डौ, ललितपुर, भक्तपुरसम्म द्रुत सेवा पनि उपलब्ध छ । यद्यपी हाल संचारको तीव्र विकासले हुलाक सेवाको प्रयोग सांघुरिएको छ ।

### ५.३.३. पत्रपत्रिका

कृष्णपुर नगरपालिकामा दैनिक, साप्ताहिक र मासिक गरी जम्मा १५ ओटा पत्रपत्रिकाहरू नियमित रुपमा प्रकाशित भैरहेका छन् । यसका अतिरिक्त काठमाडौंबाट प्रकाशित हुने सबैजसो दैनिक, साप्ताहिक र मासिक पत्रिकाहरू (गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, नेपाल समाचार पत्र, राजधानी दैनिक, अन्नपूर्ण पोष्ट, आदि) समेत नगरपालिकाका विभिन्न वडाहरूमा पाइन्छ ।

## ५.४. विद्युत तथा सौर्य उर्जा

### ५.४.१. इन्धनको प्रयोगको आधारमा घरपरिवारको विवरण

**तालिका ५-१२: खाना पकाउनको लागि इन्धन प्रयोग गर्ने परिवारको विवरण**

| वडा न. | खाना पकौनको लागि | | | |
|---|---|---|---|---|
| | ग्यास | दाउरा | बायो ग्यास | अन्य |
| १ | ० | ९८.१५ | ०.९८ | ०.८७ |
| २ | ०.५३ | ९८.५१ | ०.२१ | ०.७५ |
| ३ | ० | १०० | ० | ० |
| ४ | ०.०६ | ९६.७२ | २.११ | १.११ |
| ५ | २.२६ | ८९.०७ | ७.९६ | ०.७ |
| ६ | ०.११ | ९४.०४ | ५ | ०.८५ |
| ७ | ०.१७ | ९५.६४ | ३.३५ | ०.८४ |
| ८ | ० | ९१.७८ | ६.३८ | १.८५ |
| ९ | ०.२ | ९४.४७ | ४.४३ | ०.९१ |
| जम्मा औषत प्रतिशत | ०.३७ | ९५.३८ | ३.३८ | ०.८८ |

स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७७

### ५.४.२. बत्तीको प्रयोगको आधारमा घरपरिवार विवरण

**तालिका ५-१३: बत्ती बाल्नको लागि इन्धन प्रयोग गर्ने परिवारको विवरण**

| वडा नं | बत्ती बाल्नको लागि | | |
|---|---|---|---|
| | विधुत | मट्टीतेल | अन्य |
| १ | ७१.३२ | २७.८१ | ०.८७ |
| २ | ९४.२४ | ४.८ | ०.९६ |
| ३ | ९८.४३ | १.३८ | ०.२ |
| ४ | ७८.९४ | १९.४३ | १.६४ |
| ५ | ८५.६४ | १३.५१ | ०.८६ |
| ६ | ८९.४७ | ९.३६ | १.१७ |
| ७ | ७७.३ | २१.२७ | १.४२ |
| ८ | ७५.८४ | १४.६ | ९.५६ |
| ९ | ७७.३६ | १९.७२ | २.९२ |
| जम्मा औषत प्रतिशत | ८३.१७ | १४.६५ | २.१८ |

स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

### ५.४.३. बिजुलीको मिटर जडान भएका परिवारको विवरण

नगरपालिकामा रहेका कुल १४,९४५ घरपरिवारहरू मध्ये मिटर जडान भएका घर परिवारको संख्या ११९८७ अर्थात् ९० प्रतिशत रहेका छन् भने ८५८ अर्थात् ६.९ प्रतिशत घरपरिवारहरूले विद्युत सेवा उपभोग गरिरहेका तर मिटर जडान नभएका परिवारको रुपमा रहेका छन् र विद्युत सेवा उपभोग नगरेका परिवार संख्या ३२६ अर्थात् २.१८ प्रतिशत रहेका छन् ।

विगतका दशकहरू भन्दा हाल देशभर ग्रामीण विद्युतीकरणमा व्यापकता भएकाले विद्युतीय सेवा प्राप्त गर्ने जनसंख्या बढेको छ । अर्कोतर्फ विद्युत सेवा उपभोगबाट बञ्चित घरपरिवार समेत ६.१ प्रतिशत हुनुले सेवा विस्तारलाई निरन्तरता दिनुपर्ने देखिन्छ । आफ्नै मिटर जडान नभएता पनि अरुको बाट विद्युत उपयोग गर्ने घरपरिवारको संख्या समेत ६.९ प्रतिशत रहेकाले यसबाट विद्युत चुहावट वा दुरुपयोग हुन सक्ने संभावना रहन्छ । विगतमा देशमा रहेको उर्जा संकटलाई भविष्यमा हुन नदिन यस प्रकारको तथ्याङ्कले सहयोग पुराउँछ । आधारभूत उर्जाको स्रोतको रुपमा विकास भएको विद्युतको पहुँचलाई सहज र पुर्णरुपमा विस्तार गरी यसको उचित सदुपयोग गर्दा गुणस्तरीय जीवन निर्वाह, सुचना तथा सञ्चारको विकास, उद्योग व्यवसायको विकास र अन्य मानवीय क्रियाकलापमा महत्वपुर्ण सहयोग पुग्दछ । वडागत थप विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## ५.५. खानेपानी, सरसफाई तथा ढल निकास

### ५.५.१. खानेपानी

बसोबास र स्वास्थ्यका हिसाबले नगरपालिका स्वच्छ र सफा हुनुपर्छ । खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहँदा विभिन्न दुषित तथा असुरक्षित पानी बाट लाग्ने रोगको जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ । खानेपानीमा प्रयोग गरिएको स्रोत र चर्पीको उपलब्धताको आधारमा नगरपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ । सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्युनीकरण गर्न सकिन्छ ।

### ५.५.२. खानेपानीको स्रोतको आधारमा परिवारहरूको विवरण

**तालिका ५-१४: खानेपानीको स्रोतको आधारमा परिवारको विवरण**

| वडा नं | धारा / पाईप | हाते पाइप | ढाकिएको इनार/ कुवा | नढाकिएको इनार/ कुवा | मुलको पानी | नदि/ खोला | अन्य | जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|---|---|
| १ | १.९६ | ९७.६ | ० | ० | ०.११ | ० | ०.३३ | १५१७ |
| २ | ११.३५ | ८७.०५ | ०.३२ | ० | ०.०५ | ० | १.२३ | २६६४ |
| ३ | २९.४७ | ७०.५३ | ० | ० | ० | ० | ० | ८५४ |
| ४ | ३.१ | ८४.४९ | ०.२९ | ०.४१ | ०.२९ | ११ | ०.४१ | २४१० |
| ५ | २.६५ | ९१.८८ | ०.१६ | ० | ० | ०.३१ | ५ | १८८९ |
| ६ | ०.११ | ९८.६२ | ०.११ | ० | ० | ० | १.१७ | १५२२ |
| ७ | ०.९२ | ९७.९९ | ० | ० | ०.१७ | ० | ०.९२ | १६३७ |
| ८ | २.८५ | ९३.९६ | ०.१७ | ० | ० | ० | ३.०२ | ८९५ |
| ९ | ०.३ | ९८.२९ | ०.२ | ० | ० | ०.१ | १.११ | १५५७ |
| जम्मा | ५.८५७ | ९१.१६ | ०.१३९ | ०.०४६ | ०.०६९ | १.२६८ | १.४६६ | १४९४५ |

स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

### ५.५.३. परिवारले प्रयोग गरेको शैचालायाको किसिमको अनुसार आधारमा परिवारको विवरण

**तालिका ५-१५: परिवारले प्रयोग गरेको शैचालायाको किसिमको अनुसार आधारमा परिवारको विवरण**

| वडा नं | सार्वजनिक ढलमा | सेफ्टी टयांकीमा | साधारण सौचालय | शैचालय नभएका | अन्य | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|---|

| | जोडिएका | जोडिएका | | | | |
|---|---|---|---|---|---|---|
| १ | ०.३३ | १३.६३ | १४.८३ | ७१.२१ | ० | १५१७ |
| २ | ५.३३ | २३.१३ | २४.७९ | ४६.१६ | ०.५९ | २६६४ |
| ३ | ०.२ | ११ | ९.०४ | ७९.७६ | ० | ८५४ |
| ४ | ०.९९ | २१.०१ | ३५.१७ | ४२.६६ | ०.१८ | २४१० |
| ५ | ०.३१ | ३८.०२ | १२.९६ | ४८.४ | ०.३१ | १८८९ |
| ६ | ०.३२ | २१.३८ | ३० | ४७.७७ | ०.५३ | १५२२ |
| ७ | ०.७५ | १७.७६ | १२.४ | ६८.५१ | ०.५९ | १६३७ |
| ८ | ०.५ | ११.९१ | २१.१४ | ६४.९३ | १.५१ | ८९५ |
| ९ | १.५१ | १३.२८ | १२.८८ | ७१.७३ | ०.६ | १५५७ |
| जम्मा | | | | | | १४९४५ |

स्रोतः घरधुरी तथ्याङ्क सङ्कलन, २०७५

# ६. आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ६.१. नगरपालिकाको वित्तिय स्थिति

नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, वन, कुखुरापालन, बाख्रापालन, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, व्यापार, व्यवसाय, नोकरी, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराई क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। नगरपालिकाको सबै वडाहरूमा क्रमिक रुपमा सडक सञ्जालको विस्तार भैरहेका कारण नगरपालिकाको पूर्वाधार विकासमा थप सहज भएको छ । कृषि, व्यापार, सेवामूलक व्यवसाय साथै यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू यहाँका आर्थिक कृयाकलापहरू हुन् । यस नगरपालिकाको वैकल्पिक आर्थिक आधार वैदेशिक रोजगार समेत रहेको देखिन्छ। प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरीपूर्ण रहेका कारण कृष्णपुर नगरपालिका महत्वपूर्ण स्थानमा रहेको छ । विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत ऐतिहासिक धार्मिक, पौराणिक महत्वका स्थलहरू नगरपालिकाको प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन् । यस नगरपालिकामा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिएर बिभिन्न किसिमको पाकेट क्षेत्र धोषणा गरि सो सम्बन्धी कृषी सहज बातावरण बनाउन सके कृषिमा आत्मनिर्भर भई बिभिन्न कृषि जन्य पदार्थ निर्यात गर्न सकिने देखिन्छ। साथै विभिन्न ठाउँमा रहेका धार्मिक महत्वका स्थलहरुलाई उचित रुपमा व्यवस्थापन गर्न सके पर्या-पर्यटनको प्रचुर सम्भावन भएको हुँदा उक्त क्षेत्रहरुमा लगानी गरी नगरपालिकाको अर्थतन्त्र मजबुद हुने सुनिश्चित देखिन्छ ।

### ६.१.१ व्यापारिक केन्द्रहरुको विवरण

कृष्णपुर नगरपालिकामा तपसिल बमोजिमका मुख्या व्यापारिक केन्द्रहरु रहेका छन् ।

**तालिका ६-१ः कृष्णपुर नगरपालिकामा रहेका मुख्य व्यापारिक केन्द्रहरु**

| सि.नं. | व्यापारिक केन्द्रहरुका नाम | मुख्य व्यापारिक बस्तुहरु |
|---|---|---|
| १ | गजरौला | खाद्य तथा कृषि सामाग्रीहरु |
| २ | गुलरिया | खाद्य, किराना, हार्डवयर, तरकारी, फलफुल, मासु, र कृषि सामाग्रीहरु |
| ३ | बाणी | खाद्य, किराना, हार्डवयर, तरकारी, फलफुल, मासु, र कृषि सामाग्रीहरु |
| ४ | बंक | खाद्य, किराना, हार्डवयर, तरकारी, फलफुल, मासु, र कृषि सामाग्रीहरु |
| ५ | कलुवापुर | खाद्य, किराना, तरकारी, फलफुल, मासु, र कृषि सामाग्रीहरु |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

### ६.१.२. औषत मासिक पारिवारिक आम्दानी विवरण

यस कृष्णपुर नगरपालिकामा रहेका कुल १४९४५ घरधुरी मध्ये सबैभन्दा बढी (२५.९ %) औसत मासिक आम्दानी १०,००० देखी १५,००० सम्म भएका घरधुरी हरु ३८७१ रहेको र सबैभन्दा कम (१.९ %) औसत मासिक आम्दानी १,००० भन्दा कम भएका घरधुरी हरु २८४ रहेका छन ।

**तालिका ६-२ः कृष्णपुर नगरपालिकाको औषत मासिक पारिवारिक आम्दानी विवरण**

| सि.नं. | औसत मासिक पारिवारिक आम्दानी विवरण (रुपैयामा ) | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १००० भन्दा कम | 284 | १.९ |
| २ | १००० देखि २००० | 389 | २.६ |

| | | | |
|---|---|---|---|
| ३ | २००१ देखि ३००० | 837 | ५.६ |
| ४ | ३००१ देखि ५००० | 1420 | ९.५ |
| ५ | ५००१ देखि १०००० | 2556 | १७.१ |
| ६ | १०००१ देखि १५००० | 3871 | २५.९ |
| ७ | १५००१ देखि २५००० | 2944 | १९.७ |
| ८ | २५००० भन्दा माथि | 2645 | १७.७ |
| जम्मा | | १४९४५ | १००. |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

### ६.१.३. औषत मासिक पारिवारिक बचत विवरण

कृष्णपुर नगरपालिकामा रहेका कुल घरधुरी मध्ये ४०% घरधुरीले बचत गर्न नसकेको देखिन्छ भने १०,००० भन्दा माथि बचत हुनेको संख्या कुल घरधुरीको ९% मात्र देखिन्छ । कृष्णपुर नगरपालिकाको औषत मासिक पारिवारिक बचत विवरण प्रस्तुत चित्रमा चित्रण गरिएको छ ।




चित्र ६-१: कृष्णपुर नगरपालिकाको औषत मासिक पारिवारिक बचत विवरण

### ६.१.४ आर्थिक वर्ष २०७६/७७ एवं २०७७/०७८ को चैत्र महिना सम्म भएको विभिन्न शिर्षकमा करहरुको विवरण

कृष्णपुर नगरपालिकामा आ.व. २०७७/७८ सम्म मालपोत तथा सम्पत्ति कर तथा विविध कर तिर्ने कुल १०,८७५ करदाता रहेका छन । जस मध्ये ३,४२९ घर भएका करदाता रहेका छन् भने ८,५०६ जग्गा मात्रै रहेका करदाताहरु छन् । उक्त संख्या नीजि घरधुरीको संख्याका आधारमा यकिन गरिएको हो र बाँकी गुठी, सार्वजनिक ठाउँ, ऐलानी जग्गा र सुकुम्बासी जग्गामा रहेका छन् । घरधुरी सर्भेक्षण एवं नगरपालिकाको राजस्व शाखाबाट प्राप्त तथ्यांक अनुसार आर्थिक बर्ष २०७६/७७ र आ.व. २०७७/७८ को चैत्र महिना सम्म विभिन्न शिर्षकमा संकलन भएको राजस्व तपशिल बमोजिम राखिएको छ ।

चित्र ६-२: कृष्णपुर नगरपालिकाको आर्थिक वर्ष २०७६/७७ एवं २०७७/०७८ को चैत्र महिना सम्म भएको विभिन्न शिर्षकमा करहरुको विवरण

| क्र.सं. | विवरण | आ.व. २०७६/७७ को जम्मा | आ.व. २०७७/७८ को चैत्र महिना सम्म जम्मा |
|---|---|---|---|
| १ | सम्पत्ति कर | १९१५६४.८७ | २६८८५६.७८ |
| २ | भुमि तथा मालपोत कर | ४४८९७६.८७ | ८५६०३९.६ |
| ३ | घर बहाल कर | १६३९१२.८ | १६६२७६.३३ |
| ४ | बहाल बिरौटी कर | ६०५१३.४१ | ३७७०७.४ |
| ५ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ७१५००.० |
| ६ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ६४५००.० | ५४५२०४.० |
| ७ | अन्य कर | २८१६४.० | १२५६०.० |
| ८ | अन्य सेवा शुल्क | ९९६६०.० | १६८५१०.० |
| ९ | नक्सापास दस्तुर | १८०७५०.५६ | ८८१८२.९६ |
| १० | सिफारिस दस्तुर | ८१०८०.० | २०९७०८५.० |
| ११ | ब्यक्तिगत घटना दर्ता दस्तुर | ९७७०.० | २९२७१०.० |
| १२ | नाता प्रमाणित दस्तुर | ३८५०.० | १३१५७५.० |
| १३ | अन्य दस्तुर | ० | ३३९३३७६.९४ |
| १४ | प्रशासनिक दण्ड जरिवाना र जफत | ० | ५००००.० |
| १५ | अन्य राजस्व | २११३८३.० | १०२६२०.० |
| १६ | बेरुजु | ० | २०९७९.० |
| १७ | शिक्षा सेवा शुल्क शैक्षिक संस्था | ५०००.० | ० |
| १८ | अन्य दस्तुर | ४२९४९५.० | ० |
| १९ | अन्य बिक्रीबाट प्राप्त रकम | १५०००.० | ० |
| जम्मा | | १९९३६२०.५१ | ८३०३१८३.०१ |

श्रोतः राजस्व शाखा कृष्णपुर न.पा., कंचनपुर

## ६.१.५. नगरपालिकाको आय/व्ययको विवरण

आ. व. २०७६/७७ मा आम्दानी तर्फ वित्तिय समानिकरण (संघ) बाट प्राप्त अनुदान रु हजारमा १५९६००, वित्तिय समानिकरण (प्रदेश) बाट प्राप्त अनुदान रु हजारमा ७६८८, सशर्त अनुदान (संघ) रु हजारमा २१४७५१, सशर्त अनुदान (प्रदेश) रु हजारमा २४७६०, समपुरक अनुदान (संघ) रु हजारमा १४१००, विशेष अनुदान (संघ) रु हजारमा ५,०००, राजश्व बाँडफाँड (संघ) रु हजारमा ८४६०१, राजश्व बाँडफाँड (प्रदेश) रु हजारमा २३०४, रोयल्टि (संघ) रु हजारमा ९६ रहेको छ भने खर्च तर्फ वित्तिय समानिकरण (संघ) बाट प्राप्त अनुदान रु हजारमा ११७६८९, वित्तिय समानिकरण (प्रदेश) बाट प्राप्त अनुदान रु हजारमा ३३७७, सशर्त अनुदान (संघ) रु हजारमा १७१४९२, सशर्त अनुदान (प्रदेश) रु हजारमा २२९५०, समपुरक अनुदान (संघ) रु हजारमा ०, विशेष अनुदान (संघ) रु हजारमा ०, राजश्व बाँडफाँड (संघ) रु हजारमा ७८५३८, राजश्व बाँडफाँड (प्रदेश) रु हजारमा ९९९, रोयल्टि (संघ) रु हजारमा ९६ रहेको छ ।




स्रोतः कृष्णपुर नगरपालिकाको कार्यालय, २०७७

**चित्र ६—२: कृष्णपुर नगरपालिकाको आय/व्ययको विवरण**

आ. व. २०७४/७५, आ. व. २०७५/७६, र आ. व. २०७६/७७ को कुल विनियोजित बजेटको आकार हेर्दा बड्दो क्रममा देखिन्छ । विनियोजित बजेट संगसंगै खर्चको आकार पनि बड्ने भएकोले नगरपालिकाले आन्तरिक आयका स्रोत हरु विस्तार गर्दै आन्तरिक आयमा तुलनात्मक वृद्धी गरको देखिन्छ । आ. व. २०७४/७५, आ. व. २०७५/७६, र आ. व. २०७६/७७ को तुलनात्मक तालिका देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका ६-३: वडागतरुपमा रोजगारीको अवस्था २०७६-७७**

| आ.व. | आन्तरिक आय रू. | कुल विनियोजित बजेट रू. | कुल खर्च रू. |
|---|---|---|---|
| २०७४/०७५ | ५४४४४४६.०९ | ५१८९६५७२३.०१ | ४६९३६२५८३.१८ |
| २०७५/०७६ | २९७१६६०२.११ | ६९४१६९३५४.७७ | ४७२९०३७४१.३५ |
| २०७६/०७७ | ४२००६२१४.६३ | ७४३१४७०६५.७९ | ४९७७६२४७०.१२ |
| जम्मा | ७७१६७२६२.८३ | १९५६२८२१४४ | १४४००२८७९५ |

स्रोतः कृष्णपुर नगरपालिकाको कार्यालय, २०७७

## ६.१.६. नगरपालिकाको रोजगारी अवस्था

मुख्यता आ. व. २०७६/७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत प्राप्त तथ्याङ्क अनुसार नगरपालिकामा रहेका काम गर्ने उमेरका कुल जनसंख्या मध्ये १,५५६ जना स्वेच्छिक बेरोजगार रहेका छन । जस मध्ये सोहि कार्यक्रम मार्फत १९५ जनाले रोजगारी समेत पाएका छन। सामान्यताया काम गर्ने उमेर १५ देखि ५९ वर्षका कुल ४४,२३५ जनसंख्या मध्ये २५.०७ प्रतिशत जनसंख्या मात्र रोजगार रहेको देखिन्छ । यद्यपि नेपालमा कानूनले तोकेको १५ देखि ५९ वर्ष सम्मको उमेर बाहेक बालबालिकालाई काममा लगाउने र जेष्ठ नागरिकहरूले बाध्यतावश काम गर्नु परिरहेको यथार्थ छ । उक्त उमेर समुहको ठुलो संख्या बैदेशीक रोजगार (भारत) मा गएका कारणले नगरपालिकामा उत्पादनशील कार्यमा लाग्ने जनसंख्यामा कमि आएको छ र यसका कारण उत्पन्न हुने थप सामाजिक, आर्थिक र मनोवैज्ञानिक असरहरू निकै संवेदनशील हुदै गरेका छन । अर्धदक्ष, अदक्ष र बेरोजगारको जनसंख्या उच्च हुँदा नगरपालिकाको विकासमा दिर्घकालिन नकारात्मक प्रभाव पर्दछ । यसर्थ दिगो विकासको लागि रोजगारी श्रृजना, दक्ष जनशक्ति उत्पादन र सेवामुलक उद्योग व्यवसायको विकास गर्न दिर्घकालिन कार्ययोजना निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ । यस प्रकारको व्यवसाय र उद्योग स्थापना गर्दा स्थानीय श्रोत र साधनमा

आधारित उद्योगलाई प्राथमिकता दिनुपर्दछ । तसर्थ यस तर्फ सम्बन्धित सरोकारवालहरूको ध्यान जानु अत्यन्त जरुरी छ ।

## ६.२. कृषि

राष्ट्रिय कृषि नीति २०६१ मा देशमा भौगोलिक विविधताले उपलब्ध गराएको अवसर, कृषकहरूको लामो समय देखिको विशिष्ट अनुभव र आधुनिक कृषि प्रविधिको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सूरक्षा कायम गर्न सकिने सम्भावना रहेको औल्याँइएको छ । तथापि कृषि उर्वर भूमिको अवैज्ञानिक प्रयोग, प्राकृतिक प्रकोपहरूको भूमिमा पर्ने असरहरू, कृषि श्रम र सिप हुनेहरूमा कृषि योग्य भूमिको पहुँच नहुनु र पहुँच हुनेहरूले भूमिको प्रयोग गर्न नसक्नु, कृषि क्षेत्रको विकासका लागि आवस्यक भौतिक पूर्वाधारको व्यवस्था हुन नसक्नु नेपालमा कृषि क्षेत्रका मुख्य समस्याहरू र चुनौती रहेको राष्ट्रिय कृषि नीति २०६१ को पृष्ठभूमि मै स्पष्ट उल्लेख गरिएको छ । यो समग्र राष्ट्रको कृषि क्षेत्रको आम समस्या भएकोले यस नगरपालिकाको हकमा समेत लागु हुन्छ । नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ । ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रूपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरू फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रूपमा कृषि भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरू हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरूमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

नगरपालिकाको ६५.८८ वर्ग कि.मी. (२६.३२ प्रतिशत) भू—भाग कृषिको लागि उपयुक्त क्षेत्र रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा मास, बोडी, सिमी, मस्यांग, मुसुरो उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरीको उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । नगरपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न, तरकारी र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रूपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ ।

### ६.२.१. कृषिजन्य बाली सम्बन्धी विवरण

भौगोलिक असमानताले विभिन्न स्थानहरूमा लगाउने बाली तथा उत्पादन फरक फरक हुनुको साथै लगाउने समय पनि भिन्न रहेको छ । कृषणपुर नगरपालिकामा पनि अधिकांशं मानिसहरू कृषिमा संलग्न रहेका छन् । यस नगरपालिकामा लगाईने बालीको क्षेत्रफल र उत्पादन सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

## प्रमुख बाली

नगरपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा गहुँ, तोरी, मसुरो, जौ रहेका छन भने तरकारीमा आलु, काउली , तरकारी बीउ र मसला बाली आदि रहेका छन् भने नगरपालिकाका प्रमुख बर्षे बालीहरूमा धान, मकै, कोदो, दलहन, भटमास, मास, आलु, मसला बाली, अदुवा आदि छन् ।

**तालिका ६-४: कृषिजन्य बाली सम्बन्धी विवरण**

| वाली/उत्पादन समुह | आर्थिक वर्ष (२०७२/०७३) | |
|---|---|---|
| | क्षेत्रफल (बिगाहा) | उत्पादन (क्विन्टलमा) |
| अन्न बाली | | |
| धान | ३०४५ | ६०९०० |
| गहुँ | १७२५ | २५८७५ |
| मकै | २०१ | १२०३ |
| दलहन वाली | | |
| मास, बोडी, सिमी, मस्यांग, मुसुरो | ४२५ | ९८४ |
| तेलहन वाली | | |
| तोरी, सुर्यमुखी. | ५६८ | १८७२ |
| तरकारी वाली | | |
| आलु, प्याज, काउली, भण्टा, बन्दा, गोलभेडा, राम तोरिया, साग आदी | ६५० | १२५६० |
| फलफुल खेती | | |
| केरा, आँप, सुन्तला, नास्पमती, भुईकटहर, लिची आदी | ३६४ | ७२८० |

स्रोतः कृषि ज्ञान केन्द्र कञ्चनपुर, २०७६ तथा स्थलगत स्रवेक्षण, २०७७

## कृषि बालीमा लाग्ने रोग

नगरपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रूपमा रहेको छ । सामान्यतया धानमा ब्लास्ट, खैरो थोप्ले, फेद कुहिने रोगहरू देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरेजस्ता रोगहरू देखिन्छन् । यसैगरी मकैमा डाँठ वा घोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, ड्याम्पिङ्ग अफ, जरा कुहिनेजस्ता रोगहरू मुख्य रूपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदी रोगहरूको प्रकोपबाट कृषकहरू समस्यामा परेका छन् ।

## बाली पात्रो

नेपालको भौगोलिक विविधताको कारण विभिन्न क्षेत्रहरूमा लगाईने बालीहरू र लगाउने समय फरक फरक पाईन्छ । यस्तै एउटै ठाउँको माथिल्लो मध्य र तल्लो भागमा पनि बाली लगाउने र वालीको भिन्नता पाईन्छ । यस कृष्णपुर नगरपालिकाको बालीको समयअनुसार बाली पात्रोको विवरण तल तालिकामा देखाईएको छ ।

**तालिका ६-५: बाली पात्रो**

| समय सिमा | क्रियाकलाप |
|---|---|
| जेष्ठ देखी असार | मकैको झार निकाल्ने, धानको बिउँ राखने तथा बाँझो खेत जोत्ने |
| असार देखी भाद्र | मकै टिप्ने तथा जम्मा गर्ने, धानको बिउ रोप्ने तथा धान गोड्ने |
| असोज देखि मंसिर | धान भित्र्याउने |
| मंसिर देखि पौष | गहुँ छर्ने तथा तरकारी खेती गर्ने |
| माघ देखि फाल्गुन | बन व्यवस्थापन |
| चैत्र देखि बैशाख | गहुँ काट्ने तथा मकै छर्ने |

स्रोत: कृषि ज्ञान केन्द्र कञ्चनपुर, २०७६ तथा स्थलगत स्रवेक्षण, २०७७

## ६.२.२. जग्गाको किसिम अनुसारको विवरण (बिघा/रोपनी)

नापि विभागले २०७४ मा गरेको भू-उपयोग वर्गीकरण अनुसार कृषीयोग्य जमिनलाइ देहाय बमोजिम ५ तहमा वर्गीकरण गरिएको छ ।




**चित्र ६-३: कृष्णपुर नगरपालिकाको कृषि भू-उपयोग वर्गीकरण, २०७४**

माथिको बर्गिकरण अनुसार कृष्णपुर नगरपालिकाको कृषि भू-उपयोगको बर्गीकरण निम्न तालिकानुसार रहेको छ ।

**तालिका ६-६: कृष्णपुर नगरपालिका कृषि भूमी बर्गिकरण**

| तह १ (Level 1) | तह २ (Level 2) | तह ३ (Level 3) | तह ४ (Level 4 Cropping Pattern) | |
|---|---|---|---|---|
| | | | Monsoon-Winter | क्षेत्रफल (बिगाहा) |
| कृषि क्षेत्र (Agricultural Land Use) | तराइ खेती (Tarai Cultivation) | सिमसार खेती (Wet Land Cultivation) क्षेत्रफल : २५८३८. ५१ विगाहा | धान-पराजित बाली | ८४.४४९२९ |
| | | | धान-तेलहन | ३५६.५६१६ |
| | | | धान-आलु | ३९.०६३८३ |
| | | | धान-आलु-तरकारी | ५५१.७४१२ |
| | | | धान-दलहन | ३१५.१९५९ |

| | | | | |
|---|---|---|---|---|
| | | | धान-गहुँ-गेडागुडी | ९.४१०६७४ |
| | | | धान-गहुँ | २३७५१ |
| | | सुख्खा खेती (Dry Land Cultivation) क्षेत्रफल : ७७.७६ विगाहा | मकै-तेलहन | २५.६९१०५ |
| | | | मकै-दलहन | ६.०३५९१९ |
| | | | दलहन-पराजित बाली | ८४.४४९२९ |
| | | | फलफुल | ३२.७९९४ |
| | | | उखु | ४३.२१५०२ |
| | | मिश्रीत खेत (Mixed Land Cultivation) क्षेत्रफल : ११६.२९ विगाहा | धान-दलहन | ३१५.१९५९ |
| | | | मकै-तेलहन | २५.६९१०५ |
| | | | तरकारी | २४१.९६११ |
| | | | तरकारी | ४३२.३३०८ |
| | | | दलहन-पराजित बाली | ८४.४४९२९ |

स्रोतः कृषि ज्ञान केन्द्र कञ्चनपुर, २०७६ तथा नापी विभाग, २०७७

## सिचाइ

कृष्णपुर नगरपालिका चुरे भावर र तराइ छेत्रमा अवस्थित नगरपालिका हो । मुख्य रुपमा यसको उत्तर पश्चिमी तथा राजमार्गको दक्षिण तर्फको भू-भाग उर्वरशील भूमीको रुपमा रहेको छ । कुल कृषक मध्ये ५४% कृषकहरु सिंचाइको लागी नदीनाला एवम् बोरिङ्गमा निर्भर छन भने ४६% कृषकहरु सिचाइका लागि बर्षे झरिमा निर्भर छन् । यस नगरपालिकामा रहेका विभिन्न नदीनालाहरु मध्ये मोहना, मछेली, बनरा, टेडुला आदी नदीहरु सिंचाइका मुख्य श्रोतका रुपमा रहेका छन् । सिंचाइको सुविधा नपुगेका कृषकहरु दुइ बाली (गँहु र मकै) तथा सिंचाइ भएका स्थान हरुमा मुख्यता तिन बाली (धान, गँहु, र मकै) लगाउनका साथ साथै तरकारी एवम दलहन हरु लगाउने गरिएको छ ।

## जग्गाको उर्वराशक्ति

नगरपालिकाको २९.६६ प्रतिशत क्षेत्रफल खेती योग्य जमिनले ओगटेको छ । कृष्णपुर नगरपालिकामा रहेको उर्वरा क्षेत्रलाई वैज्ञानिक कृषि प्रणालीमा आधारित भई पूर्ण सदुपयोग गर्न सकिएको छैन । नगरपालिकाको बेसी तथा भिरालो भू—भागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरूमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ । नगरपालिका उपलब्ध खेतियोग्य जमिन र सिँचाईको उपयोग गर्न सके कृषिमा राम्रो सम्भावना रहेको छ ।

## ६.२.३. कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असंगठीत रूपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरूको बजारीकरण प्रचलन विकास हुन थालेको छ । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरूले कृषि बजारको क्रमिक विकासमा टेवा पुर्याएका छन् । कृषि उपज बजारीकरणका ढाँचाहरूले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका छन् । नगरपालिकामा विभिन्न स्थायी अस्थायी कृषि बजारहरूबाट कृषि लगायत अन्य वस्तुहरूको (तरकारी, आलु, फलफूल तथा दैनिक उपभोग्य अन्य वस्तुहरू) बजारीकरण हुने गरेको देखिन्छ । यस नगरपालिकामा हाल सम्म औपचारिक रुपमा कृषि बजारहरू लाग्ने गरेको पाइएको छैन तर नगरपालिका स्तरको बजार संचालन गर्ने योजना रहेको छ ।

## ६.२.४. कृषि पकेट क्षेत्रको बिवरण

| मालिका ग्रामिण विद्युत स.स.लि. कृष्णपुर-०४ | 124, 2063-12-02 | विद्युत सहकारी | विद्युत खरिद बिक्री | ६८ | १८५ | २५३ | ३३३०० | | | १७६२०१३ | २७३९९३७ |
| एकता ग्रामिण विद्युत स.स.लि. कृष्णपुर-०६ | 145, 2063-12-18 | विद्युत सहकारी | विद्युत खरिद बिक्री | ४ | २६४ | २६८ | १६०००० | | | २०६८ | १९५८९९३ |
| नव प्रगति महिला कृषि स.स.लि. कृष्णपुर-०६ | १९५, २०६८-०२-११ | कृषि सहकारी | बचत संकलन ऋण लगानी, मल खरिद बिक्री | ३०७ | | ३०७ | ३९५८०० | ३१३८८५३ | ३८२५६३५ | १६८७०८ | ६२००५२२ |
| चौधरी बहुउद्देश्यीय स.स.लि. कृष्णपुर-०४ | १९४, २०६४-०७-१६ | बहुउद्देश्यीय | बचत संकलन ऋण लगानी, मल खरिद बिक्री | २८८ | ६४ | ३५२ | २३५९७०० | ४६४१५५३ | १३९९९२३६ | ८७७०६ | १३९९९२३६ |
| जय फुलबारी कृषि स.स.लि. कृष्णपुर-०२ | ४४५, २०६८-११-१६ | कृषि सहकारी | कृषि बचत तथा ऋण | २७६ | ११० | ३८६ | ६४८०५० | १३४६६२५ | ५०४३७३१ | ७१८३ | ५१३६६९३ |
| लखवारी कृषि स.स.लि. कृष्णपुर-०४ | ४१२, २०६८-०५-११ | कृषि सहकारी | मलखाद, कर्जा लगानी | ४७ | ४१ | ८८ | २५०० | १३०२०२ | १२०६०००० | | |
| मुक्त कमैया ग्रामिण विद्युत स.स.लि. | १३२, २०६३- | विद्युत | विद्युत खरिद बिक्री | ४८ | ४७ | ५१ | ४७८० | | | २५२९८ | ११७९३० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कृष्णपुर-०२ | १२-०६ | सहकारी | | | ० | ८ | ० | | | ६२ | ३ |
| जयदुर्गे ग्रामिण विद्युत स.स.लि. कृष्णपुर-०४ | १२३, २०६३-१२-०१ | विद्युत सहकारी | विद्युत खरिद बिक्री | ६८ | २६८ | ३३६ | ६३९०० | | | | |
| कंचन ग्रामिण विद्युत स.स.लि. कृष्णपुर-०२ | १२५, २०६३-१२-०२ | विद्युत सहकारी | विद्युत खरिद बिक्री | ४०१ | २३७ | ६३८ | ५३८०० | | | ५०९८८३३ | ५०९८८३३ |
| बरपीपल कृषि स.स.लि. कृष्णपुर-०१ | ८०८, २०७२-१२-२९ | कृषि सहकारी | बचत संकलन ऋण लगानी, मल खरिद विक्री | ७९ | ९० | १६९ | ७३५३०० | | ४६७८०० | ६३८६८० | १४३००६४ |
| सुन्दर कृष्णपुर कृषि स.स.लि. कृष्णपुर-०१ | ५६२, २०६९-०३-०९ | कृषि सहकारी | बचत संकलन ऋण लगानी, मल खरिद विक्री | १० | २९ | ३९ | ७८०००० | २२९१०० | ४८०३०० | २३००० | ५९७२८२ |
| जय किसान कृषक स.स.लि. कृष्णपुर-०९ | ४२५, २०६८-०७-०२ | कृषि सहकारी | बचत संकलन ऋण लगानी, मल खरिद विक्री | २१० | २७५ | ४८५ | ११४५४०० | ३४९१०३४ | ३०८३७७१ | ९३४०१४.१ | ४६३६०३४ |
| कृष्णपुर महिला कृषक स.स.लि. कृष्णपुर-०१ | ७८०, २०७२-०२-०७ | कृषि सहकारी | बचत संकलन ऋण लगानी, मल खरिद विक्री | २९२ | | २९२ | १८८५०० | ५४४३०७ | ८१३१२५ | १६०००० | १०७५६४३ |
| साहारा बहुउद्देश्यीय स.स.लि. कृष्णपुर-०२ | ३०९, २०६३-०६-३१ | बहुउद्देश्यीय | बचत संकलन ऋण लगानी, मल खरिद विक्री | २० | ४० | ६० | १७४५०० | ३२२७५३ | ४२२८९२ | ६५०६ | ९२६६५१ |
| साना किसान कृषि स.स.लि. कृष्णपुर-०८ | ७०३, २०७०-११-२६ | कृषि सहकारी | बचत संकलन ऋण लगानी, मल खरिद विक्री | ११२५ | ६ | ११३१ | ६७८९००० | १४९१७२७९ | ४३२८६४२७ | २४९०३३ | २१७०६२७९ |
| कृष्णपुर स.स.लि. कृष्णपुर-०५ | १/९/९, २०३३-०६-२६ | बहुउद्देश्यीय | बचत संकलन ऋण लगानी, मल खरिद विक्री | ३२५ | १२८९ | १६१४ | ११६६६१२ | २२५६१८२.६ | १४६६८१९.५ | १९२८६६.५ | ४०४१२५४.६ |

स्रोतः कृषणपुर नगरपालिकाको कार्यालय, २०७७

### ६.४.४. संचालकको लिङ्ग अनुसार उद्योग तथा व्यवसायिक फर्मको विवरण

प्राप्त तथ्याङ्क अनुसार नगरपालिकामा सञ्चालनमा रहेका उद्योग व्यापार, व्यवसायिक फर्म तथा कम्पनी सञ्चालकको लिङ्गका आधारमा जनसंख्याको विश्लेषण गर्दा पुरुषको तुलनामा महिलाको स्वामित्वमा रहेका फर्महरूको संख्या आधा भन्दा पनि कम रहेको छ । तथ्याङ्क अनुसार नगरपालिका भर संचालनमा रहेका १७५ उद्योग तथा फर्महरू मध्ये १२० अर्थात् ६८.६ प्रतिशत फर्ममा पुरुषको स्वामित्व र ५५ अर्थात् ३१.४ प्रतिशत फर्ममा मात्र महिलाको स्वामित्व रहेको देखिन्छ । त्यसो त महिलाका नाममा रहेका फर्महरूमा महिलाको नै भूमिका निर्णायक हुन्छ भन्न सकिँदैन वा पुरुषको नाममा रहेका फर्महरूमा महिलाको भूमिका पनि निर्णायक हुन सक्दछ । यद्यपी लैङ्गिक हिसाबले तथ्याङ्कको तुलनात्मक अन्तरमा देखिएको फराकिलोपनले व्यापारिक वा व्यवसायिक फर्महरू संचालन गर्ने महिलाको संख्या पक्कै नै न्यून रहेको देखाउँछ । महिलालाई आर्थिक रुपले निर्णायक तहमा पुर्याउन सर्वप्रथम महिला उद्यमशिलता विकासका प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरी महिला शसक्तिकरणलाई केन्द्रमा राख्नुपर्दछ । अर्कोतर्फ तथ्याङ्कले व्यापार—व्यवसाय संचालकमा महिलाको संलग्नता भने देखिएको सकारात्मक संकेत गरेपनि उनीहरूले संचालन गरेका फर्मको प्रकृति कस्तो प्रकारको हो भन्ने स्पष्ट नभएकोले उनीहरूको आर्थिक स्थिति कति बलियो छ भनेर आँकलन गर्न भने सकिँदैन । उदाहरणका लागि यदि महिलाले संचालन गरेका फर्महरू सामान्य सिलाइ—कटाई, तितौरा, अचार, बुनाइ, बुटिक, पार्लर आदि खालका रहेछन् भने यस प्रकारका व्यापारिक फर्महरूले चरम गरिबीबाट माथि उठ्न सहयोग पुर्याएतापनि महिलालाई आर्थिक हिसाबले वास्तवमै सबल भने बनाउँदैनन् । ठुला लगानीमा महिलालाई प्रात्साहन गर्न उदाहरणीय महिला उद्यमीहरूको उदाहरण दिएर, तालिम दिएर शसक्तिकरणका क्रियाकलाप गराई यसतर्फ आकर्षण गर्नुपर्दछ ।




चित्र ६-५: उद्योग व्यवसाय सञ्चालकको लिंग अनुसार उद्योग-व्यवसायिक फर्मको विवरण

### ६.४.५. व्यापारिक केन्द्रहरूको विवरण

कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तु, दाल, चामल, तेल, पिठो, मसला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै केहि मात्रामा यिनले अन्य नगरपालिका तथा छिमेकी जिल्लाहरूको बजारको रूपमा सेवा समेत पुर्‍याइरहेका छन्। स्थानिय उत्पादन तथा आयातित उत्पादनहरूको बजारीकरण हुने गरेका प्रमुख बजार केन्द्रहरू निम्नानुसार छन् ।

तालिका ६-२२: व्यापारिक केन्द्रहरूको विवरण

| सि.न. | फर्मको नाम | फर्मको ठेगाना | प्रोपराईटरको नाम |
|---|---|---|---|
| १ | डि.एस. ट्रेर्डस एण्ड कोल्ड सेन्टर | कृष्णपुर २ | सष्टि जोरा |

| | | | |
|---|---|---|---|
| २ | ग्वासी समैजी गल्ला खरिद केन्द्र | कृष्णपुर | जित ब. देउवा |
| ३ | ऐरी इन्द्रेणी सप्लायर्स | कृष्णपुर १ | बिर बहादुुर ऐरी |
| ४ | श्री केदार किराना पसल | कृष्णपुर १ | धन वहादुर वोहरा |
| ५ | एस.एस. ट्रेडर्स सप्लायर्स | कृष्णपुर ३ | सरस्वती नाथ |
| ६ | तब्बु गोल्डन किराना पसल | कृष्णपुर ३ | विस्ना कुमारी राना |
| ७ | दिपेश किराना पसल | कृष्णपुर ३ | आशाराम वडायक |
| ८ | आशिष रेडिमेड तथा फैन्सी पसल | कृष्णपुर ४ | झेली राना थारु |
| ९ | गौरव किराना स्टोर | कृष्णपुर ४ | विष्णु राज पाण्डेय |
| १० | दिवा किराना तथा खुद्रा पसल | कृष्णपुर ४ | शेर वहादुर राना |
| ११ | दिवा किराना तथा खुद्रा पसल | कृष्णपुर ४ | शेर बहादुर राना |
| १२ | आशिष स्टोर | कृष्णपुर ५ | राम वहादुर रावल |
| १३ | आषिस रेडीमेट तथा फैन्सी | कृष्णपुर ५ | झेली राना थारु |
| १४ | एम.वि.एल. मोवाइल सोप ग्यालरी | कृष्णपुर ५ | मिन विष्ट |
| १५ | एस के ट्रेडर्स एण्ड सप्लायर्स | कृष्णपुर ५ | सुरेन्द्र ब. कार्की |
| १६ | एम.वि.एल. मोवाइल सोप ग्यालरी | कृष्णपुर ५ | मिन विष्ट |
| १७ | श्री शिव साइकल स्टोर | कृष्णपुर ५ | शिवराज चौधरी |
| १८ | श्री बाबा विजुली भण्डार | कृष्णपुर ५ | अशोक कु. रावल |
| १९ | श्री प्रज्ञा फेन्सी एण्ड गिफ्ट सप | कृष्णपुर ५ | जगदिश मल्ल |
| २० | श्री राना मदिरा पसल | कृष्णपुर ५ | मथुरा राना |
| २१ | कैलपाल ब्रह्म राहु ट्रेडर्स | कृष्णपुर ५ | पुष्प राज कलौनी |
| २२ | खसड ट्रेड एण्ड सप्लायर्स | कृष्णपुर ५ | चक्र बहादुर खडका |
| २३ | गौरी शंकर ट्रेडर्स एण्ड सप्लायर्स | कृष्णपुर ५ | हेमन्त देउवा |
| २४ | ग्वासी खाद्य भण्डार | कृष्णपुर ५ | हिरा वहादुर महता |
| २५ | जनक लक्ष्मी किराना पसल | कृष्णपुर ५ | सर्वजित मडैं |
| २६ | जयलाटा नगरी कैलपाल जनरल स्टोर | कृष्णपुर ५ | बिरेन्द्र ब. मल्ल |
| २७ | जय मा पुर्णागिरी स्टोर | कृष्णपुर ५ | कालु राम डगौरा |
| २८ | डेविट एग्रोभेट सेन्टर | कृष्णपुर ५ | पुनिराम चौधरी |
| २९ | दिक्षा इलेक्ट्रोनिक्स सप्लायर्स | कृष्णपुर ५ | नरेश देउपा |
| ३० | दिक्षा इलेक्ट्रोनिक सप्लायर्स | कृष्णपुर ५ | नरेश देउपा |
| ३१ | दिपेश पुस्तक सदन एण्ड जनरल स्टोर | कृष्णपुर ५ | जनक राज जोशी |
| ३२ | न्यू चौधरी एग्रो भेट | कृष्णपुर ५ | चन्द्रकान्त चौधरी |
| ३३ | न्यू आशिष एग्रो भेट सेन्टर | कृष्णपुर ५ | आशिष डगौरा |
| ३४ | निर्जला बुक डिपो | कृष्णपुर ५ | खेम राज ओझा |
| ३५ | न्यू समिर फैन्सी स्टोर | कृष्णपुर ५ | राम आसरे राना |
| ३६ | न्यू लटिनाथ किराना पसल | कृष्णपुर ५ | नन्द राज जोशी |
| ३७ | न्यू राजवंसी साईकिल स्टोर | कृष्णपुर ५ | वल वहादुर चौधरी |
| ३८ | नवदुर्गा ट्रेड एण्ड सप्लायर्स | कृष्णपुर ५ | नरेश जोशी |
| ३९ | न्यू रुद्र ट्रेडर्स एण्ड सप्लायर्स | कृष्णपुर ५ | गिरी राज भट्ट |
| ४० | न्यू रुद्र ट्रेडर्स एण्ड सप्लायर्स | कृष्णपुर ५ | गिरी राज भट्ट |
| ४१ | श्री सौरव ट्रेडर्स | कृष्णपुर ८ | सुमन जोशी खत्री |

| | | | |
|---|---|---|---|
| ४२ | श्री कृष्ण किराना पसल | कृष्णपुर ८ | अकवर सिह भाट |
| ४३ | किरन एण्ड कल्पना किराना स्टोर | कृष्णपुर ८ | प्रेम बहादुर ऐर |
| ४४ | न्यू लुक्स सोनल ऋगार पसल | कृष्णपुर ८ | महेन्द्र बहादुर रोकाया |
| ४५ | न्यू के सि किराना पसल | कृष्णपुर ८ | जयराज के सि |
| ४६ | अरुण फैन्सी स्टोर एण्ड बस्त्रालय | कृष्णपुर २ | मेम राज राना |
| ४७ | अमर किराना पसल | कृष्णपुर २ | विक्रम ठगुन्ना |
| ४८ | अकेश फैन्सी स्टोर | कृष्णपुर २ | कुम्भ राज भण्डारी |
| ४९ | अभिशेक मदिरा पसल | कृष्णपुर २ | धन वहादुर चौधरी |
| ५० | आर.एन. फेन्सी पसल | कृष्णपुर २ | टेकेन्द्र विष्ट |
| ५१ | आस्था पुस्तक एण्ड स्टेशनरी पसल | कृष्णपुर २ | लक्ष्मण महता |
| ५२ | आर्या इलेक्ट्रोनिक्स | कृष्णपुर २ | भरत महता |
| ५३ | इनेज फैन्सी स्टोर | कृष्णपुर २ | भजना राना |
| ५४ | एस.वि. मोवाइल सेन्टर | कृष्णपुर २ | विक्रम चौधरी |
| ५५ | एम डि ट्रेड एण्ड सप्लायर्स | कृष्णपुर २ | महेश दत्त जोशी |
| ५६ | एन.आर. ट्रेडर्स एण्ड सप्लायर्स | कृष्णपुर २ | नरेश राज जोशी |
| ५७ | ॐ सिद्धनाथ खुद्रा पसल | कृष्णपुर २ | लक्ष्मी दत्त जोशी |
| ५८ | ॐ श्री समैजी जनरल स्टोर | कृष्णपुर २ | भिम वहादुर वोहरा |
| ५९ | श्री कुश्मी ट्रेडर्स | कृष्णपुर २ | तिलक वहादुर चौधरी |
| ६० | श्री डिलाशैनी ट्रेडर्स | कृष्णपुर २ | अक्कल वहादुर वोहरा |
| ६१ | श्री काफ्लाशैनी स्टेशनरी एण्ड वुक स्टोर | कृष्णपुर २ | केशव दत्त जोशी |
| ६२ | श्री आर्या ट्रेडर्स | कृष्णपुर २ | चक्र महता |
| ६३ | के.वि. ट्रेडर्स एण्ड सप्लायर्स | कृष्णपुर २ | कर्ण वहादुर विष्ट |
| ६४ | चौधरी हार्डवेयर स्टोर | कृष्णपुर २ | सिता राम डगौरा |
| ६५ | चौलानी पुस्तक एण्ड गिफ्ट सेन्टर | कृष्णपुर २ | नारायण बहादुर खत्री |
| ६६ | जि.के.एस. कम्यूनिकेशन | कृष्णपुर २ | नरेश गिरी |
| ६७ | जे.वि. स्टोर | कृष्णपुर २ | जगदिश वहादुर सेटी |
| ६८ | जय बासुलिङ्ग खाद्यान्न तथा किराना पसल | कृष्णपुर २ | महाविर चन्द |
| ६९ | टि.वि.सि. साइकल स्टोर | कृष्णपुर २ | टेक वहादुर चौधरी |
| ७० | डोवछडी जनरल स्टोर | कृष्णपुर २ | नवराज भट्ट |
| ७१ | तेत्तीसकोटी फैन्सी स्टोर | कृष्णपुर २ | देब बहादुर भाट |
| ७२ | दुर्गा ट्रेडर्स | कृष्णपुर २ | विरेन्द्र वहादुर शाहु |
| ७३ | दिनेश मदिरा विक्री केन्द्र | कृष्णपुर २ | नरेन्द्र बहादुर विष्ट |
| ७४ | दोगडा भुमिराज ट्रेड एण्ड सप्लायर्स | कृष्णपुर २ | पुर्ण वहादुर चन्द |
| ७५ | द्रोपती किराना पसल | कृष्णपुर २ | वद्रीदत्त जोशी |
| ७६ | न्यू केदार मदिरा बेचबिखन केन्द्र | कृष्णपुर २ | अमर बहादुर बोहरा |
| ७७ | नरेन्द्र ट्रेडर्स एण्ड सप्लायर्स | कृष्णपुर २ | मान सिंह महरा |
| ७८ | न्यू पार्वती खुद्रा पसल | कृष्णपुर २ | पार्वती धामी |
| ७९ | नितेश सटिङ्ग सुटिङ्ग एण्ड फेसन कर्नर | कृष्णपुर २ | दिनेश टेलर |
| ८० | न्यू के पी ट्रेडर्स एण्ड सप्लायर्स | कृष्णपुर २ | राधिका देवी भट्ट |
| ८१ | न्यू आर्या इलेक्ट्रोनिक्स | कृष्णपुर २ | दिपाली विष्ट |

| | | | |
|---|---|---|---|
| ८२ | जेनिता मोबाईल सप | कृष्णपुर २ | जोगी राना |
| ८३ | न्यू समैजी जनरल स्टोर | कृष्णपुर २ | दिल वहादुर वोहरा |
| ८४ | एस.एस.वि सपिङ्ग सेन्टर | कृष्णपुर ६ | लक्ष्मी कुमारी साउद(वोहरा) |
| ८५ | कृपा श्रृगार पसल | कृष्णपुर ६ | राधिका कु. डंगौरा |
| ८६ | कमल ट्रेड एण्ड सप्लायर्स | कृष्णपुर ६ | कमल राज भट्ट |
| ८७ | खजित एग्रोभेट सेन्टर | कृष्णपुर ६ | साइटु राम चौधरी |
| ८८ | चन्द्रलोक फेन्सी स्टोर | कृष्णपुर ६ | दिल वहादुर देउपा |
| ८९ | जय भुमिराज सप्लायर्स | कृष्णपुर ६ | राजेन्द्र प्रसाद भट्ट |
| ९० | जय भुमिराज ट्रेड एण्ड सप्लायर्स | कृष्णपुर ६ | पदम राज भट्ट |
| ९१ | टप मोवाइल ग्यालरी | कृष्णपुर ६ | कृष्ण वहादुर साउद |
| ९२ | दिनेश मोबाइल ग्यालरी | कृष्णपुर ६ | दिपक मल्ल |
| ९३ | दिभा कस्मेटिक सेन्टर | कृष्णपुर ६ | रमेश भट्ट |
| ९४ | नम्रता ट्रेडर्स | कृष्णपुर ६ | राज कुमार चौधरी |
| ९५ | न्यू सरस्वती ट्रेडर्स एण्ड सप्लायर्स | कृष्णपुर ६ | जगत ब. राना |
| ९६ | निकिता ट्रेड कन्सर्न | कृष्णपुर ६ | पार्वती कुमारी भट्ट |
| ९७ | न्यू सृष्टी श्रंगार कस्मेटिक पसल | कृष्णपुर ६ | पार्वती डगौरा |
| ९८ | नरेश मदिरा पसल | कृष्णपुर ६ | बुद्धि राम डगौरा |
| ९९ | नेहा पुस्तक सदन | कृष्णपुर ६ | धर्मानन्द भट्ट |
| १०० | न्यू समैजी ट्रेडर्स एण्ड सप्लायर्स | कृष्णपुर ६ | दिपक राज भट्ट |
| १०१ | नविन मोवाइल ग्यालरी | कृष्णपुर ६ | नविन वोकटी |
| १०२ | काफिया मदिरा पसल | देखतभुली ९ | पदम सिह विष्ट |
| १०३ | झुकाल मदिरा पसल | रैकवार विचवा ४ | मोहन झुकाल |
| १०४ | जय मा भगवती विजुली भण्डार | रैकवार विचवा ६ | धन बहादुर विष्ट |

स्रोतः कृषणपुर नगरपालिकाको कार्यालय, २०७७

# ७. वन तथा वातावरण

## ७.१. भौतिक वातावरण

भौतिक रुपमा कृष्णपुर नगरपालिका चुरे पाहाडको दक्षिण मा अवस्थित छ । गङ्गाको मथिल्लो टतिय भागमा अवस्थित यस नगरपालिका को अधिकांस भू-भाग मैदानी रहेको छ भने यस नगरपालिकाको उत्तर मा भने चुरे पर्वत श्रृखंला को दक्षिण क्षेत्र रहेको छ । तराइ तथा चुरे भू-भागमा अवस्थित यस नगरपालिकाको भौतिक वातावरण को विवरण यस प्रकार रहेको छ ।

### ७.१.१. भौगोलिक अवस्थित

कृष्णपुर नगरपालिका नेपालको दक्षिण पश्चिम क्षेत्र को तराई मैदान मा पर्दछ। भौगोलिक रूपले कृष्णपुर नगरपालिकालाई उत्तर देखि दक्षिण सम्म तीन (चुरे, भावर, तराई) समानान्तर क्षेत्रहरुमा विभाजित गर्न सकिन्छ । यस नगरपालिकाको अधिकांस क्षेत्र माथिल्लो तराई भित्र पर्दछ। प्रस्तुत चित्रमा यस नगरपालिकाको भौगोलिक अवस्थित देखाइएको छ ।




चित्र ७-१: कृष्णपुर नगरपालिकाको भौगोलिक अवस्थिती

### ७.१.२. उचाइ

चुरेको फेदीमा बसेको कृष्णपुरको औसत उचाइ समुद्री सतह बाट २५० मि. रहेको छ भने यस नगरपालिकाको उचाइ ११८ मि. देखी १४३७ मि. सम्म रहेको छ । प्रस्तुत चित्रमा यस नगरपालिकाको उचाइको अवस्था देखाइएको छ ।




**चित्र ७-२: कृष्णपुर नगरपालिकाको उचाइ नक्सा**

## ७.१.३. ढलान

कृष्णपुर नगरपालिकामा अधिकांस भू-भाग अति न्युन ढलान रहेको छ भने नगरपालिकाको उत्तर तिर उच्च ढलान भएको क्षेत्र रहेको छ । यस नगरपालिकाको औषत ढलान ६ डिग्री छ भने न्युनतम ढलान १ डिग्री र उच्चतम ढलान ६८ डिग्री रहेको छ । प्रस्तुत चित्रमा यस नगरपालिकाको ढलानको अवस्था देखाइएको छ ।




चित्र ७-३: कृष्णपुर नगरपालिकाको ढलानको अवस्था

## ७.२. वन तथा जैविक विविधता

### ७.२.१. प्राकृतिक वन तथा वनस्पती

कृष्णपुर नगरपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न नगरपालिकाको श्रेणीमा पर्दछ । नगरपालिकामा जैविक विविधताको अवस्था तथा स्थिति पत्ता लगाउन नगरपालिकाको जैविक विविधता बारे लेखिएका लेख, रचनाहरूको अध्ययन गर्नुको साथै सम्बन्धित कार्यालयबाट प्राप्त तथ्याङ्कको आधारमा यो विवरण तयार पारिएको हो । अध्ययन एवं प्राप्त जानकारी अनुसार यस नगरपालिकामा उष्ण (Tropical) देखि समशितोष्ण (Sub tropical) मा हुने वन्यजस्तु तथा वनस्पतिहरू पाईएका छन् । कृष्णपुर नगरपालिकामा रहेको वन क्षेत्रमा विभिन्न वनस्पति प्रजातीहरु छन् जसमा सिसौ, खयर, साल, कर्म, सिमल, असना, अमला आदिका रुख विरुवाहरु पाईन्छन । जस मध्ये साल, साज र सिसौ रुख नेपाल सरकारको संरक्षित विरुवामध्ये एक हो । यस नगरपालिका क्षेत्र वरिपरि पाईने प्रजातीहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७-१: कृष्णपुर नगरपालिका क्षेत्र आसपास पाईने वनस्पतीहरु

| क्र.स. | स्थानिय नाम | वैज्ञानिक नाम | संरक्षण अवस्था | | |
|---|---|---|---|---|---|
| | | | नेपाल सरकार | IUCN | CITES |
| १ | साल | *Shorea robusta* | Protected | Least Concern | Not Listed |
| २ | साँझ | *Terminalia Alata* | Protected | Not Listed | Not Listed |
| ३ | सल्ला प्रजाती | *Pinus sps.* | Not protected | Least concern | Not Listed |
| ४ | सिमल | *Bambax ceiba* | Not Protected | Not Listed | Not Listed |
| ५ | खयर | *Acacia catecu* | Protected | Commercially | Not Listed |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | Threatened | |
| ६ | सिसम | *Dalbergia sissoo* | Protected | Not Listed | Not Listed |
| ७ | सतिसाल | *Dalbergia Latifolia* | Protected | Threatened | |
| ८ | विजयसाल | *Pterocarpus Marsupium* | Protected | Threatened | |
| ९ | दालचिनी | *Cinnamomun Verum* | Not Protected | Not Listed | Not Listed |
| १० | बर | *Ficus benghalensis* | Not Protected | Not Listed | Not Listed |
| ११ | चिराईतो | *Swertia Chirayita* | | | |
| १२ | कुरिलो | *Asparagus racemosus Willd* | | | |
| १३ | अमला | *Phyllanthus emblica* | | Not Listed | Not Listed |
| १४ | हल्दु | *Adina cordifolia* | Not protected | Not Listed | Not Listed |
| १५ | जामुन | *Syzygium cumini* | Not protected | Not Listed | Not Listed |
| १६ | पिपल | *Ficus religiosa* | Not protected | Not Listed | Not Listed |
| १७ | अस्ना | *Terminalia tomentosa* | | Not Listed | Not Listed |
| १८ | कुसुम | *Schleichera trijuga* | Not protected | Not Listed | Not Listed |
| १९ | कदम | *Anthocephalus cadamba* | Not protected | Not Listed | Not Listed |
| २० | बयर | *Ziziphus jujuba* | Not protected | Least concern | Not Listed |
| २१ | मौवा | *Bassia latifolia* | Not protected | Not listed | Not Listed |
| २२ | बडहर | *Artocarpus lakoocha* | Not Protected | Not Listed | Not Listed |
| २३ | घोडताप्रे | *Centella asiantica* | Not protected | Least concern | Not Listed |
| २४ | सिन्दुरे | *Mallotus Phillippensis* | Not protected | Not Listed | Not Listed |
| २५ | असारे | *Lagerstropmia indica* | Not protected | Not Listed | Not Listed |
| २६ | सिरु | *Imperata cylindrical* | Not protected | Not listed | Not Listed |
| २७ | घोरताप्रे | *Casia tora* | Not protected | Not listed | Not Listed |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

यस क्षेत्रमा वन्यजन्तु, पंक्षी माछा तथा सरीसृप पाईन्छन । स्तनधारी वन्यजन्तुहरुमा चित्तल, रतुवा मृग, चितुवा, बाघ वंदेल आदि छन् भने पंक्षी जातीमा मैना, काग, च्याखुरा, कालिज आदि प्रमुख रहेका छन । माछा प्रजातीहरुमा चरंगा, सिद्रा, बाम, राज बाम, फगेटा, साहार, सिन्गी, रहु आदि छन भने सर्प तथा अन्य सरीसृप प्रजातीमा भित्ते सर्प, छेपारो, भ्यागुतो, गोहारो, मलसाप्रो, कछुवा, माउसुली, अजिगर, पानी सर्प, मयूर आदि छन । प्रस्ताव कार्यान्वयन क्षेत्रमा वरिपरि पाईने जिवजन्तुहरु विवरण तालिका मा प्रस्तुत गरिएको छ ।

**तालिका ७-२: कृष्णपुर नगरपालिका क्षेत्र आसपास पाईने वन्यजन्तुहरु**

| क्र.स. | स्थानिय नाम | वैज्ञानिक नाम | संरक्षण अवस्था | | |
|---|---|---|---|---|---|
| | | | नेपाल सरकार | IUCN | CITES |
| | | | स्तनधारी | | |
| १ | बाँदर | *Macaca mulata* | Not protected | Not listed | II |
| २ | ढेडु बाँदर | *Presbykis entellus* | Not protected | Not listed | Not listed |
| ३ | दुम्सी | *Hytrix indica* | Not protected | Least concern | Not listed |
| ४ | बँदेल | *Sus scrofa* | Not protected | Least concern | Not listed |
| ५ | निल गाइ | *Boselaphus tragocamelus* | Not protected | Least concern | Not listed |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | जरायो | *Cervus duvaucelli* | Protected | Vulnerable | I |
| ७ | चित्तल | *Axis axis* | Not protected | Least concern | Not listed |
| ८ | बन ढड्डे | *Felis Chaus* | Not protected | Least concern | II |
| ९ | पाटे बाघ | *Panthera Tigris* | Protected | Threatened | I |
| १० | चितुवा | *Pathera Pardous* | Protected | Threatened | I |
| ११ | स्याल | *Canis aureus* | Not protected | Least concern | Not listed |
| | | चरा प्रजाती | | | |
| १ | वन कुखुरा | *Gallus gallus* | Not protected | Least concern | Not listed |
| २ | कठफोरुवा | *Dendrocopos sp.* | Not protected | Least concern | Not listed |
| ३ | माछा खउवा | *Alcedo atthis* | Not protected | Least concern | Not listed |
| ४ | कोईली | *Cuculus canorus* | Not protected | Least concern | Not listed |
| ५ | सुगा | *Psittacula krameri* | Not protected | Least concern | Not listed |
| ६ | उल्लु | *Otus sp.* | Not protected | | Not listed |
| ७ | परेवा | *Columba livia* | Not protected | Least concern | Not listed |
| ८ | ढुक्कुर | *Streptopelia sps.* | Not protected | | Not listed |
| ९ | चील | *Milvus migrans* | Not protected | Least concern | Not listed |
| १० | चील | *Haliaeetus sps.* | Not protected | | Not listed |
| ११ | भँगेरा | *Passer domesticus* | Not protected | Least concern | Not listed |
| १२ | काग | *Corvus Splendens* | Not protected | Least concern | Not listed |
| १३ | मयुर | *Pavo Cristatus* | Not protected | Least concern | Not listed |
| | | माछा | | | |
| १ | चरंगा | *Channa punctatus* | Not protected | Not listed | Not listed |
| २ | सिद्रा | *Danio dangila* | Not protected | Least concern | Not listed |
| ३ | बम | *Amphipnous cuchia* | Not protected | Not listed | Not listed |
| ४ | राज बाम | *Anguilla bengalensis* | Not protected | Near threatened | Not listed |
| ५ | बंगा | *Labeo dero* | Not protected | Least concern | Not listed |
| ६ | फगेटा | *Barilius sps.* | Not protected | Least concern | Not listed |
| ७ | सहर | *Tor tor* | Not protected | Near threatened | Not listed |
| ८ | सिंघी | *Heteropneustes fossilis* | Not protected | Least concern | Not listed |
| ९ | तेन्जर | *Mystus tengara* | Not protected | Least concern | Not listed |
| १० | रहु | *Labeo angara* | Not protected | Least concern | Not listed |

स्रोतः स्थलगत सर्वेक्षण २०७७

## ७.२.२. जैविक विविधता सम्वन्धी विवरण

कृष्णपुर नगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरूपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरूपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ । दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने वनजंगल र पारिस्थितिक विनासलाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ । वातावरणीय असन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने

अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस नगरपालिकामा वन संरक्षण र सम्बद्र्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस नगरपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बद्र्धन तथा सदुपयोगमा सहभागी भइरहेका छन्।

नगरपालिकाको हावापानीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासंस्थान उपलब्ध गराइएको भएतापनि यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरूको संरक्षण गर्नुपर्ने देखिन्छ। यस क्षेत्रमा पाइने गैरकाष्ठ वन पैदावारले यहाँका स्थानीय वासिन्दाका कतिपय महत्वपूर्ण आवश्यकता परिपूर्ति गर्नुका साथै कृष्णपुर नगरपालिकाका ग्रामीण बस्तीहरूको जीवन स्तर उकास्न र खाद्य सुरक्षामा महत्वपूर्ण भूमिका खेलेका छन् । यस्ता पैदावारहरूले जैविक विविधताको संरक्षण गर्नुका साथै रोजगारी र आयआर्जनको आधार तथा साना उद्योगहरूलाई अवसर प्रदान गर्छन् यसको लागि सरकार तथा सम्बन्धित निकायले नीति बनाउनु पर्छ ।

## ७.२.३. वन सम्बन्धी विवरण

### सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीतिअनुसार यस नगरपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बद्र्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरू नै हुन्छन् । यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पु¥याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरू संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वद्र्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ ।

यस कृष्णपुर नगरपालिकामा आ.व. २०७७/७८ सम्ममा ४४ सामुदायिक वनहरूलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले वनको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा वन क्षेत्रका बस्तीहरूमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर वनको महाभारत क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट

टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ । विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरूप वनको महाभारत क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुनः प्राकृतिक अवस्थामा रूपान्तरित हुन पुगेका छन् । सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरूप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रूपमा संरक्षित भएका छन् । सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ । तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ । उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ । दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ ।

**तालिका ७-३ः सामुदायिक वन व्यवस्थापनको विवरण**

| सि.नं. | सामुदायिक वनको नाम | क्षेत्रफल(हे.) | ठेगाना | लाभान्वित घरधुरी |
|---|---|---|---|---|
| १ | ऐश्वर्य सा.व.उ.स | ३९३ | कृष्णपुर १ | ३५५ |
| २ | अमरजित सा.व.उ.स | १५२.७३ | कृष्णपुर १ | १२२ |
| ३ | जयशंकर सा.व.उ.स | १३० | कृष्णपुर १ | २६६ |
| ४ | नवदुर्गा महिला सा.व.उ.स | १६२.४३ | कृष्णपुर १ | २२१ |
| ५ | विशाल सा.व.उ.स | १९७.४४ | कृष्णपुर १ | ३२३ |
| ६ | जगदम्बा मयुर सा.व.उ.स | ३९२.८४ | कृष्णपुर १ | ३०५ |
| ७ | दिपेन्द्र स्मृति सा.व.उ.स | २७४ | कृष्णपुर २ | ६९७ |
| ८ | विरेन्द्र आदर्श सा.व.उ.स | १२८.५ | कृष्णपुर २ | ३९२ |
| ९ | ग्वालावारी सा.व.उ.स | १९८.८२ | कृष्णपुर २ | ३४५ |
| १० | जयलक्ष्मी महिला सा.व.उ.स | १२७.४९ | कृष्णपुर २ | २६९ |
| ११ | गढबिजुला सा.व.उ.स | १९५ | कृष्णपुर २ | २४७ |
| १२ | जनहित महाकाली सा.व.उ.स | १९८.९३ | कृष्णपुर २ | ४३५ |
| १३ | नन्दिपुर ओखलफाँटा सा.व.उ.स | ११.५ | कृष्णपुर २ | |
| १४ | समावेशी कटान सा.व.उ.स | १६६.७५ | कृष्णपुर ३ | १४४ |
| १५ | नवदुर्गा सा.व.उ.स | १३३.७५ | कृष्णपुर ४ | २९५ |
| १६ | ग्वासी समैजी सा.व.उ.स | ४९७.६४ | कृष्णपुर ४ | ७५४ |
| १७ | ग्वासी सा.व.उ.स | ४९५ | कृष्णपुर ४ | ७२० |
| १८ | नमुना सा.व.उ.स | १९५ | कृष्णपुर ४ | |
| १९ | समैजी सा.व.उ.स | १९८ | कृष्णपुर ४ | ९६३ |
| २० | हरियाली सा.व.उ.स | ४९५ | कृष्णपुर ४, ५ | ५९७ |
| २१ | सयपत्री सा.व.उ.स | ८८.९७ | कृष्णपुर ५ | २९८ |
| २२ | वनदेवि सा.व.उ.स | ११९ | कृष्णपुर ५, ६ | ४८३ |
| २३ | एकता सा.व.उ.स | ११७.१२ | कृष्णपुर ६ | ४४१ |
| २४ | सिंहपुर सा.व.उ.स | २५० | कृष्णपुर ६ | १७५ |
| २५ | महाकाली सा.व.उ.स | १५६.२३ | कृष्णपुर ६ | १३२ |
| २६ | प्रगतिशिल सा.व.उ.स | ११७.१२ | कृष्णपुर ६ | ४३६ |

| | | | | |
|---|---|---|---|---|
| २७ | ऐश्वर्य सा.व.उ.स | ४५.५ | कृष्णपुर ६ | २८२ |
| २८ | गौरादेवि सा.व.उ.स | ७.५ | कृष्णपुर ६ | ३८२ |
| २९ | उग्रतारा सा.व.उ.स | १५० | कृष्णपुर ७ | |
| ३० | गौरीशंकर सा.व.उ.स | ७ | कृष्णपुर ७ | |
| ३१ | गौरीघाट सा.व.उ.स | २९ | कृष्णपुर ७ | |
| ३२ | शिव सा.व.उ.स | ५८.८१ | कृष्णपुर ७, ८ | |
| ३३ | विरेन्द्र सा.व.उ.स | १४५ | कृष्णपुर ८ | |
| ३४ | चन्द्रमुखी सा.व.उ.स | २५ | कृष्णपुर ८ | |
| ३५ | लक्ष्मी सा.व.उ.स | २६ | कृष्णपुर ८ | |
| ३६ | कञ्चन सा.व.उ.स | ७५ | कृष्णपुर ८ | |
| ३७ | मोहना सा.व.उ.स | ६५ | कृष्णपुर ९ | |
| ३८ | बसन्त सा.व.उ.स | ९१ | कृष्णपुर ९ | |
| ३९ | नमुना सा.व.उ.स | २९ | कृष्णपुर ९ | |
| ४० | जानकी महिला सा.व.उ.स | २७ | कृष्णपुर ९ | |
| ४१ | जानकी सा.व.उ.स | १८९ | कृष्णपुर ९ | |
| ४२ | वनदेवि सा.व.उ.स | १५० | कृष्णपुर ९ | |
| ४३ | गौरादेवि सा.व.उ.स | १३८ | कृष्णपुर ९ | |
| ४४ | सिता सा.व.उ.स | १९२ | कृष्णपुर ९ | |

स्रोतः सामुदायिक वन समन्वय समिति, कृष्णपुर, २०७७

कृष्णपुर नगरपालिकामा आ.व.२०७७/०७८ सम्ममा जम्मा ४४ वटा सामुदायिक वनहरू उपभोक्तालाई हस्तान्तरण गरिएको छ । हस्तान्तरित सामुदायिक वनले यस नगरपालिकामा ७०४२.०७ हे. क्षेत्रफल ओगटेको छ । जसबाट यस नगरपालिकाका १०,०७९ घरधुरी जनसंख्या लाभान्वित भएका छन् ।

## धार्मिक वन

धार्मिक संघ-संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रूपमा हस्तान्तरण गरिन्छ। नगरपालिकाको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ । यस नगरपालिकामा रहेका धार्मिक वन सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ७-४: धार्मिक वनको विवरण**

| सि.नं. | धार्मिक वनको नाम | क्षेत्रफल(हे.) | ठेगाना |
|---|---|---|---|
| १ | कृष्ण प्रणामी धार्मिक वन | ३.९ | कृष्णपुर ५ |
| २ | वनदेवि धार्मिक वन | ५ | कृष्णपुर ५ |

स्रोतः सामुदायिक वन समन्वय समिति, कृष्णपुर, २०७७

## कबुलियती वन

राष्ट्रिय वन ऐन, २०४९ को परिच्छेद—६ मा उल्लेख भए अनुसार राष्ट्रिय वनको कुनै भाग देहाय बमोजिमको उद्देश्य प्राप्तिको लागि छुट्याइएको वन लाई कबुलियती वन भनिन्छ ।

(१) वन पैदावारमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,
(२) बृक्षारोपण गरी वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी बिक्रि वितरण गर्न वा उपयोग गर्न,
(३) वनको संरक्षण र विकास हुने गरी पर्यटन व्यवसाय सञ्चालन गर्न,
(४) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली कार्य सञ्चालन गर्न,
(५) वनको संरक्षण र विकास हुने गरी कीट, पतङ्ग तथा वन्यजन्तुको फार्म सञ्चालन गर्न ।

सोही अनुरुप यस कृष्णपुर नगरपालिकामा १० वटा कबुलियती वन रहेका छन् । कबुलियति वनले कृष्णपुर नगरपालिकाको १८.१६ हे. क्षेत्रफल ओगटेको छ । जसले कृष्णपुर नगरपालिकामा आर्थिक आयआर्जन तथा पर्यटकीय महत्वलाई टेवा पुर्‍याएको छ । हाल यस कार्यक्रम सरकार तथा वन मन्त्रालयको प्राथमिकतामा रहेको छ । यस नगरपालिकामा रहेका कबुलियती वन सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ७-५: कबुलियती वनको विवरण**

| सि.नं. | कबुलियती वनको नाम | ठेगाना | क्षेत्रफल(हे.) | लाभान्वित घरधुरी |
|---|---|---|---|---|
| १ | नौलो विहानी कबुलियती वन | कृष्णपुर १ | १ | ७ |
| २ | नव जागरण कबुलियती वन | कृष्णपुर १ | १ | ५ |
| ३ | जन उठान कबुलियती वन | कृष्णपुर १ | २ | ९ |
| ४ | विशाल कबुलियती वन | कृष्णपुर २ | २ | १५ |
| ५ | झरना कबुलियती वन | कृष्णपुर २ | २ | १५ |
| ६ | कमला कबुलियती वन | कृष्णपुर २ | २ | १४ |
| ७ | मनकामना कबुलियती वन | कृष्णपुर ५ | २.५ | ६ |
| ८ | लाँलीगुराँस कबिलियती वन | कृष्णपुर ५ | २ | १० |
| ९ | जागृती कबुलियती वन | कृष्णपुर ५ | २.५ | ८ |
| १० | चिसापानी कबुलियती वन | कृष्णपुर १ | १.१६ | १३ |

स्रोत: सामुदायिक वन समन्वय समिति, कृष्णपुर, २०७७

## सरकारद्वारा व्यवस्थित वन

नगरपालिकाको कुल वन क्षेत्र मध्ये नगरपालिकामा सामुदायिक वन, निजी वन र धार्मिक वनको रूपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रूपमा रहेको छ ।




**चित्र ७-४: कृष्णपुर नगरपालिकाको ढलानको अवस्था**

## ७.२.४. वन पैदावारको माग र आपूर्ति

कञ्चनपुर जिल्लामा रहेको कृष्णपुर नगरपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस नगरपालिकाको आपूर्तिलाई पुर्याई जिल्लाभित्रकै अन्य नगरपालिका तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ । यस नगरपालिकामा काठ-दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरूमा हुने गर्दछ । यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा शहरीकरणले आवश्यक पर्ने काठ-दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ । वनजंगलको नजिकका परिवारले बढी काठ-दाउरा खपत गर्दछन् भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ-दाउरा खपत गर्ने गरेको पाईन्छ ।

## ७.२.५. वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। नगरपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू प्रभावित भएका छन् प्राकृतिक रूपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला

समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ। वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरू निम्न बुँदाहरूमा उल्लेख गरिएको छ । वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरू निम्न बुँदाहरूमा उल्लेख गरिएको छ ।

- घरायसी तथा अन्य इन्धनको रुपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने ।
- बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन, अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने ।
- पर्यापर्यटन प्रवद्र्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन् र उपयोग गर्ने ।
- दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने ।
- जैविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायू परिवर्तनको विषयमा एकिकृत कार्यक्रम संचालन गर्ने ।

## ७.३. हावापानी सम्बन्धी विवरण

भौगोलिक असमानता भएकोले नेपालको विभिन्न ठाउँहरूमा भिन्न भिन्न हावा पानी रहेको छ त्यस्तै कञ्चनपुर जिल्लामा अवस्थित कृष्णपुर नगरपालिकाको उत्तरी भागमा पाहाडी हावाको प्रभावले साथै उचाई भएको कारण चिसो हुने र दक्षिणी मधेश भाग भएकोले फाल्गुन देखि आश्विन सम्म गर्मी हुन्छ । यहाँ समशितोष्ण र उष्ण हावापानी पाइन्छ । फाल्गुन महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । यहाँको औषत ताफक्रम अधिकतम ३५.२ डिग्री सेल्सियससम्म पुग्छ भने औषत न्यूनतम ५.३ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस नगरपालिकाको मौसम सम्बन्धी औषत विवरण तलको चित्रमा उल्लेख गरिएको छ ।




**चित्र ७-५: कृष्णपुर नगरपालिकाको मौसमको विवरण (तापक्रम, डिग्री से. मा)**




चित्र ७-६: कृष्णपुर नगरपालिकाको मौसमको विवरण (बर्षा, मि.मि. मा)

## ७.४. जलश्रोत




| जलश्रोत सम्बन्धी संक्षिप्त जानकारी | |
|---|---|
| नदीहरुको कुल लम्बाई | ३६६.२२ कि.मि. |
| नदीहरुको कुल क्षेत्रफल | १७.६८ वर्ग कि.मि. |
| तलाउहरुको कुल क्षेत्रफल | ०.०१९ वर्ग कि.मि. |
| मुख्य जलाधार क्षेत्र | बनरा नदी, बण्ड नदी, र मछेली नदी |
| मुख्य जलाधार क्षेत्रको कुल लम्बाई | २४५.८२ कि.मि. |
| मुख्य जलाधार क्षेत्रको कुल क्षेत्रफल | १६.३८ वर्ग कि.मि. |

चित्र ७-७: कृष्णपुर नगरपालिकाको जलश्रोतको नक्सा

## ७.५. भू—उपयोग

### ७.५.१. नगरपालिकाको वर्तमान भू—उपयोग

भू—उपयोग योजना स्थानीय सरकारको लागि महत्वपुर्ण हुन्छ । नगरपालिकाहरुको योजना निर्माण चाहे औद्योगिक, व्यापारिक वा आवासिय होस यसमा कतै न कतै भू—उपयोग योजनाको आवश्यकता पर्दछ । भू—उपयोग योजना सोचेका भन्दा कैयन गुणाले स्थानीय सरकारको निति निर्माणमा असर पर्दछ । उदाहरणको लागि स्थानीय सरकारले कुनै पनि निर्माण संस्थालाई आवासीय वा व्यापारिक प्रयोजनको लागि ठूला अपार्टमेन्टहरु निर्माणको अनुमति दिन लागेको, विद्यालयको कक्षा कोठा वा नयाँ भवन निर्माणको तयारी, बाटो निर्माण, वा अस्पताल निर्माण जस्ता कार्यहरु सञ्चालन गर्न भू—उपयोग योजना छ भने सो निर्माण गर्दा बढी प्रभावकारी हुने निर्णय गरी निर्माण प्रकृयामा लैजान सकिन्छ । भू—उपयोग योजनाले स्थानीय सरकारलाई जमिनको प्रकृति अनुसारको क्षेत्र छुट्याउन तथा विकास निर्माणका कार्यहरु विस्तार गर्न सहजता पुर्याउँछ । नेपालको संविधान २०७२ ले पनि स्थानीय सरकारहरुलाई आफ्नो क्षेत्रभित्रका विभिन्न किसिमका सहरी विकासका योजनाहरु तथा स्थानीय आवश्यकता अनुसारका विकास निर्माण कार्यहरू गर्न पाउने अधिकार प्रदान गरेको छ । विस्तृत रुपमा हेर्दा भू—उपयोग योजना वनाउने कार्य प्रदेश सरकार र संघीय सरकारको कार्यसुचि भित्र परेका छन् र थप स्थानीय भू—उपयोग योजना वनाउने कार्य स्थानीय सरकारको कार्य हो भनि शहरि विकास मन्त्रालयले प्रकाशन गरेको भू—उपयोग नीतिमा उल्लेख गरिएको छ ।

कृष्णपुर नगरपालिकाको विध्यमान भू—उपयोग हेर्दा नगरपालिकाको ६३.२७ प्रतिशत (१५८.३७ वर्ग कि.मि.) वनले ओगटेको छ भने २६.३२ प्रतिशत (६५.८९ वर्ग कि.मि.) जग्गा खेतीयोग्य जमिनको रूपमा रहेको छ । त्यस्तै यस नगरपालिकामा औद्योगीक क्षेत्र ०.०६९ प्रतिशत (०.१७ वर्ग किमि), सार्वजनिक उपयोगको क्षेत्र ७.६१ प्रतिशत (१९.०५ बर्ग किमि) र नदी खोला तथा सिमसार क्षेत्र ०.३३ प्रतिशत (०.८३ बर्ग किमि) जग्गा ओगटेको पाइन्छ ।

**तालिका ७-६: कृष्णपुर नगरपालिकाको भू-उपयोगको विवरण**

| क्र.स. | विवरण | वर्ग कि.मि. | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ६५.८९ | २६.३२ |
| २ | व्यवसायिक क्षेत्र | ०.४१ | ०.१७ |
| ३ | साँस्कृतिक तथा पुरातत्व महत्वको क्षेत्र | ०.००३ | ०.००१ |
| ४ | वन क्षेत्र | १५८.३७ | ६३.२७ |
| ५ | औद्योगीक क्षेत्र | ०.१७ | ०.०६९ |
| ६ | अन्य क्षेत्र | ०.०१ | ०.००२ |
| ७ | सार्वजनिक उपयोगको क्षेत्र | १९.०५ | ७.६१ |
| ८ | आवासीय क्षेत्र | ५.५८ | २.२३ |
| ९ | नदी खोला तथा सिमसार क्षेत्र | ०.८३ | ०.३३ |

स्रोतः नापी विभाग, २०७७

हालको अवस्थामा कृष्णपुर नगरपालिकाको भू—उपयोग योजना नापि विभग द्वारा २०७४ साल मा निर्माण गरेको छ । यस नगरपालिकाका आवासका लागि, उद्योग, बन जंगल जस्ता प्रयोगको पहिचान गरि ति क्षेत्रको क्षेत्रफल उतारिसकिएको देखिन्छ । यस नगरपालिका लाइ प्रस्तुत चित्रको आधारमा वर्गीकरण गरिएको छ ।




चित्र ७-८ः कृष्णपुर नगरपालिकाको भू-उपयोगको नक्सा

## ७.५.२. नगरपालिकाको प्रस्तावित भू—उपयोग

नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरपालिकाबासीहरूको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के—कस्ता उत्पादन प्रणाली तथा नितीहरू अवलम्बन गर्न सकिन्छ । कृष्णपुर नगरपालिकामा जमिन को खण्डिकरण गर्दा सेवा, कार्यालय, व्यापारिक प्रयोजन, संस्थागत र औद्योगिक क्षेत्रहरु छुट्टाछुट्टै हुनेगरि व्यवस्थापन गरेको देखिन्न । आवाशिय क्षेत्रमा पनि निर्माणको कुनै मापदण्डहरु कडाईका साथ प्रयोग गरेको पाईदैन । उदाहरणको लागि वल्लो घरमा आवाशिय तर पल्लोघरमा काठको कारखाना अथवा फलामको काम गर्न रहेको जसले गर्दा आवास क्षेत्र कुरुप र ध्वनी प्रदुषित बन्दछ ।

यस विषयमा नापी विभागले २०७४ सालमा विस्तृत अध्ययन गरी प्रस्तावित भू-उपयोग क्षेत्रमा वर्गीकरण गरेको छ । कृष्णपुर नगरपालिकाको दिगो विकास तथा जमिनको खण्डिकरण रोक्नको लागी यस भू-उपयोग नितीको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोग निती २०७२ को आधारमा यस नगरपालिका लाइ देहाय बमोजिमको क्षेत्रमा वर्गीकरण गरिएको छ ।




**चित्र ७—८: कृष्णपुर नगरपालिकाको प्रस्तावित भू-उपयोगको नक्सा**

नेपाल सरकार शहरी विकास मन्त्रालयका विभिन्न समयका निति नियम, भवन निर्माणका नियम तथा उपनियमहरु लगायतको प्रयोग तथा अनुशरण गरिएको पाईन्छ । तर वस्तिहरुलाई कसरि एकरुपता वनाउने र समय सापेक्ष वस्ति विकासको कार्य गरिरहेको पाईदैन । शहरी विकास मन्त्रालयको विभिन्न निर्देशनहरुले कुनै एउटा मात्र क्षेत्र नभै बृहद क्षेत्र समेट्न खोजिएको तर नियमन र अनुगमन नहुँदा प्रयो्गमा झण्झटिलो र प्रयोगमा समस्या देखिएको छ किनकि यो निर्देशिकाहरु कुनै स्थान वा परिवेश विशेष हुने गरि बनाईएको छैन । हरेक योजना निर्माणमा र उपयोगमा जनताको प्रत्यक्ष सहभागिता र सहयोगको आवश्यकता महत्वपुर्ण रहन्छ । चलिआएको योजना निर्माण प्रकृया तथा विकासका कार्यक्रमहरू विज्ञद्वारा नै तोकिने गरेको छ । जनसहभागिताको नाउँमा मात्र देखिने तर जनस्तरको आवाज योजना निर्माणमा फिक्का हुने कारणले नै योजना जनअपेक्षा अनुरुप नबन्ने र जनसमुदायले ग्रहण नगर्ने समस्या रहिरहेको छ । जबसम्म नागरिकले आफ्नो योजना आफैं बनाएर उपयोग गर्ने समेत वातावरण बन्दैन, योजना बन्छ मात्र सहि कार्यान्वयन हुँदैन । त्यसैले कृष्णपुर नगरपालिकाको आगामी योजनाहरुको निर्माणलागि बढि भन्दा बढि जनसहभागिता बृद्धि गर्नपर्ने देखिन्छ । संघीयताको कार्यान्वयन पश्चात धेरै नीति नियम, कानुन निर्माण गर्ने अधिकार स्थानिय सरकारमा रहेको छ । अब स्थानिय सरकारले स्थानीयस्तरमा ध्यान दिन जरुरी छ । अबका योजना निर्माणमा बढि भन्दा बढि जनसहभागिता बढाउने, समस्या पहिचानमा जनसहभागिता र परियोजना सञ्चालनमा अपनत्व बढाउन स्थानिय सरकारले विषेश ध्यान दिनुपर्छ । विकास निर्माणका कार्यहरुमा सहजीकरण गर्न भनि राज्यले पूर्वाधार विकास तथा विश्वका शहरहरु जो सफल र सुन्दर देखिएका छन उनिहरुले आफ्ना निति नियमहरु कडाईका साथ प्रयोग गरेर नै यो प्राप्ती गरेका छन । जुन नगरपालिकाहरु सक्षम देखिए तिनिहरुले आफ्ना नागरिकहरुकै बलमा प्राप्त गरेका हुन । नगर सरकारहरुले आफ्नो दिर्घकालिन योजनाहरु बनाउन नसक्ने हो भने नगरको सेवा प्रवाहमा भारि गिरावट आउन सक्छ ।

## ७.६. खानी तथा खनिज

नगरपालिकामा हाल सम्म निर्माण सामाग्री हरु को खानी (नदी जन्य पदार्थ) बाहेक कुनै खानी तथा खनिजको श्रोत नभएको अवस्था ।

## ७.७. मुख्य वातावरणीय समस्याका प्रकारको विवरण

नगरपालिकामा भएको अव्यवस्थित शहरीकरणका कारण विभिन्न समस्याहरु उत्पन्न भएका छन् । नगरपालिकामा मुख्य वातावरणीय समस्याका रुपमा पानी प्रदुषण, फोहर व्यवस्थापन, वायुप्रदुषण, अव्यवस्थित ढल र ध्वनी प्रदुषण रहेका छन् । शहरी विकासका लागि अत्यन्त आवश्यक भौतिक पूर्वाधार मध्ये स्वच्छ पिउने पानी वितरण प्रणालीको निर्माण, ठोस फोहर व्यवस्थापन योजना, ढल निकास, कालोपत्रे सडक ध्वनी नियन्त्रण जस्ता विषय अनिवार्य सर्तहरू हुन् । तसर्थ, नगरपालिकामा व्यवस्थित शहरी विकास योजना निर्माण र त्यसको पूर्ण कार्यान्वयन आवश्यकता देखिन्छ ।

## ७.८. फोहरमैला व्यवस्थापन

कृष्णपुर नगरपालिकामा फोहरमैलाको समस्या मुख्य रुपमा बजार क्षेत्र हरुमा देखिने गरिएको छ। यस नगरपालिकामा फोहोरमैलाको स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी नगरपालिका क्षेत्रभित्र फोहरमैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्नु पर्ने देखिन्छ । जनस्वास्थ्य एवं वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ, स्वस्थ र मनोरम वातावरण कायम गर्न वान्छनीय भएको ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) वमोजिम यस नगरपालिकले फोहरमैला व्यवस्थापन को लागी ऐन बनाउन पर्ने देखिन्छ ।

नगरलाई सधैं सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई मा विभिन्न स्थानमा सरसफाई अभियान लागु भएको पाइन्छ । फोहोरमैला व्यवस्थापनका लागि थप उपकरणहरूको व्यवस्थापन गर्न अझैं लाग्नु पर्ने देखिन्छ । आम नगरवासीहरूमा व्यापक रुपमा सरसफाई जागरणको लहर फैलिएको छ । हाल नगरपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा खाल्टा बनाइ पुर्ने गरेको देखिन्छ । हाल यस नगरपालिकामा देखिएका समस्याहरू देहाय बमोजिम रहेको छ ।

फोहोर व्यवस्थापनका नाममा फोहोरहरू खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति यत्रतत्र देखिन्छ । यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुर्याएर प्रदुषणलाई बिस्तारित गर्दछ । जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ ।

## ७.९. विपद् व्यवस्थापन

भौगोलिक हिसाबले कमजोर भू—भाग र मध्यम खालको जलाधारीय अवस्थाले गर्दा यस कृष्णपुर नगरपालिकामा पनि वर्षेनी भू—क्षय, बाढी, पहिरो, नदी कटान हुने गरेको छ । कहिलेकाहीं त स्थानीय जनताको ज्यान समेत लिने गरेको दुखदायी घटनाहरू नगरपालिकावासीले भोग्नु परेको छ । यसरी वातावरणीय असन्तुलनका कारण हुने प्राकृतिक प्रकोपका कारण ठूलो जनधनको क्षती समेत हुने गरेको छ । यस तितो यथार्थलाई मनन् गरी भू—क्षय र पहिरोको समस्याहरू र यसको कारण पहिल्याएर समाधानको लागि एक निकायलाई मात्र जिम्मेवार नठानी सम्बद्ध

सबै निकायहरूले समन्वय र साझेदारी गरेर भू–संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमलाई प्राथमिकताको साथ अगाडी बढाउनु आजको टड्कारो आवश्यकता देखिएको छ ।

## ७.९.१. विपद्को ऐतिहासिक विवरण

नगरपालिका भित्रका वार्डहरुमा बिगत बर्षहरुमा भएका प्रमुख बिपद्का घटना र यसबाट भएका क्षतिको ऐतिहासिक विवरणले नगरपालिकामा हुने संभावित बिपद्हरुको जानकारी प्राप्त हुनेछ । प्रस्तुत तालिकामा नगरपालिकामा विगत १० वर्षमा भएका प्रमुख बिपद्का घटना र यसबाट भएका क्षतिको विवरण दिएको छ ।

**तालिका ७-७: कृष्णपुर नगरपालिकामा विगत १० वर्षमा भएका प्रमुख बिपद्का घटना र क्षतिको विवरण**

| वडा | प्रकोपको प्रकार | मिती (इ.स.) | मृत्यु | | | घाइते | प्रभावित घरधुरी |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | | |
| वडा न. १ | जंगली जनावरको आतंक | १५/०८/२०२१ | ० | ० | ० | १ | १ |
| | आगलागी | १५/०४/२०१६ | ० | ० | ० | ० | १ |
| | | ०६/०५/२०१९ | ० | ० | ० | ० | १ |
| | | १९/१२/२०१९ | ० | ० | ० | ० | १ |
| | | ०६/०४/२०२० | ० | ० | ० | ० | १ |
| | | १४/११/२०२० | ० | ० | ० | ० | १ |
| | | ३०/०१/२०२१ | ० | ० | ० | ० | १ |
| | | ०७/०३/२०२१ | ० | ० | ० | ० | १ |
| | पहिरो | २९/०३/२०१६ | ० | ० | १ | २ | ० |
| वडा न. २ | आगलागी | २१/०८/२०१५ | ० | ० | ० | ० | १ |
| | | २२/०२/२०२१ | ० | ० | ० | ० | १ |
| | | २१/०३/२०२१ | ० | ० | ० | ० | १ |
| | | २६/०३/२०२१ | ० | ० | ० | ० | १ |
| | | ११/०४/२०२१ | ० | ० | ० | ० | १ |
| | अतिवृष्टी तथा वाढी | २७/०८/२०२१ | ० | ० | ० | ० | १ |
| | चट्याङ् | ०१/०५/२०१५ | ० | १ | १ | ० | ० |
| वडा न. ३ | आगलागी | ०९/०४/२०१६ | ० | ० | ० | ० | १ |
| | | २९/०३/२०२१ | ० | ० | ० | ० | १ |
| वडा न. ४ | आगलागी | २४/०५/२०१५ | ० | ० | ० | ० | ० |
| | | २८/१०/२०२० | ० | ० | ० | ० | १ |
| | | १३/०४/२०२१ | ० | ० | ० | ० | ० |
| | | २३/०७/२०२१ | ० | ० | ० | ० | १ |
